## प्रकाशनबारे जानकारीः

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६७ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै नेपाल प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिवार्य यस नेपाल प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइटः www. nepalpolice.gov.np र nepol.cd मा राखिँदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ ।

**- प्रहरी द्वैमासिक प्रकाशन**


**सम्पर्क**
**नेपाल प्रहरी प्रधान कार्यालय**
जनसम्पर्क शाखा, नक्साल काठमाडौं
फो नं.: ०१-५७१९८२८, एक्सटेन्सन : १९३
इमेल : phqprs@nepalpolice.gov.np/phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np


प्रहरी PRAHARI

कात्तिक-मंसिर, २०८२


ISSN 26616122
9 772661 612205


नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन


प्रकाशन आरम्भ : २०१६ जेठ
वर्ष ६७, अंक ४
कात्तिक-मंसिर २०८२









मे.अ.द.न. ६४/१५८

# प्रहरी

## द्वैमासिक प्रकाशन

वर्ष : ६७ अंक : ४ २०८२ कात्तिक-मंसिर

**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि.अबि नारायण काफ्ले

**सल्लाहकार**
प्र.व.उ. गोपाल चन्द्र भट्टराई

**प्रधान सम्पादक**
प्र.उ. हरिहर नाथ योगी

**सम्पादक**
प्र.ना.उ. मिन बहादुर कुँवर क्षेत्री
प्र.नि.रन्जु के.सी
प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**
प्रा.प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**
प्रा.प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**
एम. एस. प्रिन्टिङ्ग सोलुसन

**छपाइ प्राविधिक**
प्र.व.ना.नि. गोपाल ब.थापा
प्र.ह लक्ष्मी बोगटी
प्र.ज. चुडामणी भट्ट

**प्रकाशक**
**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**

## सम्पादकीय...

### लैङ्गिक हिंसा विरुद्धको अभियानमा नेपाल प्रहरी

महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भएकै आधारमा पेसा, अध्ययन, कार्यस्थल, परिवार, समाज वा कुनै पनि ठाउँमा हिंसा हुन्छ भने त्यो लैङ्गिक हिंसा हो । संयुक्त राष्ट्रसंघको महासभाले प्रत्येक वर्ष नोभेम्बर २५ तारिखलाई महिला हिंसा निर्मूल सम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रूपमा विश्वभर मनाउने निर्णय गरेबमोजिम नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर नै लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन हुने गरेको छ । हिंसा महिलामा मात्र हुन्छ भन्ने धारणामा शुरुवात भएको यो अभियान हाल सबै लिङ्ग वा वर्गमा हिंसा हुन सक्छ भन्ने सचेतनाका साथ सञ्चालन हुने गर्दछ। यस वर्ष नेपालमा पनि ३४औँ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान “प्रविधिको सही प्रयोग गरौं लैङ्गिक हिंसा अन्त्य गरौं” भन्ने राष्ट्रिय नाराका साथ मंसिर ९ गतेबाट मंसिर २४ गतेसम्म (नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म ) विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी सम्पन्न गरियो ।

गत वर्षहरूभै यस वर्ष नेपाल प्रहरीले पनि राष्ट्रिय नाराका साथै “लैङ्गिक हिंसा रहित प्रविधि, सुरक्षा र न्यायको विधि” भन्ने आफ्नो नाराका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गऱ्यो। नेपाल प्रहरीका स्थानीय तहदेखि केन्द्रीयस्तरमा विभिन्न प्रहरी कार्यालयहरूबाट बालविवाह, बहु विवाह, बोक्सीको आरोप, घरेलु

हिंसा, मानव बेचविखन, लैङ्गिक हिंसा आदि सम्बन्धमा सचेतनामूलक भिडियो देखाउने, नाटक प्रदर्शन गर्ने, जिङ्गल बजाउने, घरदैलो कार्यक्रम गर्ने, स्कुल, कलेज, महिला समूह र बाल क्लबहरूमा सचेतना कक्षा सञ्चालन गर्ने, पम्प्लेट वितरण गर्ने आदि कार्यक्रमहरू सञ्चालन भयो । नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयको तथ्याङ्क अनुसार यस अभियानमा नेपाल प्रहरीबाट दुई हजार सात सय २२ कार्यक्रम सञ्चालन भए भने यसबाट एक लाख २८ हजार दुई सय ५२ जना नागरिक लाभान्वित भएका छन् । यस अभियानकै अवसरमा नेपाल प्रहरीले आर्थिक वर्ष २०८१।०८२ को लैङ्गिक हिंसाको वार्षिक तथ्य पत्र सार्वजनिकीकरण गर्नुका साथै लैङ्गिक हिंसा न्यूनीकरणमा उल्लेखनीय भूमिका निर्वाह गर्नुहुने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत महिला प्रहरी कर्मचारीहरूलाई प्रशंसापत्र सहित नगद पुरस्कार प्रदान गऱ्यो । आ.व.२०८१/०८२ को श्रावणदेखि आषाढ मसान्तसम्मको लैङ्गिक हिसा सम्बन्धी तथ्याङ्क रहेको यस तथ्य पत्र अनुसार उक्त आ.व.मा देशै भरमा २१ हजार छ सय ६७ वटा लैङ्गिक हिंसा सम्बन्धी घटना भएका थिए ।

हाल नेपाल प्रहरीमा केन्द्रदेखि इलाका स्तरसम्म २३२ वटा महिला, बालबालिका तथा ज्येष्ठ नागिरक सेवा केन्द्रहरूको विस्तार गरिएको छ भने हाल २६१ वटा केन्द्रहरूबाट सेवा प्रवाह भइरहेको छ । त्यसैगरी दलित समुदाय विरुद्ध हुने विभिन्न विभेद र हिंसाका घटनाहरूलाई सम्बोधन गरी आवश्यक सहजीकरण गर्ने उद्देश्यले मिति २०७८।०९।२२ गतेबाट केन्द्रीय दलित समन्वय डेस्क स्थापना भई कार्य गर्दै आइरहरको छ । चौकीस्तर सम्मका प्रहरी एकाइहरूमा महिला सहायता कक्ष सम्बन्धी मापदण्ड, २०८१ तयार गरि मिति २०८१।१०।०७ गतेबाट जिल्ला स्तरदेखि चौकी स्तरसम्म जम्मा ४०८ स्थानमा महिला सहायता कक्ष पनि स्थापना भई सक्रिय रुपमा सेवा प्रवाह भइरहेको छ ।

यसरी नेपाल प्रहरीले सामाजिक अपराधको रुपमा रहेको लैङ्गिक हिंसाका घटना न्यूनीकरण एवं नियन्त्रण गर्न विशेष अभियानकै रुपमा जनचेतना जगाउने कार्य देशैभर गर्दै आइरहेको छ । यसका साथै लैङ्गिक हिंसाका अपराधमा कानुनी कारबाही गरी पीडितलाई न्याय दिलाउने कार्य पनि प्रहरीले प्रभावकारी रुपमा गरिरहेको छ । समाजमा जबसम्म कुनै किसिमका सामाजिक विभेद, अन्याय कायम रहन्छ तबसम्म शान्ति सुव्यवस्था अमन चयनलाई पनि प्रभावित पारिरहेको हुन्छ । तसर्थ नेपाल प्रहरीले समाजमा व्याप्त लैङ्गिक लगायत कुनै पनि खाले हिंसालाई नियन्त्रण र न्यूनीकरण गर्ने दिशामा नागरिकसँगको सहकार्य र समन्वयमा प्रभावकारी कदम चाल्ने तर्फ सदा अग्रसर रहनु पर्दछ ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ सुपरिवेक्षणात्मक अधिकारक्षेत्र | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | १ |
| ♦ अपराध नियन्त्रणका लागि प्रहरी......... | ✍ रत्नप्रसाद आचार्य | २३ |
| ♦ मृत शरीरबाट औँलाछाप उठाउने तरिका | ✍ प्र उ पुस्कर राज भट्ट | ३१ |
| ♦ साक्षीको गोपनीयता | ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय | ४२ |
| ♦ प्रहरी कार्यमा कृत्रिम बुद्धिमत्ताको......... | ✍ प्र नि मन्दिप चौहान | ४६ |
| ♦ "हामी लोकल" मानसिकता-सडक.......... | ✍ प्र व ना नि बिष्णु थापा | ६३ |
| ♦ सामाजिक सञ्जालले बदलिँदो पुस्ता | ✍ रबिन्द्र कलौनी | ९८ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ हेलो मुसी ! | ✍ युवराज नयाँघरे | ८ |
| ♦ मिथक साहित्य र लोकसंस्कृति | ✍ बद्री प्रसाद ढकाल | १४ |
| ♦ एउटा कुकुरको आत्मकथा | ✍ पूर्व प्र व उ बिक्रम गुरुङ | १७ |
| ♦ सहरको छाया | ✍ सरस्वती श्रेष्ठ 'सरु' | २७ |
| ♦ फुर्सत | ✍ डा गितु गैरे | २८ |
| ♦ महत्व | ✍ घनबहादुर थापा | ३९ |
| ♦ हवारहवाती आगो | ✍ डा छायादत्त न्यौपाने | ४० |
| ♦ आध्यात्मिक रुपान्तरणः आहार.......... | ✍ प्र व ना नि प्रेमराज मिश्र 'अभीष्ट' | ५२ |
| ♦ न्यायिक फैसला | ✍ बिन्दु अधिकारी ढकाल | ५९ |
| ♦ सुडानको खार्तुम सहर पुग्दा | ✍ श्रीहरि के सी | ६० |
| ♦ धमिलो पानी | ✍ गंगा खड्का | ६६ |
| ♦ सुखदुःखको साथी गीत | ✍ सीता कुमारी न्यौपाने धिताल | ६७ |
| ♦ शिवको दर्शन | ✍ ललिता 'दोषी' | ७२ |
| ♦ विकासमा वित्तीय शिक्षाको महत्व | ✍ सुदर्शन अधिकारी | ७३ |
| ♦ सोचाइ बदल्नु छ | ✍ देवकी के सी | ७७ |
| ♦ ती दिनका देउसीभैलो | ✍ रामप्रसाद धिताल | ८० |
| ♦ श्रमको सम्मान गर्ने संस्कारको खाँचो | ✍ रत्न प्रजापति | ८६ |

♦ उस्तै उस्तै ✍ यशु श्रेष्ठ ९३
♦ जर्जटाउनः मलेसियाको सांस्कृतिक ..... ✍ ईश्वर पोखरेल ९५
♦ महत्वाकाङ्क्षा ✍ गङ्गा कर्माचार्य पौडेल १०३
♦ हाम्रो घरः ट्रान्जिट प्वाइन्ट ! ✍ इन्द्रकुमार श्रेष्ठ १०८

## गीत / कविता /गजल

♦ निर्णय ✍ विनोद नेपाल १३
♦ गजल ✍ प्र स ह टिकाराम ढुलाल ३०
♦ मुक्तक ✍ राजेशमान के. सी ४१
♦ गीत ✍ श्यामकृष्ण डंगोल 'प्रतिक्षा' ५१
♦ बैंस र पैसा ✍ इन्दिरा चापागाई ७९
♦ गजल ✍ प्र ज मस्त पुन मगर ८५
♦ सीमापार ✍ मिथिलेश आदित्य ९२
♦ हामी नेपाल प्रहरी ✍ प्र ना नि डिल्ली प्रसाद तिमल्सीना ९४
♦ गजल ✍ विवेक ढुलाल क्षेत्री 'दमक' ९७
♦ मुक्तक ✍ कल्पना मरासिनी १०७

## स्थायी स्तम्भ

♦ इतिहासको पानाबाट १११
♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू संकलन : प्र व ना नि संगीता कार्की १११
♦ रसबस संकलन : प्र ज अभिन गुरुङ ११२
♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू संकलन : प्र व ना नि प्रमोद उपाध्याय पण्डित ११२

**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# सुपरिवेक्षणात्मक अधिकारक्षेत्र



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी°

## १. विषय प्रवेश

राज्य स्थापनाको उद्देश्य न्याय प्रदान गर्नु हो। न्याय प्रदान गर्ने जिम्मेवारी राज्यको तर्फबाट न्यायपालिकालाई सुम्पिएको हुन्छ। विवादको सुनुवाइ गरी न्याय सम्पादन गर्ने क्रममा विभिन्न किसिम र तहका न्यायिक निकायको व्यवस्था गरिएको हुन्छ। सामान्य अदालत बाहेक न्यायाधिकरणदेखि अर्ध न्यायिक निकायसम्मले न्याय सम्पादनको कार्य गर्दछन् । सामान्य अदालतको रूपमा उच्चतम् अदालतदेखि अर्ध न्यायिक निकायले संविधान र कानुनले प्रदान गरे बमोजिम क्षेत्राधिकार ग्रहण गरी न्याय सम्पादनको कार्य गरेका हुन्छन् । मुद्दाको गम्भीरता र प्रभाव समेतका आधारमा क्षेत्राधिकारको व्यवस्थापन गरिएको हुन्छ। सामान्यतः एक तह पुनरावेदन गर्न पाउने गरी कानुनमा व्यवस्था गरिएको हुन्छ । तथापि सबै विवादको सुनुवाइ सामान्य अदालतबाट मात्र हुने र अन्तिम तहको अदालतसम्म पुनरावेदन गर्न पाउने अवस्था सम्भव हुँदैन।

नेपालको संविधान, २०७२ ले तीन तहको अदालतको व्यवस्था गरेको छ । सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत हुने उल्लेख छ । सर्वोच्च अदालतलाई अभिलेख अदालतको रूपमा स्थापित गरेको छ। संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई छ । संविधानतः न्याय सम्पादनको मुख्य जिम्मेवारी सर्वोच्च अदालतमा निहित छ । यसो भन्दैमा सबै मुद्दाहरू सर्वोच्च अदालतमा सुनुवाइका लागि प्रवेश पाउँदैनन्। सबै मुद्दामा पुनरावेदन पनि लाग्न सक्दैन। तल्लो अदालतबाट सुनुवाइ भएका सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दा र सर्वोच्च अदालतबाट सुनुवाइ भई अन्तिम भएका मुद्दा मामिलामा सर्वोच्च अदालतले सिमित अवस्थामा मुद्दाको सुनुवाइ पुनः गर्न सक्दछ । क्षेत्राधिकार प्राप्त अदालतबाट मुद्दाको सुनुवाइ गरी अन्तिम भएको फैसला वा अन्तिम आदेश उपर उच्चतम् अदालतले निश्चित अवस्थामा

पुनः सुनुवाइ गर्न सक्ने अधिकारक्षेत्रलाई सुपरिवेक्षणात्मक अधिकारक्षेत्र भनिन्छ । यस अधिकारक्षेत्रभित्र मुद्दा दोहोऱ्याई हेर्ने र पुनरावलोकन गर्ने अधिकारक्षेत्र पर्दछन् । सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेर्न र पुनरावलोकन गर्न परेका निवेदनमा कानुनमा तोकिए बमोजिम पुनः सुनुवाइ गर्न पर्ने अवस्था देखिएमा मुद्दा दोहोऱ्याई हेर्ने र पुनरावलोकन गर्ने गरी आदेश गरिन्छ । यो क्षेत्राधिकार नियम नभई अपवाद हो । यसमा मुद्दा दोहोऱ्याई पाउँको निवेदन र पुनरावलोकनको निवेदन मार्फत सो निवेदनमा सुनुवाइ गरी पुनः मुद्दाको सुनुवाइ (Re-open) गर्न पर्ने तोकिएका आधार स्पष्ट देखिनु पर्दछ । त्यस्तो अवस्थामा पुनः सुनुवाइ गरी निर्णय गर्न सक्दछ ।

२. **सुपरिवेक्षणात्मक अधिकारक्षेत्र**

सर्वोच्च अदालतले फैसला वा अन्तिम आदेश भई पुनरावेदन नलाग्ने वा थप सुनुवाइको व्यवस्था नभई अन्तिम भएका मुद्दा उपर पुनः सुनुवाइ गर्न सक्ने सुपरिवेक्षणात्मक अधिकारक्षेत्र अन्तर्गत यी निवेदनको सुनुवाइ गर्दछ । सुपरिवेक्षणात्मक अधिकारक्षेत्र भित्र मुद्दा दोहोऱ्याई हेर्ने र पुनरावलोकन गर्ने अधिकारक्षेत्र पर्दछन् । सर्वोच्च अदालतमा अन्तिम भएका मुद्दा उपर पुनः सुनुवाइका लागि मुद्दा दोहोऱ्याई हेर्न र पुनरावलोकन गर्न कानुनी आधार देखाई निवेदन दिन सकिन्छ । सो निवेदनमा सुनुवाइ गर्दा कानुनमा तोकिए बमोजिम पुनः सुनुवाइ गर्न पर्ने अवस्था देखिएमा मुद्दा दोहोऱ्याई हेर्ने र पुनरावलोकन गर्ने गरी सर्वोच्च अदालतले आदेश गर्न सक्दछ । Supervisory jurisdiction अन्तर्गत दोहोऱ्याई हेर्दा वा पुनरावलोकन गर्दा ऐनमा तोकिएको सीमित आधारमा मात्र हेर्नुपर्ने हुन्छ ।[१] यसरी आदेश भएमा सो मुद्दाको स्वरूप प्राप्त गर्दछ । त्यसमा सर्वोच्च अदालतले सबै प्रक्रिया पूरा गरी पुनः सुनुवाइ गर्दछ । सुपरिवेक्षणात्मक अधिकार क्षेत्र अन्तर्गत पुनरावलोकन र दोहोऱ्याई पाउने निवेदनको सुनुवाइ गरिन्छ । यी निवेदन हाम्रो संवैधानिक र कानूनी व्यवस्था अनुसार सर्वोच्च अदालतमा मात्र दिन सकिन्छ । सुपरिवेक्षणात्मक अधिकारक्षेत्र अन्तर्गत पर्ने पुनरावलोकन र दोहोऱ्याई पाउने निवेदनको क्षेत्राधिकारका बारेमा यहाँ चर्चा गरिएको छ ।

२.१ **पुनरावलोकनको क्षेत्राधिकार**

पुनरावलोकन आफूले गरेको कार्य पुनः हेरी गल्ती सुधार गर्ने वा परिमार्जन गर्ने कार्य हो ।[२] हालको कानूनी व्यवस्था

[०]सहन्यायाधिवक्ता, एलएल. एम., (फौजदारी कानुन र संवैधानिक कानुन), महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

१.किशोरी महतो सुडी वि. रामसरोवर देवी समेत, नेकाप २०६४, अंक ५, नि.नं. ७८४३ ।

२. https://articlesonlaw.wordpress.com/2018/04/14/

अनुसार पुनरावलोकन मार्फत पुनः मुद्दा वा रिट निवेदनको सुनुवाइ गर्ने अधिकारक्षेत्र सर्वोच्च अदालतलाई मात्र रहेको छ । पुनरावलोकन सर्वोच्च अदालतबाट फैसला वा अन्तिम आदेश भएका मुद्दा वा रिट निवेदन उपर सुनुवाइ गर्ने अधिकारक्षेत्र हो। पुनरावलोकन भनेको सम्भावित मानवीय गल्ती भएको छ कि भनी आफ्नो फैसला एक पटक Limited Ground मा आफैले हेर्ने व्यवस्था हो। यो एकै विवादलाई एकै अदालतबाट पटक पटक हेरिनु हुँदैन भन्ने प्राङन्यायको सिद्धान्त विपरीत रहेको मानिन्छ । तर सुपरिवेक्षणात्मक अधिकारक्षेत्र अन्तर्गत निश्चित अवस्थामा सर्वोच्च अदालतले अपवादको रूपमा आफ्नो फैसला वा अन्तिम आदेश उपर पुनरावलोकन गर्न सक्दछ । Miscarriage of Justice नहोस् भन्ने उद्देश्यका लागि आफैले गरेको फैसला वा अन्तिम आदेश उपर पुनरावलोकन गरिन्छ।

सर्वोच्च अदालतले आफ्नो फैसला वा आदेश कानुनद्वारा तोकिएको शर्त र अवस्थामा पुनः परीक्षण गर्दछ । पुनरावलोकन मार्फत पुनः मुद्दाको सुनुवाइ गर्ने अधिकारक्षेत्र सर्वोच्च अदालतलाई मात्र रहेको छ। कुनै अदालतबाट मुद्दाको सुनुवाइ गरी भएको फैसला वा अन्तिम आदेश उपर पुनः सोही अदालतबाट सुनुवाइ गर्न सकिदैन। तर सुपरिवेक्षणात्मक अधिकारक्षेत्र अन्तर्गत निश्चित अवस्थामा सर्वोच्च अदालतले अपवादको रूपमा आफ्नो फैसला वा अन्तिम आदेश उपर पुनरावलोकन गर्न सक्दछ । नेपालको संविधान, २०७२ को धारा १३३ को उपधारा (४) मा सर्वोच्च अदालतलाई संघीय कानुनमा व्यवस्था भए बमोजिम मुद्दा दोहोऱ्याउने, आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुने व्यवस्था गरिएको छ । पुनरावलोकनका सम्बन्धमा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ मा गरिएको व्यवस्था देहाय बमोजिम रहेको छ :

(१) कुनै अदालतबाट फैसला वा अन्तिम आदेश गरिसकेको मुद्दा सोही अदालतबाट पुनरावलोकन गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतले देहायको अवस्थामा आफ्नो फैसला वा अन्तिम आदेश पुनरावलोकन गर्न सक्नेछः

(**क**)मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दाको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा, वा

(**ख**) सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानुनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा।

(३) देहायको अवस्थामा सर्वोच्च अदालतले

आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने छैनः

(**क**) एक पटक त्यस्तो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिसकेको,

(**ख**) बृहत् पूर्ण इजलासबाट फैसला वा अन्तिम आदेश भएको,

(**ग**) संवैधानिक इजलासबाट निर्णय भएको,

(**घ**) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानुन बमोजिम मुद्दा दोहोऱ्याई फैसला भएको, वा

(**ङ**) दफा १२ बमोजिम दोहोऱ्याई हेरिएको मुद्दामा उच्च अदालतको इन्साफ सदर भएको दोहोऱ्याई वा हेर्ने निस्सा नभएको।

(४) पुनरावलोकनको लागि निवेदन दिँदा सर्वोच्च अदालतका न्यायाधीशले फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी प्रमाणित गरेको मितिले साठी दिन भित्र दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम परेको निवेदन उपर पहिला फैसला गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशबाट अनुमति प्रदान गर्ने वा नगर्ने आदेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम अनुमति प्रदान गरिएमा पहिला फैसला गर्ने न्यायाधीश र अनुमति प्रदान गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशको इजलासबाट त्यस्तो निवेदन उपर सुनुवाई गर्नु पर्नेछ।

पुनरावलोकनको लागि निवेदन दिँदा सर्वोच्च अदालतका न्यायाधीशले फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी प्रमाणित गरेको मितिले साठी दिन भित्र दिनु पर्दछ। पुनरावलोकनका लागि निवेदन परेमा त्यस्तो निवेदन उपर सुनुवाइ गर्दा पहिला फैसला गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशबाट सुनुवाइ गरिन्छ। न्यायिक पुनरावलोकनको निवेदनको सुनुवाइ कम्तीमा तीन जना न्यायाधीश रहेको पूर्ण इजलासबाट गरिन्छ। यसरी सुनुवाइ गर्दा पुनरावलोकनको अनुमति प्रदान गर्ने वा नगर्ने आदेश गर्नु पर्दछ। न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को अवस्था देखिएमा कानुनी आधार उल्लेख गरी पुनरावलोकनको अनुमति प्रदान गर्दछ। पुनरावलोकनको अनुमति प्रदान गरिएमा पहिला फैसला गर्ने न्यायाधीश र अनुमति प्रदान गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशको इजलासबाट त्यस्तो निवेदन उपर सुनुवाइ गर्नु पर्दछ। पुनरावलोकनको अनुमति प्राप्त भएमा सो मुद्दा वा रिट निवेदनको पुनः सुनुवाइ गरी फैसला वा अन्तिम आदेश गरिन्छ।

### २.२ दोहोऱ्याई पाउँको क्षेत्राधिकार

मुद्दा दोहोऱ्याई हेर्ने अधिकारक्षेत्र हालको कानुनी व्यवस्था अनुसार सर्वोच्च अदालतको अधिकारक्षेत्रको रूपमा मात्र रहेको छ। यस अधिकारक्षेत्रबाट उच्च अदालतबाट पुनरावेदन सुनी अन्तिम भएको मुद्दा पुनः हेर्नु, पुनरावेदनको बाटो बन्द भइसकेका मुद्दा निश्चित शर्तभित्र रही हेर्नु, दोहोऱ्याउनु हो। उच्च अदालतबाट

पुनरावेदन सुनी सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने अवस्थाका मुद्दाहरूमा मात्र मुद्दा दोहोऱ्याई हेर्न सकिन्छ। उच्च अदालतबाट फैसला भएका बाहेक अन्य न्यायिक निकायबाट भएका फैसला उपर दोहोऱ्याई हेर्ने निवेदन दिन सकिँदैन । त्यसकारण यो निवेदन दिन उच्च अदालतबाट पुनरावेदन सुनी फैसला भएको र उच्च अदालतबाट भएका फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने दुई वटा अवस्था भएको हुनु पर्दछ।

यो पक्षको शर्तयुक्त अधिकार हो। यो अधिकारक्षेत्र सर्वोच्च अदालतको Supervisory Jurisdiction का रूपमा रहेको छ। यस अन्तर्गत तल्लो तहको फैसला दोहोऱ्याई जाँच गरिन्छ । निवेदनको सुनुवाइ गर्दा समग्र मुद्दाको तथ्य भित्र प्रवेश गरिँदैन। दोहोऱ्याउने निवेदनमा पुनरावेदनको निस्सा पाउनका लागि कानुनमा तोकिए अनुसारका स्पष्ट आधार र कारण आवश्यक पर्दछ । पुनरावेदन नलाग्ने गरी अन्तिम भएका मुद्दा पुनः दोहोऱ्याई हेर्नु पर्नाका आवश्यकताहरू देहाय बमोजिम रहेका छन् :

- ♦ मातहत अदालतको इन्साफ जाँच गर्न,
- ♦ कानुनको व्याख्यामा एकरूपता (Uniformity in interpretation) ल्याउन,
- ♦ निर्णय स्थिरताको सिद्धान्तलाई अवलम्बन गर्न,
- ♦ न्यायिक अराजकता हुन नदिन,
- ♦ Miscarriage of Justice बाट जोगाउन,
- ♦ उच्च अदालतबाट अन्तिम भएका र सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाको सुपरिवेक्षण गर्न आदि ।

भारतमा मुद्दा दोहोऱ्याउने क्षेत्राधिकार फौजदारी मुद्दामा उच्च अदालत र सेसन अदालत समेतले प्रयोग गर्दछन् । देवानी मुद्दामा उच्च अदालत र जिल्ला अदालतले प्रयोग गर्दछन् । फौजदारी कार्यविधि संहिता, १९०८ को दफा ३९७ देखि ४०५ सम्म र देवानी कार्यविधि संहिता, १९०८ को दफा ११५ मा मुद्दा दोहोऱ्याउने क्षेत्राधिकारका बारेमा उल्लेख गरिएको छ।

नेपालमा दोहोऱ्याई पाउँको निवेदन सर्वोच्च अदालतको संयुक्त इजलासबाट सुनुवाइ गरिन्छ । मुद्दा दोहोऱ्याई हेर्न नपर्ने अवस्थामा निवेदन खारेज गर्न कुनै आधार कारण दिई रहनु पर्दैन। मुद्दा दोहोऱ्याई हेर्ने आदेश गर्नु पर्ने अवस्थामा मात्र आधार कारण आवश्यक हुन्छ । दोहोऱ्याई हेर्ने आदेश भएमा सो मुद्दाको बाँकी सुनुवाइ यस्तो आदेश गर्ने न्यायाधीश र पहिला उच्च अदालतमा फैसला गर्ने न्यायाधीश बाहेकको अन्य न्यायाधीशको इजलासबाट गरिन्छ ।

न्याय प्रशासन ऐन, २०७३ को दफा १२ मा सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतले देहायका अवस्थामा दोहोऱ्याई हेर्न सक्ने व्यवस्था छ :

(**क**) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानुनी त्रुटि भएको छ

(**ख**) सर्वोच्च अदालतबाट स्थापित कानुनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,

(**ग**) सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

(**घ**) बालक, महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर गरेको । तर देहायका अवस्थामा मुद्दा दोहोऱ्याई हेरिँदैन :-

(**क**) सर्वोच्च अदालतबाट एक पटक दोहोऱ्याई हेरिसकेको,

(**ख**) दफा ८ को उपदफा (३) को खण्ड (**ख**) बमोजिम उच्च अदालतबाट पुनरावेदन सुनी निर्णय भएको ।

उच्च अदालतबाट मुद्दा फैसला भएको थाहा पाएको मितिले पैंतालीस दिनभित्र मुद्दा दोहोऱ्याई हेर्नको लागि निवेदन दिनु पर्दछ । सो निवेदन उपर सर्वोच्च अदालतको संयुक्त इजलासबाट सुनुवाइ गरिन्छ । सुनुवाइ गर्दा सो निवेदनमा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को खण्ड (क) देखि (घ) सम्मको अवस्था विद्यमान रहे वा नरहेको विषयमा हेर्दछ । ती खण्डको कुनै एकको अवस्था देखिएमा पुनः सुनुवाइ गर्ने गरी अनुमति दिन्छ ।

यसरी अनुमति प्रदान गरेको अवस्थामा त्यो मुद्दा पुनरावेदन सरह दर्ता हुन्छ र सोही बमोजिम सुनुवाइ हुन्छ ।

यसैगरी सर्वोच्च अदालतमा पुनरावेदन र दोहोऱ्याउने निवेदन नलाग्ने अवस्थामा विशेष कानुनमा गरिएको व्यवस्था बमोजिम सर्वोच्च अदालतमा पुनरावेदनको अनुमतिका लागि निवेदन दिन सकिने कानुनी व्यवस्था गरिएको छ । यो निवेदन मुद्दा दोहोऱ्याउने निवेदन प्रकृतिकै देखिन्छ । हाल राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ र प्रशासकीय अदालत ऐन, २०७६ को दफा १६ मा यस सम्बन्धी कानुनी व्यवस्था गरिएको पाइन्छ । ती कानुनी व्यवस्था बमोजिम सर्वोच्च अदालतमा पुनरावेदनको अनुमति पाउन पक्षले निवेदन गरेमा सर्वोच्च अदालतको संयुक्त इजलासबाट ती निवेदन

उपर सुनुवाइ गरिन्छ। यसरी सुनुवाइ गर्दा पुनरावेदनको अनुमति प्रदान गर्ने आदेश भएमा पुनरावेदनपत्रको रूपमा मुद्दा दर्ता गरिन्छ। राजस्व न्यायाधिकरण र प्रशासकीय अदालतबाट भएका फैसला उपर पुनरावेदन नलाग्ने हुँदा अनुमतिको निवेदन मार्फत सर्वोच्च अदालतले सुपरिवेक्षणात्मक अधिकारक्षेत्र ग्रहण गर्दछ।

३. दोहोऱ्याई पाउँ र पुनरावलोकन बीचको भिन्नता


सर्वोच्च अदालतले सुपरिवेक्षणात्मक क्षेत्राधिकार अन्तर्गत सुनुवाइ गर्ने यी दुई प्रकृतिका निवेदन बीचका भिन्नता देहाय बमोजिम रहेका छन् :

| सि.नं. | पुनरावलोकन | दोहोऱ्याई पाउँ |
|---|---|---|
| १ | यो प्राङ्न्यायको सिद्धान्तको अपवाद हो | यो मुद्दालाई अनन्तकालसम्म राख्नु हुँदैन भन्ने मान्यताको अपवाद हो |
| २ | सर्वोच्च अदातलबाट भएको फैसला वा अन्तिम आदेश उपर निवेदन दिन सकिन्छ | सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने उच्च अदालतबाट भएका फैसला उपर निवेदन दिन सकिन्छ |
| ३ | न्याय प्रशासन ऐन, २०७३ को दफा ११ (२) मा उल्लेखित अवस्था हुनु पर्दछ | न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) मा उल्लेखित अवस्था हुनु पर्दछ |
| ४ | यस निवेदनको सुनुवाइ पूर्ण इजलासबाट गरिन्छ | यस निवेदनको सुनुवाइ संयुक्त इजलासबाट गरिन्छ |
| ५ | रिट निवेदन वा मुद्दा दुवैमा यो निवेदन दिन सकिन्छ | मुद्दामा मात्र दिन सकिन्छ (तर सर्वोच्च अदालतले उच्च अदालतबाट रिट निवेदनमा गरेको अन्तिम आदेश उपर यो निवेदन लिने आदेश गरेको छ) |
| ६ | बृहत् पूर्ण इजलास वा संवैधानिक इजलासबाट सुनवाइ भएका फैसला वा अन्तिम आदेश उपर पुनरावलोकनको निवेदन दिन सकिँदैन | एक पटक दोहोऱ्याइ हेरिसकेको र दफा ८ (३) (ख) बमोजिम उच्च अदालतले पुनरावेदन सुनेको मुद्दामा दोहोऱ्याइ पाउँको निवेदन दिन सकिँदैन |
| ७ | साठी दिन भित्र निवेदन दिनु पर्दछ | पैतालीस दिन भित्र निवेदन दिनु पर्दछ |

♦♦♦

निायात्रा

# हेलो मुसी !



✍ युवराज नयाँघरे

साँझमा टेकिएको छोडियो बिहानै !

हो, यस्तै भयो । मुसीकोट टेक्दा झमक्कै साँझ परेथ्यो । साता दिन बसेर यो पहाड छोड्दा एकाबिहानै थियो । दुक्कले एउटै पारामा मुसीकोट हेर्न पाइनँ मैले ।

कुदाकुद, हतार, फटाफटले नै मुसीकोटसँग चिनाजानी भयो । भेट भएको मिठो र रमरम स्वाद हृदयभरि छचल्किरहेको छ यतिबेला ।

सातादिनको मुसीकोट घुमाई छिपछिपे भयो । तर त्यो छिपछिपे मेरा मनमा पत्रे-चित्र भएर बसेको छ ।

भैरहवाबाट बेगिएको हाम्रो ज्यान दाङ, सल्यान भएर रूकुम पुगेथ्यो । खौलाबाट रूकुम पसिँदो रहेछ । बाटामा खाराको पखेरा र फाँट झुल्किएथ्यो । दाङ र सल्यानभन्दा रूकुम निकै भरिलोसँगै हरियोपरियो लाग्यो मलाई त ।

दिनभरि जतासुकै बरालिए पनि रातिको टुङ्गो हाम्रा लागि सोलाबाङ हुन्थ्यो । साथीहरू त्यै भएर भन्थे- 'अड्डासार गरौँ न । कति एउटै ठाउँमा जरोकिलो गाड्नु !'

छङ्छडी खोलोको गाना-बजानामा परेली जोड्न पाएकोमा गद्गद् थिएँ म त । साथीका गनगनहरू भने थामिएनन् ।

तर हाम्रो बसाइ अन्त सरेन । सबैलाई पूर्ण वलीले एकै ठाउँमा थान्को मान्को लाएथे ।

बाह्र वर्ष जति रूकुमको नाम उत्कर्षमा पुग्यो । दुई हजार बाउन्न पछिका बाह्र वर्षमा रूकुमले खप्नु चोट खप्यो । मार्ने, मर्नेको सूची बढेको बढेकै भयो छिन-छिनमा । ताक्ने र ताकिनेहरूको सङ्ख्या अथाह भयो रूकुममा ।

द्वन्द्वका घाउ, पीप, छरछरी आला रगतले लतपतिएका रूकुमको धर्तीमा हामी पुग्दा केही खाटा बसेको देखिन्थ्यो । तर पीडा कहनेहरूको कमी थिएन ।

द्वन्द्वमा रूँदारूँदा थाकेका आँखामा नयाँ संसारको सपना बौरिइसकेको थिएन । सपना देखाउनेहरूको कटाक्ष र सुसेली यी पखेरामा थियो उस्ताको उस्तै ।

सोलाबाङको फाँटिलो संसार

थियो । बजारको चहलपहल र हुलमुल देखिन्थ्यो । वरपरदेखिका मानिसहरू किनमेल र खरिदमा ओइरिएका देखिन्थे ।

'हिँड्नु पो पर्छ त !'

कमलले सन्काए ।

'ढिलो किन गर्ने त ?'

नयनले सही थापे ।

त्यही जोसलाई छातीमा हुल्न अरू तन्नेरीहरूसँग मै नि तातेँ । त्यसपछि एकबिहान हामी मुसीकोटतिर लाग्यौँ । बिहानै थियो । वरपरका डाँडामा उज्यालो राम्रोसँग ओर्लिसकेको नि थिएन ।

**मंसिरको पहिलो साता**, २०७५

सोलाबाङमा गीत सुनाइरहने सानी भेरी पनि बिउँझिसकेकी थिइन । त्यसको गर्जनालाई बिहानैको हावा, कुइरो र उज्यालो पातलो मुस्कानले थामथुम पार्न खोजिरहेथे । अनि हामी उकालियौँ ।

दक्षिण-पश्चिममा रमाइलो बस्ती थियो । बाक्लो वन र टाँडे घर फाट्टफुट्ट देखिन्थे । घरका धुरीबाट अकासिन्थे धुँवाका खिरिला धागाहरू ।

स्याँठ र शरीरको तातोको राम्रै कुस्ती भएछ । अघि खापेका लुगा अब भारी हुन थाले । मैले ज्याकेट खोलेर कम्मरमा बाँधेँ ।

बोरा गाउँ पुग्दा उज्यालियो दिन ।

बाटाभरि घुम्ती र कुइनेटा कति हो कति ! वरिपरि डाँडैडाँडा देखिन्थे । वन र बाटाहरूको रूप एकनासले सजिएथ्यो ।

मुसीकोट डाँडामा साथीहरूले चिया नखाई नलम्किने अड्डी कसे । अनि हामीले चुलो बाल्न लगायौँ छाप्रे पसलकी बूढी आमैलाई ।

'सबै डिग्रेमा छन् । पानी बोक्ने मान्छे नि छैनन् ।'

बूढीले चिया उमालिउन्जेलमा सबै लागिसकेछन् उकालोतिर लुइँलुइँ । मैले सबैको चिया ठूलो जगमा हाली तनतनी पिएँ ।

सय रूपियाँ थमाएर भनेँ- 'हिसाब अहिले नगर्नु । पछि डिग्रेबाट फिरेपछि गरौँला ।'

उनी हाँसिन् । त्यो हाँसोले शक्ति भर्दै लम्केँ म ।

निकै लम्केपछि चापा पुगेथेँ म । साथीहरू पसिनाले लतपतिएर कान, कन्चट र निधार पुछपाछ गर्नमा व्यग्र देखिन्थे । तिनका शरीरमा बाटोले पो पसिना छङ्छङाएछ ।

गफगाफको तालमा हामी शीतलपोखरी पुग्यौँ । डिग्रे मेला जानेहरूको भिडभाड बेपत्तै थियो । बोका बोकेर जानेहरूको दोहोरीलत्ता थियो । त्यस्तै बोकालाई बलि दिएर फर्कनेहरू ताँती नि बेपत्तै थियो ।

बाट-बाटमा गर्धन गिँडेर रगतपच्छे बोका पछाडि तुर्लुङ्ग्याएर

हुँइकिएका भटभटे खुबै भेटिए। भटभटेमा साना केटाकेटीहरू र तिनकी आमा बसेका हुन्थे। मेरा मनमा कुरा फत्किरहेका हुन्थे- 'यी भुराले कति चाँडै काटमारको संसारसँग गाँसिनु पऱ्यो नि बरा!'

वारिपट्टिका थुम्काबाट पारिको मुसीकोट झल्याक झुलुक देखिन्थ्यो। शीतलपोखरीबाट नै खलंगा बजार र रूकुमकोट जाने बाटो छुट्टिने रहेछ।

वलीले यही दोबाटोमा उभिएर भनेथे- 'अब शत्रु र मित्रु हुने दोभान यहीँ हो।'

'किन नि ?'

मैले खसखस पोखेँ।

रूकुमको पुरानो सदरमुकाम रूकुमकोट रहेछ। त्यो पूरै पूर्वी रूकुमकोटमा पर्दो रहेछ। २०३० सालमा रूकुमकोटको त्यो अधिकार यता ल्याइएछ मुसीकोटमा। त्यै बेलादेखि रूकुममा एकखालको चिसो, उदासी र खल्लो नाता जोडिएछ पूर्वी र पश्चिमी रूकुमबीच।

पूर्णले हामीलाई फेरि मुसीकोट डाँडातिरै झारे।

'मेरो घुमाउने र डुलाउने काम हो। मेरा डाँडापाखा आफ्नै तालमा हिँडेर हुन्छ त ?'

उनले खप्की लाए हाम्रो हुललाई।

तेर्पे उकाली चढेर माथि थाप्लाको टार पुगेपछि अद्भूत रूपमा देखियो- खलंगा। उज्यालो घाममा पारिको सौन्दर्य हाम्रा आँखामा साउती मार्न आएकोआएकै गर्न थाले निरन्तर।

शहर र गाउँको लुकामारीमा लम्किरहेको देखिन्थ्यो खलंगा। अनेक टावर, भवन, बाटा र पखेराले खलंगाको रूप सम्पन्न लाग्यो।

'त्यो डिग्रे।'

मैले पूर्णसँगै आँखा डोऱ्याएँ।

'त्यो सल्ले विमानस्थल।'

वलीसँगै म नि तन्किएँ।

'ऊ रावलवारा।'

मैले कुर्कुच्चा टेकेर पारि हेरेँ।

'मठ।'

पूर्णले चिनाए।

'सेरीगाउँ।'

वलीसँग टासिएरै चिनेँ मैले खलंगाको त्यो गुजमुजे ठाउँ। उनले पिपलनेटा, वराटाकुरा, ढिकिच्याउँ नि देखाए।

यो खलंगा- इतिहासको एउटा पराजयको कथाले बाँचेको पहाड हो। यो मुसीकोट-समयको एउटा विजयको उन्मादले थिग्रिएको चुली हो।

मुसीकोट डाँडाबाट पारिको खलंगा हेरिरहेथेँ म। देशका प्रमुख प्रशासकीय भवन, विद्यालय, क्याम्पस, दूरसंचार, रेडियो, सेवा र प्रहरीका कार्यालयहरू औँलाइरहेछन् वली। उनका आँखामा द्वन्द्वले लछार

पछार पारेको उकुसमुकुस छ । उनी केही चिनाउँछन् । केही चिनाउन मन गर्दैनन् । उनले नचिनाएका घर, मानिस र संस्थालाई हाम्रा आँखाले खोतलखातल पार्छन् । पटक-पटक पारिरहन्छन् ।

चोटलाई फूलले छोपछाप पारे पनि मौकामा त्यो आर्तनाद भएर पोखिन्छ ।

मैले खलंगा हेरिरहँदा चलचित्रका पाना जस्ता आँखामा आएको सम्झिरहेँ...सम्झिरहेँ...। ढुकढुकीसँग सुस्तरी बोलेर ती घाइते समयका पाना पल्टाइरहेँ ।

मुसीकोट डाँडामा पुरानो दरबार रहेछ । सेनाले कुनै बेला संरक्षण गरे पनि पछि-पछि त्यसको हेरविचार गर्ने जिम्मा सरकारले लिएको रहेछ ।

तिलकबहादुर मल्ल डाकिएछन् कतिखेर-कतिखेर । उनी यो फूलबारी, मन्दिर र डाँडाको हेरविचार गर्न कर्मचारी रैछन् ।

मुसीकोटतिर फर्केर बसेका थियौँ हामी । मल्लले भट्याए- 'विक्रम सम्वत् १८४३ मा राजकुमार बहादुर शाहले जाजरकोट र सल्यान जिते । गोर्खाली फौजसँग मुसीकोटका राजा मानबहादुर शाहीको केही दैया चलेन । उनी पनि मारिए । अनि काठमाडौँको राजकाज चल्न थाल्यो मुसीकोटमा नि ।'

'मुसीकोटका राजाको पुरानो दरबार कुप्रीकोटमा थियो । राजाको बँदेल ३ पटकसम्म भाग्दै यो माथिल्लो डाँडाको ढुङ्गे ओडारमा आएछ । राजाकी सेविका थिइन्- मुसी भँडारनी । मुसीले खोज्दै आइछन्- बँदेल । तीन पटक नै एउटै ओडारमा देख्दा उनले अनौठो मानिछन् । मुसीले वरपर सबै हेरिछन् । यो डाँडाबाट पर-परसम्मको सानी भेरी देखिछन् । वरपरका राम्रा टार, फाँट र पखेरा उनलाई मन परेछ । अलिक परको जाजरकोटसम्म देखिँदो रहेछ यहीँबाट ।'

मल्लले इतिहास बखाने ।

'त्यसपछि मुसीले त्यो ठाउँको चित्त खोलेर बयान गरेपछि राजाले आफ्ना भारदार पठाई ठाउँको अध्ययन गराएछन् । त्यो ठाउँ साँच्चै नै दरबार बसाउन लायक देखियो । अनि कुप्रीकोटबाट यहाँ बस्यो दरबार र राजधानी ।'

मल्लसँग इतिहास सकिएको रहेनछ । 'दरबार मुसीकोटमा सरिसके पछि राजा प्रसन्न भए । राजाले मुसीलाई सोधेछन्, तँलाई के बक्सिस दिऊँ ? भन्, के दिऊँ ? के माग्छेस्, माग् । मुसीले पनि आफूलाई केही नचाहिने बिन्ती निरन्तर गरिछ । तर राजाले आफ्नो अडान पनि त्यागेनछन् ।'

'सरकार मलाई धन सम्पत्ति केही चाहिन्न । सरकारबाट दिने हो भने सबैले मेरो नाम हरेक दिन जप्ने इज्जत बक्सियोस् । यो कोटको नाम मेरै नामबाट

रहोस् । राजाले पनि खुसी भएर मुसीको माग सुनेछन् । त्यै बेलादेखि यो ठाउँको नाम मुसीकोट रहेको रे ।'

मल्लले खलंगाको चारै कुना औंल्याएर कथा सुनाए ।

ओहो, कति गजबको कथा ! ओहो, मस्तको किंम्वदन्ती !! ओहो, निकै आनन्दको जनश्रुति !!!

मैले मनमनै मुसीलाई खोजेर मुसीको मिहिनेतलाई हृदय खन्याएँ ।

अर्को कथा पूर्णबहादुर बूढाले सुनाएथे- 'कुप्रीकोटका राजाको बँदेल भाग्दै-भाग्दै यो कोटमा पुग्दो रहेछ । मुसीले सालका पात टिप्न जाँदा पटक-पटक बँदेल त्यहीँ बसेको देखिछ । यो डाँडामा के रहेछ भनेर मुसीले हेरिछ । उसले यहाँ देवीको बास भएको र दरबार बनाउन योग्य ठाउँ पत्तो पाइछ । त्यो ज्ञान राजालाई बाँडिछ । राजाले खुसी भएर उसकै नामबाट मुसीकोट नाउँ भएको हो नि ।' बूढा र मल्लको कुरामा ठूलो अन्तर थिएन ।

खलंगाको वरपर पाने खोला, मुग्लु खोला, सानी भेरी र घ्यू खोला थिए । यिनै नदी वरपर रूकुमको गहकिलो जीवन संसार फुलिरहेथ्यो, फक्रिरहेथ्यो र फलिरहेथ्यो । त्यसो त रूकुमसँग अनगिन्ती ताल छन्, कुनाकन्दरा छन् र पखेरा छन् ।

कोटडाँडामै बँदेल गुफा, मन्दिर र बँदेलका मूर्ति थिए । फूलैफूलको मगमगले कोटडाँडा निकै लोभ लाग्दो देखिन्थ्यो ।

छाना मुन्तिर ठूलो र ढ्याब्रे अनुहारको मूर्ति थियो । बुलाकी, राती गेडी, ढुङ्ग्री, कम्पनी माला लगाएकी ती ठूलआँखे रूपसी मुसी थिइन् ।

'यी छेत्रीनी होलिन् !'

'यी मगर्नी हुन सक्छिन् !'

तिलक र मेरो अनुमान कुनै टुङ्गोमा पुग्न सकेन ।

मैले मुसी भँडार्नीसँग कुम जोरेर फोटो खिचेँ । यो फोटोले इतिहास, शासन, नागरिक र सत्ताको पत्रे-कथा बताउने आशा मैले गरेँ । यो तस्विरमा कला, नारी र प्रतिबद्धताको सूचना भेटिने रहर मैले गरेँ । यो फोटोमा रूकुम, पश्चिम नेपाल र मुसीकोटे सभ्यताको श्रृङ्खलाले खोजी गर्ने इच्छा पोखेँ । दिनको एक पटक जस्तो हामी खलंगा पुग्थ्यौँ ।

सेरीगाउँ, खलंगा, भीरबादी, पिपलनेटा, बाघखोर, मठ, सल्ले र डिग्रे वरपर पटक-पटक पुग्यौँ । बिहान सेरीगाउँ र दिउँसो बाघखोर, साँझ सल्ले र बिहान स्याँला पुग्थ्यौँ हामी ।

रूकुमसँग लडाइँका थुप्रै आला घाउ र गाडिएका चोट छन् । चालीस जनाले द्वन्द्वको डढेलोमा पिल्सिनु परेछ ।

पूर्ण बूढाले मलाई खुसुक्क भनेथे- 'यो वादी र त्यो वादी सबै भए । सबैभन्दा बढ्ता त मर्नेवादी भए रूकुममा ।'

घरघरै हतियार बर्सियो । घरघरै मानिसका आँसुले पोखरी भरियो । घरघरै वेदनाले मान्छेसँग नाता गाँस्यो । तिनै आहालमा परेर मुसीकोटका साँझ र बिहानहरू बितेथे । हरेक आँगनमा रूवाबासीले मुन्टो उठाइरहेथ्यो मुसीकोटमा।

एक दिन हामी घुम्दै सल्ले पुगेथ्यौं । त्यहाँ द्वन्द्वमा मारिने सूची पढ्न पुग्यौं । एउटा ठूलै खम्बाका चारै पाटामा ४० जनाका नाम ठेगाना लेखिएथे । ती अक्षरमा देशकै छटपटी, उकुसमुकुस र अकाल मृत्युको कहालीलाग्दो श्रृङ्खला सुन्न पाइन्थ्यो ।

घामको मिठो पहार तापिरहँदा मनलाल वलीले गाएथे-

'क्या चरीले खोरै लायो लेख हुँइती हुँइती
भेट भए बारमासै होइजा नहो कँइती कँइती ।'

रूकुम छोडिरहँदा मैले यही गीत गुनगुनाइरहें बारम्बार ।

मुसी, बाह्रै मास भेटौं है अब । हृदयको सेल्फीले मुसीको आँखामा म पौडिरहेको छु... पौडिरहेको छु... । ♦

कविता

# निर्णय

✍ **विनोद नेपाल**



हराएँ आफैलाई
र खोजिहेरें एकदिन
व्यस्त चौबाटोमा,
रोकिएँ गल्छेंडोमा
सुस्ताएँ अलिबेर
र चियाएँ आफैलाई,

बिर्सिएँ आफैलाई
र फेरि चिमोटें, व्युँझाएँ
र सम्झें अलिबेरमा,

मुसारें नाक
पाएँ दुरुस्त आफ्नै,
मिचें आँखाहरू
उनै, उस्तै

खाल्डाबाट चियाइरहेका टुलुटुलु
र
चिमोटें जब गाला
चाल पाएँ
उमेर नेटो काट्ने यात्रामा छ
र
समय दौडिरहेछ पछ्याउनै नसक्ने गरी ।

त्यसै क्षण समाएँ कान
लिएँ एउटा निर्णय,
भो अब उत्रन्न कुनै प्रतिस्पर्धामा
बाँच्छु एउटा स्वतन्त्र जीवन,
बाँच्छु आफ्नै जीवन ।

# मिथक साहित्य र लोकसंस्कृति



✍ **बद्रीप्रसाद ढकाल**

मिथक र साहित्यको सम्बन्ध एक अर्कामा सम्बन्धित छन् । साहित्यमा मिथकलाई अभिव्यक्त गर्न सकिन्छ । मिथकीय घटनावस्तुलाई प्रस्तुत गर्न सकिन्छ । मिथक साहित्यको पर्यायका रूपमा मानिन्छ । रिचर्ड चेजले मिथक नै साहित्य हो भनेका छन् । उनका अनुसार साहित्यका शुद्ध रूप मिथकात्मक हुन्छ । वैदिक साहित्य यसको ज्वलन्त उदाहरण हो । पाश्चात्य साहित्यमा होमरद्वारा रचित ओडिसी र इलियड, दाँतेको डिभाइन कमेडी, मिल्टनको प्याराडाइज लस्ट, शेलेको प्रोमिथस सबै मिथक हुन, मिथक साहित्य हुन् । पूर्वीय साहित्यमा व्यासद्वारा रचित महाभारत, वाल्मिकीकृत रामायण, कालीदासको कुमारसम्भव आदि मिथक साहित्य नै हुन् ।

मिथकलाई आधार बनाएर लेखिएका साहित्य कालजयी हुन्छन् । पूर्व र पश्चिम दुवैतर्फका साहित्यमा मिथकलाई स्रोत बनाएर रचना गरिएका छन् । पूर्वमा होस् या पश्चिममा साहित्यलाई सुन्दर प्रभावशाली र कलात्मक बनाउन मिथकलाई विषय बनाइन्छ । भाषा प्रयोगका दृष्टिले मिथक र साहित्य नजिक मान्छिन् त्यसैले मिथक र साहित्यमा अभेद्य सम्बन्ध छन् । मिथक र साहित्यमा वस्तु र भावको प्रकटीकरण हुन्छ । सत्य र कल्पनाको माध्यमबाट दुवै प्रकृतिको अनुकरण गर्दछन् । पाश्चात्य साहित्यमा मिल्टन, रोली, किट्स, इलियट र नेपाली साहित्यमा सोमनाथ सिग्द्याल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, विश्वेश्वरप्रसाद कोइराला, कमलमणि दिक्षित, राजेश्वर देवकोटा, बालकृष्ण सम, भवानी भिक्षु आदिका रचनामा मिथकीय कथानक पाइन्छ ।

मिथकको प्रयोगले आधुनिक साहित्यमा नवीन शिल्प थपेको छ । मिथकीय संस्कृतिलाई आत्मसात् गर्दै सार्वभौम सत्यलाई प्रकट गर्ने परम्पराले साहित्यमा मिथक अझै महत्त्वपूर्ण बन्दै गएको छ । साहित्यमा मिथकको प्रयोग जस्ताको तस्तै नभएर पुनःव्याख्या र नवीन शैलीद्वारा युगीनसन्दर्भ र परिवेशको चयन गर्दै साहित्यिक अर्थ र प्रभावलाई सशक्त

पार्ने काम भएको छ । वास्तवमै मिथक साहित्य र कलाको विश्लेषणमा महत्त्वपूर्ण बनेको छ । साहित्यमा मिथकको प्रयोग एक विशिष्ट कलाका रूपमा आएकाले यो एक प्रकारको प्राचीन ज्ञान, चिन्तन र जीवनकै मार्गदर्शक बन्दै आइरहेको छ ।

साहित्यमा कला मानिए जस्तै मिथकलाई कलाको सृष्टि वा आरम्भ विन्दु मान्न सकिन्छ । सिर्जनामा प्रयोग भएको चित्रात्मक भाषा विम्ब प्रतीक मिथककै स्वरूप हुन् जसले साहित्यमा वस्तु सत्य र भाव सत्यलाई प्रष्ट्याउँछ । साहित्यलाई प्रकृति र मानव जीवन जगत्को अनुकरणका रूपमा लिइन्छ भने मिथक आदिम मानव सृष्टि सभ्यतासँगै प्रकृतिको मानवीकरणका रूपमा बुझ्न सकिन्छ ।

मिथक र साहित्यमा तत्त्वगत तथा रूपगत समानता रहेकाले मिथकीय साहित्य वर्तमान समय र अवस्थामा अझै महत्त्वपूर्ण बन्दै आएको छ । मिथकीय साहित्यमा प्रस्तुत गरिएका विषय, पात्र र परिवेशले मानव सभ्यताको विकासको इतिहासको विम्ब प्रस्तुत गर्दछ त्यसैले साहित्यमा मिथकको प्रयोगद्वारा पूर्वजहरूका जीवनशैलीका साथै सामाजिक संरचना, रितिस्थिति परम्परा, चालचलन, संस्कार, धर्म, संस्कृति र भाषाका बारेमा स्पष्ट ज्ञान प्रष्ट गर्न सकिन्छ । यति धेरै कुरा हुँदाहुँदै पनि साहित्य र मिथक दुई छुट्टै विषय हुन् । मिथक नै साहित्य वा साहित्य नै मिथक चाहिँ होइन । यी दुई एक अर्काका पर्याय हुन्, आधारभूमि हुन् । यो चाहिँ भन्न सकिन्छ कि दुवैको उत्पत्ति, आरम्भ वा प्रारम्भ प्राकृतिक स्रोत हो । मिथकमा भएका भावात्मक, काल्पनिक, प्रतीकात्मक, चित्रात्मक, विम्बात्मक तथा रहस्यहरू साहित्यका निकटवर्ती आधारशीला हुन् जसको पृष्ठभूमिमा टेकेर अब्बल साहित्य रचना गर्न सकिन्छ ।

साहित्यमा मिथकको प्रयोगद्वारा युगीन सन्दर्भ र परिवेशको नवीन अर्थ खोज्न सकिन्छ । युग र परिस्थितिगत सोच वा चिन्तनको नवीन अर्थ खोज्दै प्राचीन मानवीय शक्ति ज्ञानलाई व्याख्या गर्न सकिन्छ जसको माध्यमबाट सामाजिक रूपान्तरणको जग निर्माण हुन्छ । मिथकीय सन्दर्भलाई युगानुकूल बनाउन वर्तमान परिवेशसँग सामजस्य राखिन्छ, त्यसैले साहित्यमा मिथक सोझो रूपमा नआई पात्र र परिवेशका माध्यमबाट प्रस्तुत भएका हुन्छन् । परम्परागत मान्यतालाई नवीन युगीन परिवेशमा ढाल्नु नै साहित्यमा मिथकले आफ्नो स्थान निर्धारण गर्नु हो ।

संस्कृति समाजमै प्रचलित हुन्छ । मिथकमा सामाजिक रितिस्थिति, परम्पराको वर्णन पाइन्छ त्यसैले मिथकमा

वर्णित भिन्न परिवेशका कार्यहरू लोकसंस्कार हुन् । मिथक र समाजको आस्था तथा विश्वासका प्रचलित व्यवहारले लोकसंस्कृतिको निर्माण गर्दछ। भौगोलिक वा जातीय परिवेशअनुसारका देवी देवताका प्रार्थना अनुष्ठान तथा कार्यहरू प्राचीन कालदेखि निरन्तर चलिआएका छन् । प्राचीन समाजको धर्म, विधि, नैतिकता र सामाजिक प्रचलनका बारेमा मिथकले वर्णन गर्दछ । मिथकले सामाजिक विश्वास, क्रिया, अनुष्ठान र नैतिकआचरणलाई निरन्तरता दिने कार्य गर्दछ जसले गर्दा लोकसंस्कार तथा लोकसंस्कृतिको निर्माण गर्दछन् । मिथकीय वृत्त, सांस्कृतिक मान्यतालाई मिथकले व्यवस्थित गरी अगाडि बढाउँछ।

मिथकमा सांस्कृतिक सत्यतथ्यको उद्घाटन गरिएको हुन्छ । जसको वर्णनमा लोकसाहित्यको निर्माण हुन्छ । लोकसाहित्य परम्परित रहने हुनाले प्राचीन तथ्यको वर्णन मिथकमा पाइन्छ । मिथकमा सांस्कृतिक सत्य उद्घाटित हुन्छ। त्यो सत्यलाई लोकसाहित्यले लेख्य बनाउँछ र लोकपरम्परा लगाडि बढ्छ । मिथकका माध्यमबाट संस्कृतिअन्तर्गतको सामाजिक अवस्थाहरूको खोजी गर्न सकिन्छ त्यसैले साहित्यमा मिथक अतीत र वर्तमानको सामाजिक पक्षलाई उद्भाषित हुन्छ । समयको परिवेशसँगै सामाजिक आर्थिक अवस्थामा पनि परिवर्तन घटित हुन्छ । लोकसमाजमा घटेका ऐतिहासिक विकास प्रक्रियालाई कथ्य रूपमा ग्रहण गर्दै लोकपरम्परालाई अगाडि बढाउने कार्य मिथकका माध्यमबाट भएकाले मिथक र लोकसंस्कृति तथा लोक साहित्यको भूमिका रहेको छ। मिथकमा कुनै निश्चित परिवेशमा घटेका घटना, जीवनको भोगाई अनुभूति, आस्था र विश्वासलाई समेटिएको हुन्छ जुन लोकपरम्परा बन्छ, लोकसंस्कृति बन्छ त्यसैले सामाजिक विकासमा मिथक र लोकसंस्कृतिको परिपूरक सम्बन्ध रहन्छ ।

मिथक र लोक साहित्य दुवैको प्रारम्भ लोककल्पनाबाट भएको हो । केही सत्यतथ्यको कथात्मक प्रस्तुति मिथक र लोकसाहित्यमा दुवैमा रहन्छ । जसरी मिथक आदिम मानवको अभिव्यक्ति हो । लोकसाहित्यमा परम्परागत रूपमा रहेका प्राचीन दर्शनका आश्चर्य, चमत्कार, जादू आदिका बारेमा मिथकीय आख्यान हुन्छन् । वैदिक पौराणिक आधारभूमिमा मिथक र लोकसाहित्य बन्दछन् भने लेख्य तथा श्रुति परम्परागत रूपमा चलिरहन्छन् । लोककथा, लोकगाथा, लोककाव्य वा कुनै पनि लोकसाहित्यको मूल नै मिथक हो । मिथकको सत्य लोकसँग सम्बन्धित हुन्छ ।

◆◆◆

# एउटा कुकुरको आत्मकथा



✍ पूर्व प्र.व.उ. बिक्रम गुरुङ

म प्रहरीको वफादार खोजी कुकुर हुँ । आज म सेवाबाट सेवानिवृत्त हुँदैछु । सेवानिवृत्त भएपछि कता जाने चिन्तामा छु ? त्यसपछि मैले के खाने ? के गर्ने सोच्न सकिरहेको छैन ।

उमेरले गर्दा अब मेरो प्रहरी विभागमा कुनै काम छैन । म जहाँ जान्छु त्यहाँका कुकुरहरूले मलाई बस्न दिने छैनन् होला । मानिसहरूले नराम्रोसँग पिट्ने छन् । बिना कारण कुकुरहरू बिच झगडा हुनु जन्मजात स्वभाव हो । तर यो बाध्यता कसैले बुझ्दैनन् ।

"होइन साथी, त्यस्तो होइन । हाम्रो कुकुर समुदायमा पनि चेतना आएको छ । सहयोगको भावना बढेको छ ।" अर्को कुकुरले मलाई सान्त्वना दियो ।

मैले भनें "मसँग प्रहरी विभागमा मेरा दुई जना भाइहरू पनि छन् । हामी तीनैजना आज रिटायर हुनेछौं । कसैले अचम्म मानेर भन्न सक्छ, एकै दिनमा ! यसमा अचम्म मान्नु पर्ने के छ र ? हाम्रो समुदायले पाँच वा छ वटासम्म जुम्ल्याहा सन्तानको जन्म दिन्छन् । त्यसपछि परिवार नियोजनको कुनै डर रहँदैन । अभिभावकले हुर्काउने जिम्मेवारी पूरा गर्नु पर्दैन । जो भाग्यशाली छन् उनीहरूलाई मानिसहरूले हेरचाह गर्छन् र बाँकी टोल छिमेकमा घुम्दै, बदमासी गर्दै हिँड्छन् । उनीहरूसँग सबै डराउँछन् । आफ्नो क्षेत्रको नेता बन्छन् ।"

मेरो साथीले भन्यो "मानिसलाई नराम्रो लाग्नेछ । उनीहरूको बारेमा यस्तो नभन, साथी ।"

मैले भने "मानिसहरूले हाम्रो जस्तै गुणहरू अपनाएका छन् अनि किन नराम्रो लाग्छ ? यदि कसैले लोभ्यायो भने, उसैको गीतहरू गाउन थाल्छन्, अर्थात् कुकुरले जस्तै पुच्छर हल्लाउँदै हिँड्छन् । यति मात्र होइन, केही मानिसहरू कुकुरको जस्तै मृत्यु भोग्न थालेका छन् । आजकल तिमी हामीजस्तै वफादार बनेर हामी जस्तै मर्ने तर हामीजस्तै अन्तिमसम्म पुच्छर हल्लाउन नछोड्ने धेरै जना मानिस भेट्नेछौ ।"

मलाई लाग्यो कि म अलि धेरै बोलिरहेको छु... म मौन भएँ । कार्यक्रमको समय भएको थियो । म त्यता गएँ, जहाँ मेरो

बिदाइ समारोह हुनेछ। मेरो बिदाइ कार्यक्रम पूरा परम्परा अनुसार भयो । सबैले मेरो घाँटीमा माला लगाई दिए।

भव्य घरको अगाडि एउटा फराकिलो दुबो रोपिएको चौर थियो, चौरमा हरियो दुबो, चारैतिर रंगीन फूलका बिरूवाहरू, गेटमा मोटो सुरक्षा गार्ड-सायद हातमा खैनी मोलिरहेको थियो । जीप गेट नजिकै रोकियो। हवल्दार साहब तल ओर्लिएर सुरक्षा गार्डको नजिक गए । केही कुरा गरेर फर्किए । मैले देखेँ कि सुरक्षा गार्डले आफ्नो मालिकलाई खबर पुऱ्याएको छ। उसलाई देख्नेबित्तिकै प्रहरी हवल्दारले अभिवादन गऱ्यो।

घरको मालिकले मलाई हेरेर भन्यो, "यसलाई आज नै ल्याएको ? राम्रो गऱ्यौ । त्यहाँ बाँधीदेउ ।" उसले आफ्नो औंलाले ठाउँ संकेत गऱ्यो र भित्र पस्यो। प्रहरी हवल्दारले पनि मलाई बाँधेर फर्किन थाल्यो। उसले एकपल्ट फर्केर मलाई हेऱ्यो र भन्यो, "तँ भाग्यमानी छस्, राम्रो मालिक कहाँ आएको छस्। वफादार भइरह्यो भने सुख पाउँछस्, नत्र खानाको लागि सडकमा भौतारिनु पर्ला।"

मैले प्रहरी हवल्दारलाई जाँदै गरेको हेरिरहेँ । मेरो आँखाबाट आँसु झऱ्यो । मैले ऊसँग आठ वर्ष बिताएको थिएँ । अहिले छुट्टिनु परेको छ । प्रहरी विभागसँगको सम्बन्ध समाप्त हुँदैछ।

मेरो नयाँ मालिकको नाम गोपाल बहादुर हो। उनको ठुलो व्यापार छ जस्तो लाग्छ। घरमा धेरै नोकरहरू छन् । नोकरहरू पनि विशेष र सामान्य किसिमका छन्। विशेषहरूको काम पनि विशेष छ। कसको काम के हो कसैलाई भनिदैन।

यहाँ पहिले देखि नै दुईवटा कुकुरहरू छन्, तर तिनीहरू मेरो कुल र नश्लका होइनन् । एउटा 'पामेलियन' र अर्को 'डबर म्यान' । उनीहरू लामो समयदेखि सँगै थिए, त्यसैले उनीहरू साथी हुन्। हुन त, कुकुरहरू बीच कहिल्यै मित्रता हुँदैन। उनीहरूले पार्टी फेर्न एक क्षण पनि लगाउँदैनन्। तर म नयाँ सदस्य र अर्को नश्लको 'अल्सेशियन' थिएँ। त्यही भएर उनीहरूलाई म फुटेको आँखाले पनि मन परिन । मैले उनीहरूसँग मिल्न धेरै कोसिस गरे तर उनीहरूले आफ्नो हैसियत छोडेनन्। एक दिन उनीहरूले मेरो नराम्ररी मर्मत गरे। त्यसपछि मैले पनि राजनीतिक खेल खेलेँ । मैले एकजनालाई आफूतिर ताने। अब त्यहाँ बहुमत मेरो थियो।

एक दिन आठ-दश जना सुन्दर युवतीहरू त्यहाँ आए। सबैजना बेरोजगार थिए। सायद जागिरको खोजीमा आएका थिए । त्यहाँ जागिरका लागि अन्तर्वार्ता लिन गोपाल बहादुर आफै र उनका दुईजना विशेष व्यक्ति थिए। सबैलाई भित्र बोलाएर काम विदेशमा भएको बताइयो । सबैलाई

आकर्षक तलब र निःशुल्क आवासको जानकारी गराइएको थियो। सोचेभन्दा बढी तलब सुनेर युवतीहरू खुसी भएका थिए। सबैले नोकरीको अग्रिम तलब पनि पाएर सम्झौतामा हस्ताक्षर गरी आ-आफ्नो घर फर्किए ।

आज तोकिएको मितिमा सबै युवतीहरू फेरि आए। उनीहरूलाई बसमा राखेर लगियो । तर कहाँ ? एयरपोर्ट ? ...... कुनै अन्य सहरमा। अर्को सुविधायुक्त घरमा राखियो । उनीहरूलाई विदेश जाने मितिसम्म यहीँ बस्न भनिएको थियो । उनीहरूले पर्खिरहे तर त्यो भाग्यशाली मिति कहिल्यै आएन। उनीहरू ठगिएका थिए। उनीहरू यो गिरोहको चंगुलमा नराम्ररी फसेका थिए। यो गिरोहको नेता अरू कोही थिएन मेरो मालिक थियो। गिरोहको काम अश्लिल फिल्म बनाएर विदेश पठाएर पैसा असुल्ने थियो।

थाहा छैन कसरी ? उनीहरूको चंगुलबाट नम्रता नामकी युवती भाग्न सफल भएकी थिइन् । उनी आफ्नो गाउँ फर्किइन्। प्रहरीलाई सबै कुरा सुनाइन्। यो घटना पत्रपत्रिकाबाट बाहिर आयो। त्यसपछि प्रहरीले उक्त स्थानमा छापा मारेको थियो। युवतीहरू बरामद भएको सुनियो, आर्थिक लेनदेनको बलमा अनुसन्धान प्रतिवेदनको विषयवस्तुमा परिवर्तन ल्यायो । मेरो मालिक जोगियो।

यता, सहरकी समाजसेवी अनुराधादेवी र महिला संरक्षण मञ्चले प्रहरी र गोपालबहादुर विरूद्ध आवाज उठाएका थिए । उनीहरूले बजार बन्द गराए, नारा लगाए, धर्नामा बसे। यो घटना प्रशासनका लागि टाउको दुखाइ बनेको थियो । न्यायिक छानबिन गठन गरियो, त्यसपछि अनुराधादेवीले हडताल समाप्त गरिन् तर अनुसन्धान प्रक्रियामा भने उनले नजर राखिरहिन्।

सरकारी काम सरकारी गतिमा अघि बढ्यो । महिनौं बितिसक्यो तर छानबिन प्रतिवेदन आएको थिएन । घटनामा सम्बन्धमा जनताले बिर्सन थाले। हाम्रो समाजको मानसिकता यस्तै बनेको छ। घटनालाई बिर्सेर सबै आफ्नो काममा व्यस्त हुन थाले।

सधैंझैं बिहानै नागरिक दैनिक पत्रिका आयो। मुख्य शिर्षक थियो "नगर समाजसेविका अनुराधादेवीको निर्मम हत्या। जङ्गलबाट निर्वस्त्र शव भेटियो।" समाचार पढेपछि सहरमा शोक छायो। सबै बजार बन्द भए। हत्यारालाई पक्राउ गर्न जोडदार माग उठेको थियो। यो समस्याबाट छुटकारा पाउन प्रहरीले उनीहरू मध्ये एक जनालाई समातेर कारबाही गरेको देखाएको थियो । नागरिकहरू शान्त भए । दोस्रो दिनदेखि सबै आ-आफ्नो काममा व्यस्त भए। मेरो मन अथाह दुःखले व्याकुल भयो। आफ्नो

मालिकलाई घृणा गरैं । मेरो मनले मलाई धिक्कार्‍यो र भन्यो 'तेरो काम अपराधीलाई पक्रने थियो, तर आज अपराधीलाई बचाई रहेछस् ?'

मेरो मनले भन्यो 'अब म यहाँ एक दिन पनि बस्ने छैन, म यस्तो ठाउँमा जान्छु जहाँ सभ्यता, मानवता र नैतिकता होस् तर यी सबै कहाँ भेट्ने ?' मनले फेरि भन्यो 'सायद गाउँमा जहाँ निर्दोष किसानले मेहनत गरेर खान्छन् । उनीहरूबीच आत्मीयता हुन्छ । भाइचारा हुन्छ । त्यहाँ अरूको सम्मान हुन्छ र त्यहाँ मानवता हुन्छ ।'

शरीर साङ्लाले बाँधिएको छ र स्वतन्त्र मन घृणाले भरिएको थियो । त्यसैले म अब मेरो मालिकको नुन खान चाहन्न । मानिसहरू जसको नुन खाएका हुन्छन् उनीहरूको नुनको सोझो गर्न सक्दैनन् । तर म नुनको सोझो स्वार्थी र वफादार हुन चाहन्न । एक दिन मैले मौका पाएँ । म भागैं, सहरका भाइहरूले मलाई खेद्न थाले । पछ्याउन थाले । मैले आफ्नो सबै शक्ति प्रयोग गरैं र तिव्र गतिमा दौडिन थालैं । डरले गति झन् बढेको थियो । दौडिदै सहर बाहिर निस्किएँ । मैले पछाडि फर्केर हेरैं, तिनीहरू अझै पनि मलाई लखेटिरहेका थिए । संख्या पनि बढेको थियो । बाटोमा जो जो आए, थपिदै थिए । मेरो अवस्था खलनायक गुण्डाले खेदेको फिल्मी नायिकाको जस्तो अवस्था भएको थियो । हिरोइनले इज्जत बचाउन दौडै जस्तै म ज्यान जोगाउन दौडिरहेको थिएँ । फिल्ममा नायक नायिकालाई मद्दत गर्ने देखिन्छन्, तर मेरो लागि कोही आएनन् । गाउँको सिमाना आयो । सहरको सीमा समाप्त भएको थियो । सहरका कुकुरहरू आफ्नो सीमामा रोकिए । मैले फर्केर हेरैं तिनीहरू फर्किरहेका थिए । मेरो मुटुलाई राहत मिल्यो । म लामो लामो स्वास फेरिरहेको थिएँ । जाडोको दिन भए पनि मलाई धेरै पसिना आएको थियो । आराम गर्न एउटा रूखमुनि पल्टिएँ ।

एक किसानले हलो खोलेर ल्याए । गोरूलाई एक तर्फ बाँधेर पानीले हात धोएर रूखमा झुण्डिएको खाना ल्याई खान बसे । खाना खाँदै गर्दा उसको नजर म माथि पर्‍यो । मलाई ध्यान दिएर हेर्‍यो । म उनको लागि अपरिचित थिएँ । उसले गाउँका अधिकांश कुकुरहरूलाई चिन्छ । सबै स्थानीय जातका हुन् । म तिनीहरूभन्दा फरक छु-अग्लो, पातलो र खैरो । थाहा छैन उसको मनमा के आयो, उसले रोटीको एउटा टुक्रा मतर्फ फ्याँकिदियो । मलाई नराम्रो लाग्यो । मैले यस्तो खाना कहिल्यै खाएको थिइन । मेरो पेटमा मुसा उफ्रिरहेको थियो, तर पनि पल्टिरहैं । खाना खाइसके पछि किसान मेरो नजिक आयो । मलाई बोलायो । रोटीको टुक्रालाई मेरो नजिक धकेली दियो । माया गरे जस्तो देखिन्थ्यो । मलाई राम्रो लाग्यो । मैले त्यो टुक्रा खाएँ ।

त्यो मायाको एक टुक्राले मेरो पेटको भोक मेटाउन नसके पनि यसले मलाई मद्दत गऱ्यो। म भावुक भएँ। त्यसपछि किसानको भक्त बनेँ ।

म मेरो नयाँ मालिकको घरमा बस्न थाले। गाउँका कुकुरहरू घर अगाडि जम्मा हुन्थे । तर मेरो सुरक्षा कडा थियो । त्यसैले उनीहरू टाढा उभिएर मलाई हेरिरहन्थे। क्रोधित देखिन्थे, रिसाएर खुट्टाले माटो खोस्रेर “मर्दको बच्चा होस् भने यता आइजा ।” भने जस्तो लाग्दथ्यो । न म त्यता गएँ न त उनीहरू यता आए । हामीहरू बिच चिनजान नै भएन। म खुसी थिएँ, अब नयाँ स्वामीको घरको सुरक्षाको भार ममाथि आएको थियो ।

रातको १० बजेको थियो होला । धेरैजसो गाउँलेहरू सुतिसकेका थिए तर म सुतेको थिइन। त्यसैबेला गाउँकै एकजना मानिसले छिमेकीको ढोका ढकढकाएको देखेँ । ऊ सँगै गाउँको मुखिया पनि थिए, रक्सीले मातेर लडखडाउँदै हिँडिरहेको थियो। त्यो घरको छिमेकी विधवा थिइन्। परिवारमा उनको अर्को छोरी थिइन् - सुन्दर र जवान।

महिलाले ढोका खोलिन्, अगाडि गाउँकै हर्के उभिरहेको थियो । उसलाई देख्ने बित्तिकै पक्कै केही अनिष्ट कुरा हो भनेर बुझिन् । हर्के गाउँको चरित्रहीन व्यक्ति हो भन्ने सबैलाई थाहा थियो । गाउँका छोरी चेलीहरूमाथि नराम्रो नजर राख्छ । ऊ पटकपटक जेल पनि परेको थियो । अहिले ऊ निर्लज्ज भइसकेको छ। गाउँका सबै उसँग डराउँछन्। उसलाई कसैले मन पराउँदैनन्। गाउँको मुखियाले भन्यो, “कोपिला, छोरीलाई धन्दामा लगाएकी छेस् ?”

कोपिला डरले काँपिन् । उनले भनिन्, “मुखिया साहेब, के भन्दै हुनुहुन्छ ? छोरीलाई त्यस्तो गर्न लगाउँछु ? राम राम राम।”

“यदि तैंले छोरीलाई यस्तो गराउँदैनस् भने, तँ आफैले गरेकी होलिस्।” मातेको मुखियाले भन्यो।

“छैन मुखिया साहेब, म किन यस्तो नराम्रो काम गर्छु ? पापको कमाइले पेट भर्छु र ? अझै मेरा हात खुट्टामा बल छ । म कसम पनि खान्छु ।” कोपिलाले काँप्दै भनिन्।

“हो, तँ पनि अझै भर्खर कै देखिन्छेस्। तर हामीले तेरो छोरीको बारेमा गाउँमा हल्ला सुनेका छौं। त्यसैले ऊ कहाँ छे ? बाहिर निकाल् ।” मुखियाले उसलाई रिस देखाएर, डराउन चाहेको थियो।

“होइन मुखिया साहेब मेरी छोरी गंगाजस्तै पवित्र छ। उसले त्यस्तो काम गर्दैन। तपाईंले उसलाई लैजान सक्नुहुन्न। कोपिला कोठाको ढोकामा उभिइन्।

मुखियाले भन्यो, “हर्के जा,

केटीलाई भित्रबाट तानेर ले ।"

हर्केले कोपिलालाई धकेल्यो, उनी भुइँमा लडिन् । कोठामा छिरेर यताउता हेऱ्यो, शकुन्तला भेटिएन । घरको चारै कुनामा खोज्यो तर फेला परेन । कोपिलाको मुटु तिब्र गतिमा धड्किरहेको थियो । मनमनै भगवानलाई पुकारिन् ।

त्यसबेला मलाई मान्छे पनि पशु बन्दो रहेछ भन्ने लाग्यो । पशुले जस्तै आमा, दिदी बहिनीको सम्बन्ध बिर्सदो रहेछन् । त्यतिबेला शकुन्तला कतै लुकी सकेकी थिइन् । तर कहाँ ? कसैलाई थाहा थिएन । हर्केलाई घर आउँदै गरेको देखेर शकुन्तलाले खतरा महसुस गरेकी थिइन । त्यसैले मौका पाएर घरबाट बाहिर निस्किन् । शकुन्तला मसँगै मालिकको खाली खाटमुनि लुकेकी थिइन । हर्के यता आयो भने उसको शरीरको एक-एक इन्च टोक्ने थिएँ, हर्केलाई देखेर म पनि भुक्न थालेँ । त्यसैले ऊ म भएको तर्फ आएन तर मेरो आवाज सुनेर गाउँका कुकुरहरू आए । उनीहरूले हर्केलाई चिने र फर्किए ।

हर्केले धेरै खोज्यो तर शकुन्तला फेला परिन । टोलका केही मानिसहरू पनि ब्यूझिएका थिए । उनीहरूले नियालेर हेरे, हर्केलाई देखे । शकुन्तलालाई खोजिरहेका थिए तर उनीहरूलाई सहयोग गर्न कोही अगाडि आएनन् । दुवै निराश भए, तर कामवासनाको आगो यथावतै थियो । के गर्थे ? त्यसैले कोपिलालाई भए पनि लिएर गए ।

भोलिपल्ट बिहान, कोपिला फर्किइन् । रूँदा रूँदा आँखा सुन्निएको थियो । भित्रैबाट टुटिसकेकी थिइन । आफ्नो बलिदान दिएर छोरी बचाएकोमा सन्तुष्ट छिन्, तर कहिलेसम्म ? हर्के अझै मरेको छैन, फेरि आउनेछ । हुन सक्छ अर्को पटक शकुन्तला उसको चंगुलमा फस्न सक्छे । त्यही भएर आमा छोरीले गाउँ छाडे । उनीहरू कहाँ गए ? कसैलाई थाहा भएन ।

गाउँको परिवेश पनि सहरको जस्तै रहेछ भन्ने बुझेँ । सहर र गाउँमा फरक यति मात्र हो कि सहरका जनताले आन्दोलन गर्छन, न्याय माग्छन् । गाउँका मानिसहरू भेडाको बथान जस्ता रहेछन् । ब्वाँसोले एक एक गरी भेडालाई आफ्नो कब्जामा लिइरहेको छ, भेडाको झुण्ड मौन छ । बथानका हरेक भेडाले आफ्नो जीवन सुरक्षित छ भनी सोचिरहेका छन् । तर यही मूर्खताले गर्दा सबैले आफ्नो ज्यान गुमाउँछन् । गाउँका मानिसहरूमा सामूहिकताको भावना र आत्मीयताको कमी छ भन्ने मैले बुझेँ । खरायोको भेषमा ब्वाँसाहरू निडर भएर आफ्नो शिकार गरिरहेका छन् । हरेक दिन कसै न कसैले कोपिला वा शकुन्तला जस्तै नियती भोग्नु परिरहेको छ ।

♦♦♦

# अपराध नियन्त्रणका लागि प्रहरी संगठनलाई मजबुत बनाऔँ



✍ **रत्नप्रसाद आचार्य**

नेपालमा पछिल्लो समय देखा परेका हिंसात्मक आन्दोलन, सार्वजनिक सम्पत्तिमा आक्रमण र राज्यका सुरक्षाकर्मीमाथि भएको निर्दयी व्यवहारले देशको कानुनी शासन, न्यायिक संरचना र सुरक्षा व्यवस्था माथि नै प्रश्न चिन्ह खडा गरेको छ । जेनजी आन्दोलनका नाममा भएको ताजा घटनाक्रम त्यसको प्रमुख उदाहरण हो । जेनजी आन्दोलनको क्रममा देशका विभिन्न स्थानमा प्रहरी कार्यालय जलाइएका छन्, प्रहरीको बर्दी खोसिएको छ, हतियार लुटिएका छन् र प्रहरीलाई कुटपिट गरी हत्या गर्नेसम्मका घटनाले सबैलाई स्तब्ध बनाएको छ । यो केवल एउटा राजनीतिक आन्दोलन वा असन्तुष्टिको विस्फोट होइन–यो देशको कानुनी शासन र शान्ति सुरक्षा प्रणालीमाथिको प्रत्यक्ष आक्रमण हो। यस्तो घटनाले प्रहरी मात्र होइन, समग्र देशको कानुन, न्याय र नागरिक सुरक्षाको अवधारणालाई नै कमजोर बनाएको छ।

प्रहरी संगठन कुनै व्यक्तिको होइन, राष्ट्रकै सुरक्षाको मेरुदण्ड हो। नेपाल प्रहरी मुलुकमा अपराध अनुसन्धान एवं नियन्त्रण, शान्ति स्थापना, कानुन कार्यान्वयन र नागरिकको जीवन-सम्पत्तिको सुरक्षा गर्न स्थापित सरकारी संस्था हो ।

तर पछिल्ला समयमा प्रहरी संगठनले बारम्बार विभिन्न खाले दबाब र असहज परिस्थितिका बिचमा आफ्नो जिम्मेवारी पूरा गर्नु परिरहेको घटना सार्वजनिक हुने गरेका छन् । जेनजी आन्दोलनका क्रममा प्रहरी माथि भएको आक्रमण, प्रहरी कार्यालयमा भएको आगजनी, सुरक्षाकर्मीको हत्या र हतियार लुटपाट जस्ता घटनाले प्रहरीको मनोबलमा गम्भीर चोट पुगेको छ। जलेका सवारी साधन, कार्यालय, लुटिएका हतियार र खस्काइएको मनोबल साथमा लिएर नागरिकलाई सेवा दिनुपर्ने बाध्यता छ । प्रहरी संगठनमाथि चोट पुग्दा स्वभाविक रुपमा अपराधीहरूको हौसला बुलन्द हुन्छ। जसको परिणति समाजमा असुरक्षा बढ्छ।

कारागारबाट भागेका कैदीबन्दीहरूका कारण गाउँ सहरमा असुरक्षा बढेको छ । चोरी, डकैती, हत्या, बलात्कार जस्ता

अपराधमा उनीहरूको प्रत्यक्ष संलग्नता देखिएको छ । यो अवस्था नागरिकका लागि झनै खतरा बनेको छ । तर, यति हुँदाहुँदै पनि प्रहरीले नागरिकको सहयोगमा आफूलाई तुरुन्तै उठाएको छ । लुटिएका हतियार अधिकांश बरामद गरिसकेको छ भने हत्या र हिंसामा संलग्नलाई कानुनी दायरा ल्याएको छ ।

नेपालमा दण्डहीनताको संस्कृति नयाँ होइन । तर पछिल्लो समय यो संस्कृति झन गहिरिँदै गएको छ । अपराधीहरू राजनीतिक संरक्षणमा उम्किन्छन्, कानुनी प्रक्रिया स्थगित हुन्छ र पीडितहरू न्यायविहीन र हन्छन् । जेनजी आन्दोलनका बेला हिंसा र तोडफोडमा संलग्न रहेकाहरूका विरुद्ध नागरिकहरूले सप्रमाण उजुरी दिएका सबैलाई कानुनी कारबाहीको दायरामा ल्याउन सकिएको छैन । कुनै पनि बहाना या कारणले यो कार्य रोकिनु हुँदैन । तर अझैसम्म प्रभावकारी रुपमा अनुसन्धान अघि बढाउन सकेको देखिदैन । कमाण्ड कन्ट्रोलबाट त कार्यक्षेत्रमा प्रहरी कर्मचारी चल्छन् तर संगठन कानुन र प्रणालीले चल्नुपर्छ । प्रहरी यसरी चलेन भने न्याय मर्छ । प्रहरीलाई काम गर्न स्वतन्त्र वातावरण चाहिन्छ । कतैबाट पनि कुनै किसिमको दबाब हुनु हुँदैन । कुनै पनि हस्तक्षेप या दबाबले प्रहरीलाई निष्पक्ष रूपमा काम गर्न असम्भव बनाउँछ । जब प्रहरी बलियो र स्वतन्त्र रहन्छ, तब मात्र उसले कानुनको शासन बलियो बनाउन सक्छ ।

अर्को पाटो हेर्दा प्रहरी बलमाथि यसरी आक्रमण गरिनुमा कहीँ कतै प्रहरी संगठनले प्रवाह गर्ने सेवा, उसका व्यवहार जस्ता कारण पनि धेरथोर कारक त छैनन् ? प्रहरी आचरण र सेवा प्रवाह सम्बन्धी यदाकदा सार्वजनिक हुने गरेका घटना परिघटनाले नागरिकमा असन्तुष्टि बढेको त छैन ? प्रहरी कर्मचारी आर्थिक लोभमा फसेका कारण प्रहरीको विश्वसनीयतामा आँच आउने काम त भएको छैन ? अब प्रहरी संगठनले पनि आत्ममूल्याङ्कन गर्नपर्ने भएको छ । प्रहरी भित्र भएका यस्ता प्रवृत्ति र संस्कार अन्त्य गर्नैपर्छ । प्रहरीलाई जनतामुखी र पारदर्शी बनाउन संगठनलाई सुदृढीकरण गर्न अब किञ्चित् ढिला गर्नु हुँदैन ।

प्रहरीको प्रमुख कर्तव्य भनेकै देशमा शान्तिसुव्यवस्था कायम गर्न अग्रपंक्तिमा खटिने र अपराध अनुसन्धान एवं नियन्त्रण गर्ने हो । त्यसका लागि प्रहरीले कानुन र मानवअधिकारको मर्यादाभित्र रहेर कर्तव्य पालन गर्नुपर्छ । नागरिकको सम्मान गर्ने, पीडितलाई न्याय दिलाउने र अपराधीलाई निष्पक्ष रूपमा कारबाही गर्ने संस्कार विकास गर्नुपर्छ । केवल हातहतियारले होइन, मुस्कानले पनि नागरिकलाई सेवा दिन सकिन्छ । नागरिकले

जब प्रहरीलाई आफ्नो साथी ठान्छ, तब प्रहरीको काम सजिलो र प्रभावकारी हुन्छ । प्रहरीले सेवा दिने बेला न त घुस लिनु पर्छ, न कुनै किसिमको व्यक्तिगत लाभ खोज्नु पर्छ । नागरिकको करबाट तलब खाने प्रहरीले उनीहरूकै सन्तोष र सुरक्षालाई प्राथमिकता दिनुपर्छ । प्रहरीको हरेक निर्णयमा पारदर्शिता, जवाफदेहिता र मानवीयता झल्किनु पर्छ ।

प्रहरीलाई निष्पक्ष बनाउन केवल बाह्य दबाब हटाउनु मात्र पर्याप्त छैन । प्रहरी स्वयं पनि नियम अनुसार र कानुन विपरीतका कार्य रोक्न सक्रिय हुनुपर्छ । प्रहरीको दायित्व केवल आदेश पालना होइन, कानुनको रक्षा पनि हो । सरकार फेरिएसँगै प्रहरीका व्यवहार र काम गर्ने शैली फेरिएको देखिनु हुँदैन । यस्तो परिपाटीले प्रहरीको संस्थागत स्थायित्व समाप्त पार्छ । अब यो परम्पराको अन्त्य गर्नुपर्छ । प्रहरी संगठनलाई कानुन विपरीत काम गर्नेहरू माथि कारबाही गर्न सक्ने स्वतन्त्र निकायको रूपमा स्थापित गर्न आवश्यक छ । यसको पहल र नेतृत्व प्रहरी प्रमुख स्वयंले लिनुपर्छ । प्रहरी प्रमुखले आफ्नो संगठनलाई कुनै पनि दबाब र प्रभावबाट मुक्त गराउँदै पारदर्शी, अनुशासित र जनमुखी बनाउने जिम्मेवारी वहन गर्नुपर्छ ।

नेपाल प्रहरीलाई समयअनुसार आधुनिकीकरण गर्न अत्यावश्यक छ । प्राविधिक साधनस्रोत, दक्ष जनशक्ति, तालिम, मनोपरामर्श र प्रशासनिक प्रणाली सबैलाई पुनःसंरचना गर्नुपर्ने अवस्था आएको छ । प्रहरीका संरचना, चौकी र कार्यालयहरूलाई भौगोलिक र जनसंख्याको आधारमा पुनःव्यवस्थित गर्नुपर्छ । जनघनत्व र अपराध प्रवृत्तिको आधारमा प्रहरी जनशक्ति र स्रोत साधन वितरण गर्नुपर्छ ।

अपराध अनुसन्धानमा डिजिटल प्रविधिको प्रयोग, डेटा एनालिटिक्स, सीसीटीभी निगरानी, साइबर अपराध एकाइ सुदृढीकरण अनिवार्य छ । डिजिटल फरेन्सिक प्रयोग बिना आधुनिक अपराध नियन्त्रण सम्भव छैन । प्रहरीलाई निरन्तर तालिम, मनोवैज्ञानिक परामर्श, र नेतृत्व प्रशिक्षण दिइनुपर्छ । तनाव व्यवस्थापन र नैतिक नेतृत्वबारे तालिमले उनीहरूलाई अधिक जिम्मेवार बनाउँछ ।

समुदायमा आधारित सुरक्षा प्रणाली र नागरिक समितिहरूको सक्रियता बढाउनुपर्छ । प्रहरी र नागरिकबीच विश्वासका पुलहरू निर्माण गर्न सामुदायिक प्रहरी कार्यक्रमहरू प्रभावकारी बनाउन अति जरुरी छ । प्रहरीको नियुक्ति, सरुवा र पदोन्नति पूर्ण रूपमा योग्यता र कार्यसम्पादनमा आधारित हुनुपर्छ । यसलाई निष्पक्ष र पारदर्शी बनाउन संस्थागत कानुनी संरचना बलियो हुनुपर्छ । तबमात्र प्रहरी कर्मचारीमा आशाको सञ्चार

हुन्छ। संगठनभित्र हुने भ्रष्टाचार, दुर्व्यवहार र अनुशासनहीनता विरुद्ध कडा कारबाही गर्नुपर्छ। अनुशासन र पारदर्शिता नै प्रहरीको पहिचान हो। सञ्चारको कमजोरीले अफवाह र अविश्वास बढाउँछ । त्यसैले सूचनाको प्रवाह र पहुँचलाई प्रभावकारी बनाउनुपर्छ। प्रहरीका गतिविधि, उपलब्धि र जनसेवाबारे नियमित जानकारी दिनुपर्छ।

नेपालमा शान्ति सुव्यवस्था कायम गर्ने सम्बन्धमा कानुन कार्यान्वयन गर्ने प्रमुख निकाय प्रहरी हो । अदालतले सजाय सुनाउँछ, तर मुद्दा अनुसन्धान गर्ने, प्रमाण संकलन गर्ने, अपराधीलाई समात्ने र अदालतको निर्णय बमोजिम सजाय भोग्न पठाउने पनि प्रहरीकै जिम्मेवारी हुन्छ। सजिलो भाषामा भन्नुपर्दा पीडकलाई सजाय र पीडितलाई न्याय दिने कार्यको मियो नै प्रहरी संगठन हो । त्यसैले न्याय प्रणालीको विश्वसनीयता पनि प्रहरीको कार्यक्षमतामाथि निर्भर हुन्छ। यदि प्रहरीले निष्पक्ष र पारदर्शी ढङ्गले अनुसन्धान गर्न सकेन या पाएन भने अदालतमा पुग्दा पनि अपराधी उम्किन्छ। त्यसैले प्रहरीले कानुनी ज्ञान, अनुसन्धान सिप र नैतिकता तीनै कुरा सँगसँगै विकास गर्नुपर्छ।

जब प्रहरी स्वतन्त्र र उत्तरदायी हुन्छ, तब देशमा अपराध नियन्त्रण र नागरिक सुरक्षा स्वतः सुनिश्चित हुन्छ । आजको युगमा प्रहरी संगठन केवल कसैको निहित स्वार्थ पूर्तिका लागि नभई विशुद्ध रुपमा देश र नागरिकको सेवा सुरक्षाका लागि परिचालित हुनुपर्छ । अपराध नियन्त्रणमा पनि प्रहरी आफू एक्लै मात्र कदापि सफल हुन सक्दैन । नागरिकको सहयोग, सूचना, विश्वास र समर्थन बिना कुनै पनि सुरक्षा प्रणाली, अपराध अनुसन्धान र नियन्त्रणले प्रभावकारी काम गर्न सक्दैन । त्यसैले प्रहरीले जनताको मन जित्ने व्यवहार गर्नुपर्छ। सेवा प्रवाहमा मुस्कान, सहानुभूति र पारदर्शिता जोडिनुपर्छ । प्रहरीको बर्दी जनताको डर होइन, भरोसाको प्रतीक बन्नुपर्छ। प्रहरीले आफ्नो बर्दीको सम्मान त्यसरी गर्नुपर्छ जसरी नागरिकले आफ्नो जीवनको रक्षा गर्छ।

जेनजी आन्दोलनले देशलाई नयाँ आत्ममूल्याङ्कन गर्न बाध्य बनाएको छ । यो केवल एक आन्दोलनको कुरा होइन, राज्य र नागरिकबीचको सम्बन्ध पुनर्स्थापनाको घडी हो । प्रहरी संगठन कमजोर भयो भने अपराधी बलिया बन्छन्। कानुन कमजोर भयो भने न्याय मर्छ र न्याय मऱ्यो भने राष्ट्र पनि टिक्दैन। त्यसैले आजको आवश्यकता प्रहरीको मात्र होइन, जनताको पनि हो–हामी सबै मिलेर शान्ति, सुरक्षा र कानुनी शासन पुनर्स्थापना गर्नुपर्दछ। अब प्रहरीले सधैं देश र जनताको पक्षमा निष्पक्ष भएर उभिनुपर्छ । सम्बद्ध सबै निकायले प्रहरी संगठनलाई जनताको सेवा प्रदायक

संस्थाको रूपमा सधैँ हेरिनुपर्छ ।

कुनै प्रकारको दबाब बिना प्रहरीलाई काम गर्न स्वतन्त्र वातावरण बनाईनु पर्छ । कानुनको शासन कायम राख्न प्रहरी संगठनलाई सुदृढ, पारदर्शी र प्राविधिक रूपमा सक्षम बनाउने हाम्रो सामूहिक कर्तव्य हो । जब प्रहरी बलियो हुन्छ, तब राज्य सुरक्षित हुन्छ । जब राज्य सुरक्षित हुन्छ, तब नागरिक स्वतन्त्र र आत्मविश्वासी हुन्छ ।

यति ठुलो घटनापछि पनि सबैमा चेत आएन भने पछुताउनु सिवाय केही उपाय हुँदैन त्यसैले प्रहरी संगठनलाई सुदृढ बनाउन सबै लाग्नै पर्छ। तब मात्र नागरिकले वास्तविक न्यायको, शान्ति सुरक्षा र स्वतन्त्रताको अनुभूति गर्छन् । र यही स्वतन्त्रता र सुरक्षाको सूत्र हो–"अपराध नियन्त्रण गर्न प्रहरी संगठनलाई मजबुत बनाऔं ।"

♦♦♦

लघुकथा

# सहरको छाया



**सरस्वती श्रेष्ठ 'सरु'**

सन्ध्या कार्यालयबाट फर्किँदै थिई । सडकमा भिड, ट्राफिकको हल्ला, मोबाइलको घण्टी – सबै कुरा उसलाई हरेक दिनको जस्तो नै सामान्य लाग्थ्यो ।

ट्याक्सीको झ्यालबाट बाहिर हेरिरहँदा, फुटपाथमा एउटी सानी केटी भुइँमा खसेको रोटी खान खोज्दै थिई । केटीको आँखामा चमक थियो तर पेट भोकाएको थियो । सन्ध्याले झोलाबाट बिस्कुटको प्याकेट निकालेर दिई । केटीले मुस्कुराउँदै भनिन्– "दिदी, तपाईँको नाम ?"

सन्ध्या हल्का हाँसी, "सन्ध्या ।"

"कति राम्री रात आउँछ नि सन्ध्या पछि !" केटीले भनिन् ।

ट्याक्सी अघि बढ्यो । सन्ध्याको मनमा भने त्यो वाक्य गुन्जिरह्यो – "कति राम्री रात आउँछ नि सन्ध्या पछि ।"

सहरको उज्यालोले उसको अनुहार चम्काउँदै थियो, तर मनमा त्यो सानी केटीको भोकाएको छाया बसिसकेको थियो ।

निबन्ध

# फुर्सत



✍ डा. गितु गैरे

एउटा विभत्स घटना घटिरहेको छ आफैभित्र । म आफ्नै कमजोरीको सिकार भइरहेछु । म अहिले यस्तो समयमा आएर ठिङ्ग उभिएकी छु की, लेख्नु सिवाय मसँग कुनै उपाय बाँकी रहेको छैन । तर यो पनि सत्य हो की मैले चाहेजस्तो लेख्न पनि सकेकी छैन । म सोच्ने गर्थे । फुर्सद भएपछि दिल खोलेर लेख्नेछु, लेखि.......मात्र रहनेछु । तर फुसर्दलाई कुर्नु भनेको आफ्नै बर्बादीलाई पर्खनु रहेछ । "मलाई त फुर्सद नै छैन" भनिने शब्द आफैमा खराब रहेनछ । यो त एक किसिमको व्यस्तताको प्रतीक रहेछ । आनन्द रहेछ । मलाई जीवनको यो समयसम्म आईपुग्दा यस कुराको त अनुभव भयो की फुर्सद त्यति स्वादिलो हुँदो रहेनछ । अचेल लाग्न थालेको छ - जीवनलाई केलाईरहने फुर्सद नै नहोस् । बरू अलिकति घुन सहितको खान्की खाइदिउला । कनिकाको भात पनि त्यति नमिठो हुँदैन । तर जीवनलाई गिजोलिरहनु पर्ने नै नहोस् । विगतमा फर्किएर यसो गरेको भए, उसो गरेको भएमा वर्तमानको उर्जा खेर नजाओस् तर फेरि लाग्छ, आत्मलोचना पनि त उत्तिकै आवश्यक हुन्छ ।

जीवनका कतिपय इच्छाहरू स्वतन्त्र छनोट गर्न नसकिने रहेछ वा भनौ न इच्छा गर्दैमा सबै कुरा प्राप्त गर्न नसकिने रहेछ । केही फुर्सदिलो भए देखि न मलाई कतै पुग्ने हतारो छ, न कुनै किसिमका उपाय कल्पिएर रूमलिरहेकी छु, न त कुनै उत्सुकताले पक्डिएको छ । म भित्रको अधैर्यपन या चन्चलता हराएको देख्दा आफै अचम्मित हुने अवस्था आइटोपलेको छ ।

हिजोको मसक्क मस्किएको हाँसो, चन्चलताको न्यानो शिरकमुनि आन्नदसँग लपेटिएको मन । सबैसबै एक विगत बनेर अडिएका छन् । साच्चै भन्ने हो भने आफूभित्रको जाँगर कति खोजे पाएकै छैन । स्नायुकेन्द्र नै शिथिल भइदिएको छ । शून्यता पनि कस्तो खालको भने । रित्तो र हलुको छैन । अस्वाभाविक छ, गह्रौ छ, भारीपन छ । शून्य भइकन पनि आनन्द छैन । र यस खालको समय, परिस्थितिलाई फ्याक्ने गणितज्ञ फर्मुला मसँग छैन । यही बीचमा आफ्नो सृजनालाई नमार्न, लेखन प्रतिको हुटहुटी र तृष्णा बचाई राख्न पनि म यतिबेला

लेखक भइटोपलेकी छु। टेबलभरि असरल्ल किताब छन् । म आफैले आफैलाई पढ्ने बडो फुर्सदको समय पाएकी छु । डायरी छरपस्ट छन् । कलम समाउछु र लेख्न कस्सिन्छु । मुख्य कुरा के भने ठयाक्कै यस अस्पष्टताको समयमा केही नहुँदा वा भनु कोही नहुँदा पनि साहित्य छ । अक्षरलाई बाँध्ने शब्द । शब्दलाई बाँध्ने वाक्य । वाक्य वा अनुच्छेदलाई मिलाएर लेखक भइदिन्छु। त्योभन्दा पनि महत्वपूर्ण कुरा मेरा सत्य भावनाहरू पोख्न पाएकी छु । यसरी मनलाई बडो आनन्दको अनुभव भइरहेछ । समय समयमा मेरो विचारधारा पनि बाङ्गिन्छ कहिले । के गरू, केही गरिहालौको अधैर्यवादले अचेट्छ। छटपटि हुन्छ। तर पनि विचलित भइसकेको छैन। किताबले मलाई यतिखेर बेस्सरी सघाएका । यताकता असहज र अप्ठ्यारो परिस्थिति जुकासरि टाँसिएको भए पनि त्यसलाई मिल्काई हाल्नु पनि छैन। जीवन यस्तै आकस्मिकताहरूमा सुन्दर छ। त्यसकारण जुकालाई छाला खुर्याएर भगाउन हतार पनि गरेकी छैन। खाओस् न रगत र पसिना। देखोस् न मेरो धैर्यता र साहस किनकि म लडेकी मात्र हुँ। कत्ति पनि आत्तिएकी छैन।

जीवनमा मान्छेहरू भेटिन्छन्, छुट्टिन्छन्। त्यो त सामान्य प्रक्रिया न रह्यो। आकलझुकल मलाई पनि सल्लाह दिनेको लर्को लाग्छ।

तपाईंको लेख, रचना वा आलेख अझै बेजोड आओस् न। यस्तो खालको, उस्तो खालको । अरे यी यो जस्तो के !.......त्यो जस्तो के । खाली कोही अरूसँगको तुलना। यो भन्दा कम भो। त्यो भन्दा त बढी छ। कति सोझी तिमी .....अलि बाठी हुनुपर्छ के.....।

तर महाशय ! यस्ता नानाभाती गफको कुनै तुक छैन । कम्तिमा मेरो लागि । यस खालको प्रतिक्रिया तिमीले दिनु तिम्रै कमजोरी हो । तिमीले मलाई नचिन्नु हो। तुलना म आफैसँग गर्छु। म त आफ्नै गतिमा हिँड्ने मान्छे हुँ। सुस्तरी ......बिस्तारै......। अरूको गतिसँग मलाई सरोकार नै छैन । किनकि मलाई आफ्नै गतिसँग प्रेम छ । बडा आनन्द । र म बकम्फुसे कुरा गरेर आफैलाई ढाट्न सक्दिन। मेरो पाठकलाई ठग्न सक्दिन । तिमीले नपढ्न पायौ । तर अर्काको सोचाईलाई च्यापेर, अर्काको गतिसँग कुदेर म आफ्नो अस्तित्वलाई मार्न चाहन्न । यसरी क्षितिजसम्म पुग्ने, सफलताको स्वाद चाख्ने झिनो आश पनि छैन। मलाई आफ्नो कमजोरीसहित स्वीकार गरेकी छु। तिम्रो तुलना तिमीसँगै राख। मलाई बाल। कहिलेकाहीँ “मलाई बाल” भन्न सक्नु बडो आनन्द हो।

फुर्सदिलो हुँदा जीवनले कहिलेकाहीँ चुक जस्तै अन्धकारलाई निम्त्याई दिन्छ।

फुर्सद हुँदा यो यो गर्छु भनेर थाती राखेका कामले गिज्याउछन् तर गरिदैन रहेछ । यताकता फुर्सद हुनु भनेको अल्छि हुनु रहेछ। अल्छि हुनु भनेको चाहिँ अन्धकार। अन्धकार आफैमा सुन्दर कुरा त होइन । अन्धकारको आयतन नाप्न कठिन होला। तर यसको आत्मसाथ पश्चात त उज्यालो कुद्दै आउनेछ । अन्धकारको आत्मसाथ गर्नेलाई उज्यालोले लायक देख्छ । बत्तिदै आउनेछ। त्यसबखत कुन बेला अन्धकार सकियो सम्म पनि हेक्का हुने छैन। घाउ हुन्छ, दुख्छ, पाक्छ र फेरि पुरिन्छ। टाका (सुचर) लगाएर अलि चाँडो पुरिएला तर नलगाए पनि केही हुँदैन । शरीरले आफ्नै लयमा पुरिदिन्छ । अनि सहज भइहाल्छ । आफैलाई सुम्सुम्याउन पाउनु, शरीरका, मनका घाउलाई नियाल्नु पनि कत्रो उपलब्धि हो बाँच्नुको।

मैले सुरूमै भनेकी थिए फुर्सद आफैमा ठिक कुरो होइन रहेछ। यी सब आत्मलोचना गर्ने फुर्सत पनि निकाल्न नपर्नै रहेछ। आफै आउने रहेछ। केही कुरा गर्न मन र फुर्सत निकाल्ने सोच बनाउनु भएको छ भने पर्दैन । त्यस्तो कष्ठ गर्नै पर्दैन। आफै आइपुग्नेछ समय। टुप्लुक्क हजुरका सामु। फेरि दोहोयाएर भन्छु, पर्दैन त्यो कष्ट नगर्नुस् । फुर्सद शब्दको अपमान नगर्नुस् । समय तपाईं सामु टुप्लुक्क आइपुग्नेछ।

मैले मेरो समयलाई धिरतापूर्वक कुरिरहेकी छु। केही समय शान्त बस्नुस्। अधैर्य नगर्नुहोस्। तपाईंले पाउने र पाउनै पर्ने कुरा कसैले खोस्ने छैन।

भो खोसिन्छ कि भै गरी दुगुर्न पर्दैन। तपाईंको काम पनि माम पनि बाँकी रहनेछ। कसैले खोस्न सक्ने छैन। किनकि समयजस्तो बलवान कोही छैन । यो तपाईंको समय हो। यो समयलाई प्रेमपूर्वक राख्नुस् । साथै राख्नुस् । संगालेर, अंगालेर। ◆◆◆

## गजल



✍ **प्र.स.ह.टिकाराम दुलाल**

मलाई मदिराको मात हरायो त्यो दिनबाट
र त म बाहुनको जात हरायो त्यो दिनबाट

मेरो मान्छे ठानेर गाली गर्थ्यौ तिमी पनि
धरोधर्म मेरो औकात हरायो त्यो दिनबाट

जब सम्झन्छु त्यो अतित भूकम्प नै आउँछ
तिमीले दिने दाल र भात हरायो त्यो दिनबाट

जातले पाको खानु पर्छ भन्थे जिजुबुबाहरू
नजिर अनि भनौ वारदात हरायो त्यो दिनबाट

बाहुनलाई बोतल सन्यासीलाई होटल हुन्न रैछ
बल्ल बुझे तर हाम्रो बात हरायो त्यो दिनबाट

फलेको फुलेको जीवन थियो हाम्रो पनि प्रिय
के भनौ खै प्रिय सौगात हरायो त्यो दिनबाट

# मृत शरीरबाट औँलाछाप उठाउने तरिका



✍ प्र.उ. पुष्कर राज भट्ट

सर्वप्रथम अनुसन्धानको दृष्टिकोणले अपराध अनुसन्धानको सिलसिलामा औँलाछापको सनाखत गर्ने कार्य कहिले कहाँबाट कसले प्रयोगमा ल्याएको थियो भन्ने कुरा इतिहासमा एकिन उल्लेख गरिएको नपाइए तापनि मानव सभ्यताको विकास सँगसँगै यसको प्रयोग भएको देखिन्छ । क्राइस्ट जन्मनुभन्दा हजारौँ वर्ष पहिलादेखि नै औँलाछापको प्रयोग भएको पाइन्छ । चीनमा माटोको भाँडा बनाउने कुमालेहरूले आफूले बनाएको माटोको भाँडोमा आफ्नो औँलाछाप लगाउने गरेका थिए । चीनमा माटाका सिक्काहरूमा एकतर्फ राजाको नाम र अर्कोतर्फ औँठाछापको प्रयोग गरेको देखिन्छ ।[१] अफिसियली महत्वपूर्ण कागजातहरूलाई मान्यता दिनको लागि राजाको औँठाछाप भएको स्ट्याम प्याडको प्रयोग गर्ने गर्दथे भन्ने कुरा समेत इतिहासमा उल्लेख भएको पाइन्छ । त्यही समयतिर चीनमा सन्धि गर्दा सन्धि गरेको कागजमा दुबै पक्षहरूले औँठाछाप लगाउने गर्थे भन्ने कुरा पनि देखिन्छ । इजिप्टमा पनि त्यहाँको सम्राटको चिहानमा औँठाछाप लगाइएको पाइएको थियो । जुन अहिले पनि इजिप्टमा सुरक्षित अवस्थामा राखिएको छ ।[२]

हालको बद्लिँदो परिवेशमा अपराध अनुसन्धानमा औँठाछापलाई अकाट्य प्रमाणको रूपमा संसारका सबै मुलुकका न्यायालयहरूले आत्मसात् गरेको पाइन्छ । घटनास्थल अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीहरूले घटनास्थलमा फेला पर्ने औँलाछाप तथा मौकाछाप जस्ता प्रमाणलाई सही तरिकाले संकलन, संरक्षण

१. Michael Loewe, "The Government of the Qin and Han Empires", Cambridge University Press (2006). Tsien Tsuen-hsuin, "Written on Bamboo and Silk: The Beginnings of Chinese Books and Inscriptions", University of Chicago Press (2004).

२. Herrerín & Gutiérrez-Redomero (2020) Herrerín, J., & Gutiérrez-Redomero, E. (2020). Fingerprints identification on 3000-year-old Egyptian mummies. Anthropologischer Anzeiger, 77(4).

र अभिलेखीकरण गर्नु व्यक्ति पहिचानको लागि अत्यन्तै महत्वपूर्ण हुन्छ। प्रविधिको निरन्तर विकास, प्रणालीमा थपिएका नयाँ सुविधाहरू तथा अनुसन्धान प्रक्रियामा उत्पन्न भइरहेको बद्लिँदो चुनौतीका कारण घटनास्थलमा औँलाछाप संकलन गर्ने प्रहरी कर्मचारीहरूले व्यावहारिक कार्यान्वयनमा कठिनाइ भोगिरहेका छन् । विशेष गरी वेबारिसे लाशको पहिचान गर्न, प्राकृतिक एवम् दैवीय विपत्तिमा ज्यान गुमाएका मृतकहरूको पहिचान गर्न र विभिन्न दुर्घटनामा परी ज्यान गुमाएका मृतकहरूको पहिचान गर्न ती मृतकहरूको औँलाछाप संकलन गरी मृतकहरूले मृत्यु हुनु भन्दा पहिला नै औँलाछाप लगाएको कागजातसँग एक आपसमा तुलनात्मक परीक्षण पश्चात् यथाशीघ्र व्यक्ति पहिचान गर्ने कार्य औँलाछाप शाखाले गर्दै आइरहेको छ। घटनास्थलबाट तालिम प्राप्त घटनास्थल अनुसन्धान अधिकृतहरूले उक्त संकलन कार्य गर्दै आइरहेको भए तापनि प्रविधिको विकास सँगसँगै Fingerprint Kit Box को उचित प्रयोग गरी यस प्रयोगशालामा प्राप्त हुने औँलाछाप तथा मौकाछापको संख्या अत्यन्तै न्यून रहेको छ । विभिन्न अवस्थाको मृत शरीरबाट औँलाछाप उठाउने विधि तथा आवश्यक सामग्रीहरूको देहाय बमोजिम विस्तृतमा वर्णन गरिएको छ।

**विभिन्न अवस्थाको मृत शरीरबाट औँलाछाप उठाउने विधि**

१. **Fresh Dead Body**

- व्यक्तिको मृत्यु हुने बित्तिकै मृतकको शरीर तातो हुने र कडापन शुरू भई नसक्ने हुनाले जीवित व्यक्तिको औँलाछाप लिने विधि अपनाए जस्तै फिङ्गरप्रिन्ट मसीको प्रयोगद्वारा औँलाछाप उठाउन सकिन्छ।
- यस्तो मृत शरीरबाट औँलाछाप उठाउदा मृतकलाई घोप्टो बनाई लिँदा सजिलो हुन्छ।
- मृतकको औँलाहरूलाई राम्रोसँग सफा गरेर उठाउनु पर्दछ । यदि औँलाहरू फोहोर भएमा साबुन पानीले धोएर सुख्खा बनाउनु पर्दछ।
- रोलरको माध्यमबाट slab मा Fingerprint Ink लाई चारैतिर फिजाउने र उक्त slab लाई मृतकको औँलाहरूमा घुमाउने गर्नु पर्छ।
- Right hand र left hand Dead body fingerprinting slip वा प्रत्येक औंलाको लागि सानो-सानो वर्गाकारमा काटिएको स्लिपलाई Postmortem Fingerprint Card Holder (spoon-shaped/shovel-type) मा राखेर क्रमबद्ध रूपमा मृतकको प्रत्येक औँलाको rolled fingerprints लिनु पर्दछ । यसरी लिइएको औँलाहरूको छापलाई एउटा सिङ्गो कागजमा कुन हात र कुन

औंलाको हो भन्ने प्रष्ट पहिचान हुने गरी संकेत दिनु पर्दछ।

- ♦ यदि सादा छाप लिन सकिन्छ भने दुईटा बुढी औंला, दायाँ हातको चार औंलाहरूको एक साथ र बायाँ हातको चार औंलाहरूको एक साथ सादा छाप लिनु पर्दछ।
- ♦ यसरी औंलाहरूको छाप लिँदा औंलाको छाप (रेखा) मधुरो वा धब्बा आएमा पुनः लिनु पर्छ।
- ♦ Fingerprint Slip मा मृतकको विवरण भर्ने प्रहरी कर्मचारीको नाम, दर्जा, हस्ताक्षर गरी कार्यालयको छाप समेत लगाउनु पर्दछ।
- ♦ रोहवर/साक्षीहरूको पनि नाम, उमेर, ठेगाना र हस्ताक्षर पनि लिनु पर्दछ।
- ♦ Live Scanner उपलब्ध भएको अवस्थामा • Live Scanner बाट पनि औंलाछाप उठाउन सकिन्छ।

२. **Rigor Mortis stage/ Stiffening of the fingers**

- ♦ Rigor Mortis को शुरूको अवस्थामा हातका औंलाहरू पूर्ण रूपमा दह्रो/कडा र मोडिएका/खुम्चिएका अवस्थामा पुगिसकेका हुँदैनन् । यस्तो अवस्थामा नाडीभन्दा अलि माथिसम्मको भागलाई तातो पानीमा १ मिनेट (आवश्यकता अनुसार समय बढाउन पनि सकिन्छ) डुबाई औंलाहरू र नाडीलाई छिटो-छिटो चलाई Rigor Mortis लाई हटाई जीवित व्यक्तिको औंलाछाप लिने विधि अपनाएर फिङ्गरप्रिन्ट मसीको प्रयोगद्वारा औंलाछाप लिन सकिन्छ।
- ♦ पूर्ण रूपमा Rigor Mortis को अवस्थामा पुगेको मृतकको हातका औंलाहरू दह्रो/कडा र मोडिएको/खुम्चिएको वा मुठ्ठी परेका हुन्छन् । तसर्थ यस्तो अवस्थामा रहेका औंलाहरूलाई सिधा बनाउनु पर्दछ।
- ♦ औंलाछाप लिने व्यक्तिले आफ्नो बायाँ हातले मृतकको मुठ्ठी परेको हातलाई तलबाट समाउने र मृतकको सिधा बनाउने औंलालाई औंलाछाप लिने व्यक्तिको दायाँ हातको चार औंलाले समात्ने र बुढी औंलामाथि राखी  चाहिने बल प्रयोग गरी औंलाहरूलाई पालै पालो सिधा बनाई फिङ्गरप्रिन्ट मसीको प्रयोगद्वारा औंलाछाप लिनु पर्दछ।
- ♦ माथि उल्लेखित तरिकाबाट औंला सिधा बनाउन नसके धारिलो चक्कु वा scalpel को मद्दतले चार औंलाहरूको हकमा भित्रि भागको दोस्रो जोर्नी र बुढी औंलाको हकमा, चोरी र बुढी औंलाको बीचमा गहिरो काटी सिधा बनाउनु पर्दछ।
- ♦ यदि औंलाहरू चाउरी परेको अवस्थामा छ भने Tissue Builder लाई hypodermic syringe को माध्यमबाट औंलाको जोर्नीबाट औंलोको

टुप्पोतिर syringe को needle हुने गरी बाहिरी सतहको छाला भन्दा मुनि inject गर्नु पर्छ र यसरी Tissue Builder को प्रयोग गरी चाउरी परेको औंलाहरूलाई सामान्य अवस्थामा ल्याउन सकिन्छ।

♦ यदि Tissue Builder उपलब्ध छैन भने Glycerine वा पानीको प्रयोग पनि गर्न सकिन्छ। Glycerine वा पानीको प्रयोग पश्चात् Inject गरेको ठाउँभन्दा अलि माथि धागोले बाध्नु पर्दछ अन्यथा Glycerine वा पानी बाहिर निस्किने सम्भावना हुन्छ।

३.**Early Decomposition stage**

♦ Decomposition शुरू भइसकेको अवस्थामा छालाको बाहिरी सतह (epidermis layer) औंलाहरूबाट उप्किन (peeling off) शुरू हुन्छ। यदि छालाको बाहिरी सतह (epidermis layer) उप्किएको छ भने छाला पूरै (Intact) छ वा कुनै भाग छुट्टिएर हराएको छ भन्ने कुराको निक्यौंल गर्नु पर्दछ।

♦ यदि छालाको बाहिरी सतह (epidermis layer) उप्किएको छैन भने यस्तो अवस्थामा मृतककै औंलामा सुरक्षित गरेर औंलाछाप मसी लगाएर औंलाछाप संकलन गर्नु पर्छ।

♦ यदि fingerprint भएको पूरै छाला उप्केको अवस्थामा छ भने उक्त पूरै छालालाई औंलाछाप लिने व्यक्तिको औंलामा टाँसी मसीद्वारा कागजमा आफ्नै औंला जस्तै गरी उठाउन पनि सकिन्छ।

४. **Advanced Stage**

♦ जटिल शवका तीन प्रमुख अवस्था हुन सक्दछन्ः पहिलो गलेको अवस्था (Decomposition or putrefaction), दोस्रो सुकेको अवस्था (mummification in dry places) र तेस्रो पानीले भिजेको अवस्था। यी तीन अवस्थामा छुट्टाछुट्टै विधिको प्रयोग गर्नुपर्छ।[३]

♦ शुरूमा हातका औंलाहरू Intact छन् कि छैनन् भन्ने कुराको एकिन गर्नु पर्दछ। यदि कुनै हात वा औंला छैन भने जिउँदो अवस्थादेखि नै नभएको हो वा मृत्यु भइसके पछि कुनै कारणले उक्त हात वा औंला हराएको हो भन्ने कुरा पत्ता लगाउने प्रयास गर्नु पर्दछ र सो टिपोट गर्नु पर्दछ।

● **बाहिरी छाला (outer skin) स्पस्ट देखिएको अवस्था**

♦ धेरै नै गलेको अवस्थामा छ भने मासु नरम र fragile हुन्छ र यो अवस्थामा औंलाको टुप्पोमा छाला छ वा छैन भन्ने कुरा एकिन गर्नु पर्दछ। यदि छाला स्पस्ट देखिएको छ र टाँसिएको अवस्थामा छ

३. Reddy & Murty. The Essentials of Forensic Medicine and Toxicology. 34th Edition.

भने ध्यान दिएर मसी लगाई औँलाछाप उठाउन सकिन्छ।

♦ औँलाहरूमा भएको फोहोर, Grease, Silt र अन्य बाहिरी तत्वहरूलाई पानी र साबुनले वा Xylene ले सफा गर्नु पर्दछ।

♦ कडा छालाको हकमा नरम ब्रसले हल्का रूपमा रेखाको बहाबलाई पछ्याउँदै बिस्तारै ridge र furrow दुवै सफा गर्नु पर्दछ । छाला ज्यादै नरम भएमा सफा गर्नको लागि कटन स्वाबको प्रयोग गर्नु पर्दछ।

♦ छाला धेरै नै नरम र Fragile भएको अवस्थामा सजिलोसँग मसी लगाउन सकिन्न, यस्तो अवस्थामा छालालाई औँलाबाट झिकी वा औँलासँगै दोस्रो जोर्नीमा काटेर १०-१५% Formaldehyde Solution मा १ घण्टासम्म डुबाएर कडा गर्न सकिन्छ । यसरी कडा पारिएको छाला Grayish white रंगको हुन्छ। Formaldehyde Solution बाट कडा भएको छालालाई सुख्खा सफा कपडाले पुछ्नु पर्दछ। यस्तो कडा छाला राम्रोसँग handle नगर्दा टुक्रिने सम्भावना पनि हुन्छ।

♦ औँला पूरै Formaldehyde Solution मा डुबाएको अवस्थामा छाला सुन्निन सक्दछ र औँलाबाट छुट्टिन सक्छ। छुट्टिएको कडा छालालाई औँलाछाप उठाउने व्यक्तिले आफ्नो हातको बूढी वा चोर औँलामाथि राखी आफ्नै औँलाछाप उठाए जस्तो गरी मसीको प्रयोगद्वारा औँलाछाप उठाउनु पर्दछ।

♦ यदि छाला औँलाबाट छुट्टिएको छैन र चाउरी पनि परेको छैन भने मसी लगाएर औँलाछाप उठाउनु पर्दछ। तर छाला चाउरी परेको छ भने tissue builder औँलामा inject गरेर औँलाछाप उठाउनु पर्दछ। यसो गर्दा पनि चाउरीपन हटाउन सकिएन भने पूरै pattern area भएको छालालाई पहिलो जोर्नीदेखि औँलाको टुप्पोसम्म माथिको छालामा कुनै पनि असर नपर्ने गरी गहिरो गरी काट्नु पर्दछ । यसरी काटेको छाला सहितको मासुलाई छालामात्र बाँकी रहने गरी बिस्तारै काट्दै र खुर्किदै मासुको भाग पूरै हटाउने र उक्त छालालाई औँलाछाप उठाउने व्यक्तिले आफ्नै हातको औँलामाथि राखेर औँलाछाप उठाउनु पर्दछ। यदि यसो गर्दा पनि उठाइएको औँलाछापमा रेखाहरू प्रष्ट नदेखिएमा उक्त छालालाई तन्काएर (flattened) दुई सिसाको बीचमा राखी फोटो खिच्न सकिन्छ।

♦ यदि छालाको बाहिरी सतह (outer surface) मा रहेका रेखाहरू बिग्रिएको वा राम्रोसँग छुट्ट्याउन सक्ने अवस्थामा नरहेमा छालाको भित्री भाग (underside) बाट औँलाछाप उठाउनु पर्दछ। यसरी औँलाछाप लिन छालालाई नटुक्रिने/नच्यातिने गरी उल्टाई मसी लगाई औँलाछाप उठाउनु पर्दछ र सो कुरा अनिवार्य रूपमा fingerprint

slip मा पनि उल्लेख गर्नु पर्दछ।

● **बाहिरी छाला (outer skin) स्पस्ट नदेखिएको अवस्था**

◆ यदि औँलाको माथिल्लो/बाहिरी सतह (epidermis layer) पूरै वा आंशिक रूपमा बिग्रेको वा नभएको तर भित्री दोस्रो सतह (dermis layer) सग्लो (Intact) अवस्थामा मृत शरीर भेटिएमा औँला सफा गरेर सामान्य अवस्थामा झैं मसी लगाएर लिन सकिन्छ।

◆ यदि भित्री सतह चाउरी परेको रहेछ भने tissue builder inject गरेर चाउरीपन हटाएर मसी लगाएर औँलाछाप लिन सकिन्छ।

◆ यी विधिहरू अपनाएर पनि औँलाछाप प्रष्ट नआएमा पूरै pattern area भएको मासुलाई औँलाको पहिलो जोर्नीदेखि औँलाको टुप्पोसम्म काट्नु पर्छ र यसरी काटेको मासुलाई बिस्तारै काट्दै र खुर्किदै सक्दो पातलो बनाउनु पर्छ। तत् पश्चात् उक्त पातलो मासुलाई तन्काएर दुई सिसाको बीचमा फिजाएर फोटो खिच्नु पर्दछ।

### ५. Desiccation and Charring (सुकेको र जलेको अवस्था)

◆ यस अवस्थामा रहेको लासका औँलाहरू सुकेका हुन्छन्। शरीरमा रहेको तरल पदार्थ सुक्दै जाँदा छाला पनि सुक्दै जान्छ। सुक्खापनले गर्दा छाला खुम्चिन जान्छन् जसले गर्दा छालामा चाउरीपन आउँछ। यहि सुक्ने प्रक्रिया धेरै समयसम्म रहन गएमा मासु र छाला ढुंगा जस्तो कडा हुन जान्छ। सामान्यतया यस अवस्थामा छालाको बाहिरी सतह सग्लो नै हुन्छ र रेखाहरू प्रष्टै देखिन्छन्। छाला सुक्खा र चाउरी परेको कारण सामान्य अवस्थामा औँलाछाप लिने विधि अपनाउदा औँलाछाप प्रष्ट आउने सम्भावना कम हुन्छ। तसर्थ १ देखि ३ प्रतिशत sodium hydroxide वा potassium hydroxide (caustic potash) प्रयोग गरेर खुम्चिएको औँलालाई फुकाउन सकिन्छ।

◆ यस विधिमा रासायनिक प्रतिक्रिया भई मासु बिग्रन सक्ने हुनाले पहिले एउटा औँलामा प्रयोग गरी अवलोकन गरेर मात्र अरू औँलामा यो विधि अपनाउनु पर्दछ।

◆ यस विधिमा औँलालाई दोस्रो जोर्नीमा काटेर हातबाट अलग्याएर Sodiun hydroxide solution मा राख्नु पर्छ र लगभग ३० मिनेटपछि औँलालाई उक्त solution बाट बाहिर निकालेर कति हदसम्म छाला फुकेको छ जाँच गर्नुपर्छ। यदि औंलाको छाला राम्रोसँग फुलेर आएको छ र चाउरीपन पनि हराएको छ भने औँलामा मसी लगाएर औँलाछाप लिन सकिन्छ।

◆ यदि औँलाछाप लिन मिल्ने अवस्थामा नआएमा पुनः उक्त औँलालाई hydroxide solution मा डुबाउनु पर्दछ र यो प्रक्रिया औँलाहरूको आकृति स्पस्ट नदेखिएसम्म

सुचारू राख्नुपर्ने हुन्छ ।

- ♦ यसरी solution मा राख्दा बाहिरी पातलो छाला उप्किन थालेको देखिएमा उप्केको छालालाई हटाई केही मिनेट पानीमा पखाल्नु पर्दछ र पुनः hydroxide solution मा नै राख्नु पर्दछ ।
- ♦ यदि यो प्रक्रियामा औंला एकदम नरम भएमा १ देखि ३ प्रतिशत formaldehyde or alcohol मा केही समय राखी कडा बनाउनु पर्छ र औंला सामान्य अवस्थामा आएपछि मसी लगाएर औंलाछाप लिइन्छ । यदि औंलाहरू धेरै ओसिलो भएमा औंलाहरूलाई केही सेकेन्ड Acetone मा डुबाउनु पर्छ ।
- ♦ यस विधिमा औंलाहरूको कडापनलाई सामान्य अवस्थामा फर्काउन लामो समय लाग्ने भएकोले एउटा औंलामा यो विधि सफल भएमा अरू औंलाको क्रमशः सोही प्रकारले औंलाछाप लिनु पर्दछ ।
- ♦ यदि यसरी औंलाछाप लिन सकिएन भने औंलालाई formaldehyde मा राखी कडा भएपछि pattern area जति काटेर छाला निकाली सफा गरे पश्चात् xylene मा राखी नरम भएपछि आफ्नो औंलामा लगाई औंलाछाप लिनु पर्दछ । निकालिएको पातलो छालालाई दुईवटा सिसाको बीचमा राखेर फोटो लिन पनि सकिन्छ ।
- ♦ जलेको अवस्थामा औंला कालो भए तापनि ridge details नष्ट नभएको हुन सक्छ । यस्तो अवस्थामा छाला कडा भई मासुमा कम टाँसिने हुनाले छाला निकाली औंलालाई सुरक्षित तरिकाले सफा गरी आफ्नो औंलामा लगाई औंलाछाप लिनुपर्छ ।
- ♦ औंला धेरै नै जलेको भए चलाएमा बिग्रने सम्भावना भएकोले ridge characters को फोटो मात्र लिनु पर्दछ ।
- ♦ शरीरको अन्य भाग जलेको अवस्थामा रहेको तथा हात र औंलाहरूको भाग मात्र नजली सुकेको अवस्थामा भए माथिको विधि अपनाउनु पर्दछ ।

**६. Water-soaked finger (पानीले भिजेको अवस्था)**

- ♦ औंलाछाप लिनको लागि औंलाहरू सुख्खा हुनैपर्दछ । सामान्यतया पानीमा भिजेको अवस्थामा केही घण्टामा औंला सुन्निएर मासु छोड्न थाल्छ । यस्तो अवस्थामा औंलालाई alcohol, benzene वा acetone ले केही सेकेन्ड दलेर सुख्खा बनाई छाला तन्काएर औंलाको pattern area को औंलाछाप लिनु पर्दछ ।
- ♦ यदि छाला चुडिएको वा छाला मासुबाट निस्केर झुन्डिएको छ तर pattern area मात्रै टाँसिएको अवस्थामा छ भने यसलाई बिस्तारै सफा गरी Alcohol वा benzene मा एक मिनेटसम्म राखी तन्काएर औंलाछाप उठाउने व्यक्तिको औंलामा राखी चाउरीपना हटाएर उठाउन सकिन्छ ।
- ♦ छाला औंलामा टाँसिएको तर खुम्चिएर कडा भएको अवस्थामा tissue builder

Inject गरी मसी लगाई औँलाछाप उठाउन सकिन्छ । यदि यसो गर्न सकिएन भने औँलाछापको फोटो खिची राख्नु पर्छ वा छाला काटेर दुई सिसाको बीचमा राखी फोटो खिच्नु पर्दछ र यदि ridge details छालाको सतहमा देखिएन भने छालाको underside को समेत फोटो खिच्नु पर्छ ।

- ♦ कुनै बेला बाहिरको छाला छुट्टिएको हुन सक्छ तर औँला पूर्ण रूपमा पानीमा भिजेको छैन भने औँलालाई सुख्खा बनाई औँलाछाप उठाउन सकिन्छ । यदि औँठाछाप स्पष्ट देखिएन भने औँलालाई alcohol, benzene or acetone मा भिजाई पुछेर मसी लगाई औँठाछाप उठाउन पर्दछ ।
- ♦ यदि बाहिरको छाला छुट्टिएको र पानीमा भिजेको अवस्थामा छ भने त्यस अवस्थामा औँलाहरूलाई ३० मिनेट जति Acetone मा राख्नु पर्छ र त्यसपछि एक घण्टा जति Xylene मा राखेर blotting paper ले औँलालाई सुख्खा बनाएर मसी लगाई औँलाछाप लिनु पर्दछ । यदि यसो गर्दा पनि राम्रो छाप नआएमा ridge details को फोटो खिच्नु पर्दछ ।

### ७. **Photography**

मसीद्वारा औँलाछाप लिन नसकिने अवस्थामा अन्तिम विकल्प भनेको फोटो खिच्नु हो । फोटो खिच्नको लागि प्रकाशका direct light, side light, floodlight, transmitted light, reflected light आदिको आवश्यकता अनुसार प्रयोग गर्नु पर्दछ । फोटो लिँदा १/१ साईजमा आउने गरी लिनु उचित हुन्छ ।

### ८. **Fingerprinting Kit Box मा भएका सामग्रीहरूको विवरण**

१.Different types of Postmortem fingerprint cards which fits postmortem fingerprint card holder.२.Larger finger straightener.३.Small finger straightener ४. Fingerprint pad or fingerprint ink, slab and roller. ५. Hypodermic Syringe. ६. Glycerine/tissue builder. ७. Xylene. ८. Acetone. ९. १०-१५% formaldehyde solution. १०. १-३% Sodium/Potassium Hydroxide. ११. Soft-bristled toothbrush. १२. Cotton. १३. Soap. १४. Towel. १५. Scalpel. १६. Scissors. १७. Spatula. १८. Forceps. १९. Paper envelope. २०. Blotting Paper. २१.Tissue Paper. २२. Personal Protective Equipment. २३. Filtered mask, nitrile gloves, boots, eye protective goggles. २४.DSLR Camera and accessories (tripod, memory card, battery, battery charger,

casing, high intensity normal light, etc.) २५. Rectangle/Square Glass pieces.

(**नोटः** हातका बुढी औँलाको ल्याप्चेलाई औँठाछाप भनिन्छ जुन नेपाली बृहत् शब्दकोशमा पनि उल्लेख गरेको पाइन्छ । त्यस्तै हातका दशैं औलाहरूका सबै छापहरूलाई औँलाछाप भनिन्छ जुन अंग्रेजी भाषाको Ten digit fingerprint को नेपाली अनुवाद हो । ) ♦♦

लघुकथा

# महत्व



✍ **घनबहादुर थापा**

घरमा एउटा पुरानो सन्दुक थियो । त्यसमा लामो भोटेताल्चा लगाइन्थ्यो । सन्दुक सजिलै नदेखिने गरी लुकाएर राखिन्थ्यो । भोटेताल्चाको साँचो बा'ले आफ्नो जनैमा बाँध्थे, मानौं कसैको आँखा नलागोस् ! त्यसैले हिँड्दा, सुत्दा जहिले पनि साँचो जनैमा झुन्डिरहन्थ्यो । आमा भन्थिन्, 'सन्दुकमा महत्वपूर्ण सामान छ क्या, साइँला ! चोरी होला, हराउला भनेर बा'ले यसरी जोगाएर राख्या छन् ।' भन्न त आमा यसै भन्थिन् तर उनलाई राम्ररी थाहा थियो कि थिएन शङ्कै लाग्छ । जे भए पनि आमाको कुरा र बा'को व्यवहारले मलाई कौतूहलता थप्थ्यो । 'के होला त्यो  सामान ?' मेरो मनमा ज्वारभाटा उठ्थ्यो । कहिलेकाहीँ त सन्दुक फोडिदिम् र त्यो रहस्यमयी सामान हेरम् भन्ने लाग्थ्यो । तर बा'को डरको अगाडि मेरो इच्छा हिउँ बन्थ्यो र एकैछिनमा पग्लेर पानी बनेर बग्थ्यो ।

एक दिन बा'को जनै चुँडिएछ र ओछ्यानमा झरेछ । थाहा छैन कति पुरानो थियो । मैले फेला पारेँ । बा खरबारीमा घाँस काट्न गएका थिए । आमा मेला गएकी थिइन् । 'मौका यही हो', बिस्तारै चुडिएको जनैमा लुट्पुटिएको साँचो च्याप्प समातेँ ।

दुइटा भकारीको बिचमा सन्दुक राखिएको थियो । सन्दुकको अगाडि अर्को सानो डालो राखेर सन्दुकलाई अगाडिबाट झट्ट देख्न नसक्ने बनाइएको थियो । तर सन्दुक लुकाएको ठाउँ मलाई राम्ररी थाहा थियो । लुसुक्क सन्दुक अगाडि पुगेँ । ताला खोल्न लाग्दा हात थरथर कामे । तै पनि साहस बटुलेर ताला खोलेँ । सन्दुकभित्र राम्ररी बटारेर गोलो आकारको बनाई राखेको कागज रहेछ । बाहिरपट्टी मोटो अक्षरमा लेखिएको थियो, 'छोराको भूत, वर्तमान र भविष्य थाहा पाउन सकिने चिना !'

बालकथा

# ह्वारह्वाती आगो

समिता गाई चराउन गइन् । उनलाई गाईवस्तुसँग खेल्न डुल्न मन पर्छ । उनी गाईवस्तु वनतिर लाइदिएर चौतारीमा बसिन् । आज उनी पहिले आइपुगेकी । 'हँ ! किन कोही नआएका ? म एक्लै !' उनी मनमनै डराइन् । केहीछिन पर्खंदै थिइन् साथीहरू आए ।

उनीहरू मिलेर गट्टा खेल्न थाले । खेल्दै थिए । एक्कासि आगाको ज्वाला देखियो । चैतको महिना, भुइँभरि सुकेका पात ! आगो भेटेपछि ह्वारह्वारती बल्न थाले । समिताहरू 'लौ, के गर्ने ?' भन्दै गट्टासट्टा छाडेर आगोतिर दौडे । उनीहरूले चिच्याए पाका मान्छे बोलाए । कसैले सेउला भाँचे । काँचा सेउलाले आगोमा हिर्काउन थाले ।

दिउँसोको समय भएकाले मान्छे एकाएक जम्मा भए । कसैले पानी, कसैले माटो, बालुवा, सेउला प्रयोग गरे आगो नियन्त्रणमा आयो । समिताले 'धन्न आगो निभाउन सकियो' भनेर सन्तोषको सास फेर्दै थिइन् । उता केराको थाम काटेर सुप्ला/मचेटा पार्दै सनतदाइ आइपुग्नुभयो । आगो निभिसकेकोले राहत महसुस भयो ।

'हैन कसरी आगो लाग्यो हँ ?' सनतदाइले आगो लाग्नुको कारण खोज्नुभो।



✍ डा. छायादत्त न्यौपाने

उहाँले तिमीहरूले लाइटर/सलाई आगो पार्ने चिज बोकेका छौं कि ?' सोधेपछि गोठालाहरूले मुखामुख गरे । 'कतै मसँग त छैन ?' उनीहरूले आ-आफै गोजी छामछुम गर्दै थिए नभन्दै जगतको गोजीमा भेटियो । 'मसँग रहेछ तर मेरो गोजीमा कसरी आयो ? मलाई थाहा छैन' भन्दै थरथर काँमे ।

'नडराऊ जगत, बरू भन तिमीले हो आगो बालेको ?' समिताले ढाडस दिँदै भनिन् । जगतले भने होइन, मैले आगो बालेको होइन । उनले नम्र उत्तर दिए । 'कसले हो ? ल, न ढाँटी भन । आफै साँचो बोल, केही हुन्न । अहिले ढाँट्यौ र पछि थाहा भयो भने राम्रो हुन्न । अहिल्यै नढाँटी भन ।' सनतले यति भनेपछि उविन अलिकति अघि सरे । उनले भने 'मैले चुरोट खाएर ठुटो फालेको के थिएँ सुकेका पात इयाप्पै टिपिहाल्यो ।'

सबैले उविनको अनुहार हेरे । गल्ती गरेँ भनेर उनलाई अप्ठ्यारो लागेछ

भुइँतिर हेरे । 'ल, उविन तिमीले ढाँटेनौ । गल्ती महसुस गऱ्यौ । यो ठिक भो । समिताले समयमा पहल गरिन् आगो नियन्त्रणमा लिन सकियो । हेर त आगो फैलिएको भए वनै सखाप ! कति पशुपन्छी, रूखबिरूवा र जडीबटी मासिन्थे । यस्तो गल्ती हामीले कहिल्यै गर्नु हुँदैन ।' सनतले सम्झाउनुभयो ।

'हो नि, सनतदाइ! वन पैदावार जोगाउने हामीले नै हो । आगलागी हुने काम गर्न र जथाभावी रूखबिरूवा मास्ने गल्ती कसैले गर्नुहुँदैन । कतै गल्तीले आगलागी भइहाले आजजस्तै सबै मिलेर निभाइहाल्नुपर्छ ।' समिताले समर्थन जनाइन् ।

'तिमीहरूले ठिक भन्यौ मलाई पनि थाहा थियो तर बिर्सेर फ्यात्त फालेछु । पातहरू ह्वारह्वार बल्न थालिहाले ।' थाहा भो नि गल्ती भो, आगो लाग्नु गलत हो ? अबदेखि हामी कसैबाट यस्तो गल्ती नहोस् ।

लागौँ पनि फेरि गाईवस्तु अरूको खेतीबालीमा पस्लान् । आज समयमा मान्छे जुटेकाले आगो निभाउन सकियो । ठुलो क्षति हुन पाएन भन्दै समिता, जगतहरू गाईवस्तु हेर्न वनतिर पसे । सनतदाइहरू 'आज केटीकेटीले समयमा खबर गरेकाले ठुलो हानि हुन पाएन' भन्दै घरतिर लागे। ♦♦

## मुक्तक



✍ **राजेशमान के.सी.**

सक्छौ सहयोगी बन, सक्तैनौ अरुको खुट्टा नतान ।
अनेकन् कुरा गरी आफूलाई भयङ्कर बाठो नठान ॥
ढिलो चाँडो तिम्रो कर्तुतको पर्दाफास हुनेछ अवश्य ।
यथार्थ यही नै हो तिमी यसलाई मान या नमान ॥

राम्रो कामको भन्दा पनि नराम्रो कै जगजगी ।
बुद्धिमानको भन्दा पनि बज्रस्वाँठकै रगरगी ॥
यसरी नै चल्ने हो त हाम्रो समाज ।
काम गर्ने भन्दा पनि गफ छाँट्ने नै अघिअघि ॥

समाजमा निकै चल्छन् महिला हिंसाका कुरा ।
आफ्ना पीडा दबाई राख्छन् पुरुष बबुरा ॥
पुरुषमाथि पनि हुन्छन् अन्याय-अत्याचार ।
घरकै खातिर उनका कति हुन्छन् इच्छा अधुरा ॥

वातावरण विकासबीच हुनुपर्छ सन्तुलन ।
नत्र यसले प्रकृतिमा ल्याउँछ ठुलो विचलन ॥
पर्यावरण संरक्षणमा ध्यान दिनै पर्छ ।
कुनै पनि विकास निर्माण गर्दा सञ्चालन ॥

मानव स्वरुप फरक तर एउटै हुन्छ आत्मा ।
असल-खराब कस्तो बन्ने हुन्छ आफ्नै हातमा ॥
कर्म राम्रो गरे बाहिर खोजी हिँड्नै पर्दैन ।
मनुष्यको हृदयमै बस्छन् परमात्मा ॥

# साक्षीको गोपनीयता



✍ **पूर्व प्र.ना.उ. भोजराज पाण्डेय**

सामान्य रूपमा साक्षी भन्नाले कुनै घटना, अवस्था वा कार्य प्रत्यक्ष वा परोक्ष रूपमा देखेको, सुनेको वा अनुभव गरेको व्यक्तिलाई जनाउँछ। जसले त्यसको बारेमा अरूलाई जानकारी दिन सक्छ । अझै सरल भाषामा भन्नु पर्दा घटनाको प्रत्यक्षदर्शी वा प्रमाण दिन सक्ने व्यक्ति नै साक्षी हो । कानुनी दृष्टिकोणमा भन्नु पर्दा अदालत वा अन्य निकायमा कुनै घटना वा विवादका सम्बन्धमा आफूले प्रत्यक्ष देखेको, सुनेको वा अनुभव गरेको तथ्य प्रस्तुत गर्ने व्यक्तिलाई जनाउँछ । वेद, उपनिषद र हिन्दू दर्शनमा साक्षी भन्नाले आत्मा वा परम चेतना (ईश्वर) लाई पनि जनाउँछ, जसले सबै कुरा देख्छ, तर प्रत्यक्ष रूपमा हस्तक्षेप भने गर्दैन। यी तथ्यहरूको आधारमा साक्षी भन्नाले घटनाको सत्यता प्रष्ट पार्न उपस्थित हुने, देखेको, सुनेको वा अनुभव गरेको तथ्य प्रमाणित गर्ने व्यक्ति वा चेतनालाई जनाउँछ।

नेपालको प्रमाण ऐन २०३१ ले कुनै पनि मुद्दाको सन्दर्भमा साक्षी प्रमाण बुझ्नु पर्ने कुरालाई स्पष्ट रूपमा व्यवस्था गरेको छ । अनुसन्धान तहकिकातको सिलसिलामा साक्षीले व्यक्त गरेको कुराले गम्भीर र तथ्यपरक अर्थ राख्दछ। किनभने पीडित साक्षी वा अन्य साक्षी भनेको घटनाको बारेमा देख्ने, जान्ने वा थाहा पाउने व्यक्ति हो भन्ने कुरालाई बिर्सनु हुँदैन । घटनाको बारेमा थाहा पाउने वा देख्ने व्यक्तिले अदालतमा उपस्थित भई बकपत्र नगरे सम्म सामान्यतया त्यस्तो भनाइले प्रमाणिक महत्व राख्न सक्दैन् । किनभने अदालत बाहिर मुद्दाको सन्दर्भमा के भइरहेको छ भन्ने कुरा अदालतको नोटिसमा हुँदैन र हुनु पनि हुँदैन । त्यसकारण अदालतमा साक्षी वा घटनाको प्रत्यक्षदर्शीको बकपत्र हुने कार्यलाई मुद्दा किनारा  वा फैसला गर्ने एउटा महत्वपूर्ण कडी मानिन्छ।

साक्षीको बकपत्र हुनु न्याय प्रशासनको प्रभावकारिताको लागि अत्यन्त महत्वपूर्ण मानिन्छ। त्यसैले पीडित साक्षी वा प्रत्यक्षदर्शी साक्षीको संरक्षण हुनु अत्यन्त जरूरी हुन्छ। साक्षी प्रमाणलाई मौखिक प्रमाणको एउटा महत्वपूर्ण

आधारशीला मानिन्छ । त्यसमा पनि पीडित साक्षीको भूमिका अन्य साक्षीको भन्दा बढी हुन्छ । पीडित साक्षी भन्नाले घटनाको प्रत्यक्ष रूपमा पीडा भोगेको वा घटनाबाट पीडित व्यक्ति मानिन्छ । जसले आफू उपरको आपराधिक क्रियाकलापको प्रत्यक्ष रूपमा पीडा भोगेका हुन्छन् । पीडित साक्षीलाई मुद्दाको सुनुवाइको सन्दर्भमा ठिकसँग अदालतमा प्रस्तुत गर्न सकिएमा निष्पक्ष न्याय सम्पादनको लागि अदालतलाई सघाउ पुग्न सक्दछ । यसो हुन सकेमा अभियुक्तले आफूले गरेको अपराध बमोजिमको सजाय पाउन र पीडितले न्याय तथा मनासिव क्षतिपूर्ति पाउन मद्दत पुग्दछ ।

न्याय प्रशासन ऐन २०७३ को दफा २८ (१) मा "मुद्दामा बयान वा बकपत्र गराउने वा फैसला वा आदेश गर्ने काम न्यायाधिश आफैले गर्नु पर्नेछ" भन्ने उल्लेख भएको कारणले गर्दा पनि साक्षी बकपत्र गराउने कार्य मुद्दाको सन्दर्भमा कति महत्वपूर्ण छ भन्ने कुरा स्पष्ट छ । हुन त अदालतका कर्मचारीले पनि पीडित साक्षीहरूको बकपत्र गराउन नसक्ने/नमिल्ने त होइन, तथापि यसको उद्देश्य नै पीडित साक्षीको भनाइलाई मुद्दाको अभिन्न अंग मान्नु पर्छ भन्ने सन्दर्भमा आएको व्यवस्था हो । यदि घटनाको यथार्थ भनाई राख्ने उपयुक्त वातावरण भएन भने उनीहरू विपरीत साक्षी हुने सम्भावना अधिक रहन्छ। डर, त्रास र भयले गर्दा नकारात्मक प्रभाव पर्न सक्दछ। भरपर्दो प्रमाण लोप हुन सक्ने जोखिम पनि उत्तिकै रहन्छ। परिमाणत न्यायको उद्देश्य पूरा नहुने र पीडितले न्याय प्राप्त गर्ने संवैधानिक हकबाट वञ्चित हुनु पर्ने हुन्छ । जसको कारण पीडकले आफूले गरेको अपराधबाट उन्मुक्ति पाउन सक्ने अवस्था बन्छ। त्यसकारण समाजमा जोखिमको सूचिमा रहेका महिला, बालबालिका तथा अपाङ्ग एवं वृद्धवृद्धा वर्गमा पर्ने पीडित साक्षीहरूको सुरक्षा र संरक्षणमा राज्य प्रभावकारी र कटिबद्ध रूपमा लाग्नु पर्दछ।

घटना वा अपराधको सूचना घटना अनुसन्धानको लागि महत्वपूर्ण कडी मानिन्छ । अपराधको सूचना प्रहरी वा कानुन कार्यान्वयन गर्ने जुनसुकै निकायमा स्वयम् पीडित वा अन्य मानिसहरूले पनि जुनसुकै माध्यमबाट (लिखित, मौखिक वा इमेल) दिन सक्छन् । अपराधको सूचनाको कारण नै सम्बन्धित निकायले अनुसन्धान कार्य अगाडि बढाउछ । सूचनाको स्रोतलाई राज्यले गोप्य राख्नु पर्ने हुन्छ । यदि सूचनाको स्रोत गोप्य राखिएन भने पीडितको संरक्षण जटील बन्न सक्दछ। फलस्वरूप राज्यले भविष्यमा त्यस्ता सूचनाहरू सहज रूपमा प्राप्त गर्ने पहुँच गुमाउन सक्दछ। सूचना दिएकै कारण पीडितले गाउँघर छाड्नु परेको दृष्टान्त

हामी कहाँ मनग्गे पाइन्छ । उनीहरूलाई सुरक्षा, संरक्षण र पीडितमैत्री वातावरणको प्रत्याभूति दिनु आवश्यक छ। पीडितलाई केन्द्रमा राखेर अनुसन्धानको दायरालाई अगाडि बढाउन सकेमा न्यायको ढोकासम्म पुग्दा त्यो पीडितमैत्री बन्न सक्छ। अन्यथा पीडक र पीडकको अपराधिक प्रवृत्ति समाजमा हावी हुने परिस्थिति निर्माण हुन्छ।

अपराधबाट पीडित भएका व्यक्ति तथा साक्षीहरूको संरक्षणका सन्दर्भमा नेपालमा विद्यमान कानुनी प्रावधान तथा व्यवस्थाहरू छरिएर रहेका छन्। नेपालको संविधानको धारा २१ मा उल्लेखित अपराध पीडितको हकमा "आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा तहकिकातको जानकारी पाउने हक हुने तथा कानुन बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने" हकलाई मौलिक हकको रूपमा संविधानले सुनिश्चित गरेको छ। २०७२ सालमा बनेको यो संविधान भन्दा अगाडिका संविधानहरूमा यस किसिमको व्यवस्था गरिएको थिएन। त्यसै गरि संविधानको धारा २० को उपधारा ९ ले प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक प्राप्त गर्ने व्यवस्थालाई सुनिश्चित गरेको छ। प्रमाण ऐन २०३१ को दफा ५१ मा पीडितलाई अनावश्यक रूपमा बेइज्जत गर्न वा झिझ्याउने प्रश्न सोध्न अदालतले मनाही गर्ने भन्ने व्यवस्था गरेको छ। यस प्रकारको व्यवस्थाले नागरिक प्रति राज्य तथा न्यायिक निकायको उत्तर दायित्वलाई बढावा दिएको छ। तथापि नागरिक स्तरको तल्लो तहसम्म यस संवैधानिक तथा कानुनी व्यवस्थाको बारेमा जानकारी हुन सकेको छैन भन्ने तथ्य अदालतको बार्दलीमा मसिनो र मलिन चेहरा लिएर न्यायको पर्खाइमा बसेका पीडितको अनुहार हेर्दा छर्लङ्ग हुन्छ। तसर्थ राज्यका सरोकारवाला निकायहरूले यस विषयमा नागरिक स्तरमा सुसुचित गर्नु पर्ने टड्कारो आवश्यकता छ।

पीडित तथा साक्षीको संरक्षण र सुरक्षाको महत्वपूर्ण पक्ष भनेको गोपनीयता हो। गोपनीयता कायम हुन नसकेमा पीडित तथा साक्षीको सामाजिक मानमर्यादामा मात्रै आँच आउने होइन कि प्रतिवादी वा पीडक पक्षबाट पीडित पक्ष उपर हुने डर, धाक धम्की तथा प्रलोभन र दबाबको कारण कतिपय पीडित साक्षी तथा तिनका परिवारजनले असिम पीडा भोग्नु परिरहेको छ। त्यसकारण घटना अनुसन्धानको क्रममा साक्षीको गोपनीयतालाई प्रमुखता दिनु पर्दछ। यस सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १८३ ले मूलभूत व्यवस्था गरेको छ। कुनै खास कसुर वा पीडित व्यक्ति वा साक्षीको परिचय सार्वजानिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको

सामाजिक प्रतिष्ठा, इज्जतउपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डरत्रास वा भय हुन सक्ने वा निजको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा त्यस्तो व्यक्ति वा साक्षीको नाम,थर, वतन वा निजको परिचय गोप्य हुन सक्ने, अन्य हुलिया गोप्य राख्न सकिने, मुद्दाका सुनुवाइका बखत वा सो सम्बन्धी विवरण प्रकाशन गर्दाका बखत अदालतको आदेश बमोजिम काल्पनिक नाम,थर,वतन वा बुबाको काल्पनिक नाम राखि प्रकाशन गर्नुपर्ने गरि गोपनीयताको हकलाई संरक्षण गरिएको छ।

त्यसैगरि सोही संहिताको दफा ११४ मा अनुसूची १ र २ अन्तर्गतको कसुर सम्बन्धी कुनै मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई कुनै अदालतमा बकपत्र गरिसके पश्चात आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा सुरक्षाको प्रबन्ध गर्न निजले अदालतमा कारण खुलाई निवेदन दिन सक्नेछ । त्यसरी अनुरोध भई आएमा अदालतले सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्ने र त्यसरी अदालतबाट साक्षी संरक्षणका सम्बन्धमा गरेको आदेश बमोजिम अपनाइएको कुनै विषयमा अदालतमा सो सम्बन्धमा प्रश्न उठाउन नपाइने गरि व्यवस्था गरिएको छ। त्यसैगरि कुनै खास कसुरबाट पीडित व्यक्ति वा कुनै मुद्दाको साक्षीको रूपमा रहेका व्यक्तिले साक्षीको रूपमा रहेको कारणले आफूलाई पक्षबाट अनुचित डर, त्रास, भय वा जीउज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने अवस्था देखाई प्रहरीलाई सूचना गरेमा प्रहरीले त्यस्ता साक्षीको संरक्षण गरिदिनु पर्ने समेत व्यस्था छ।

अपराधबाट पीडित साक्षी वा अन्य साक्षीहरूलाई प्रहरी लगायतका अनुसन्धान गर्ने विभिन्न निकायहरूबाट पनि यस विषयमा जानकारी गराइएको त हुन्छ नै । पीडितको सुरक्षा र संरक्षणको आवश्यकता परेमा अनुसन्धान गर्ने निकायहरू नै अग्रसर भएर पीडितको संरक्षण गर्नु पर्दछ। फौजदारी मुद्दामा पीडितको भनाइले मुद्दालाई निष्कर्षमा पुर्याउन महत्वपूर्ण अर्थ राख्ने हुँदा यसलाई नजरअन्दाज गरिनु हुँदैन । अदालतबाट पनि यस विषयमा चनाखो र सम्वेदनशील भई पीडितमैत्री वातावरणको निर्माण गर्नु पर्दछ। त्यसैगरि पीडितमैत्री कानुनी परिपालनाको निम्ति कानुन व्यवसायीहरूले पनि सदैव खबरदारी गर्नुपर्ने हुन्छ । अपराधबाट पीडित साक्षीहरूलाई सुरक्षा र संरक्षणको सन्दर्भमा निजहरूले प्राप्त गर्ने संवैधानिक तथा अन्य कानुनी हक तथा अधिकारको बारेमा पनि मुद्दाकै सन्दर्भमा जानकारी गराउनु पर्दछ । आवश्यक देखिएमा पीडित पक्षको सुरक्षाको प्रबन्ध समेत गर्न आफ्नो तर्फबाट अधिकतम प्रयास गर्नु पर्दछ।

♦♦♦

# प्रहरी कार्यमा कृत्रिम बुद्धिमत्ताको प्रयोग तथा चुनौतीहरू



✍ प्र.नि.मन्दिप चौहान

**विषय प्रवेशः**

'सोच्ने मेसिन' को अवधारणा प्राचीन ग्रीसदेखि नै चल्दै आएको देखिन्छ। कम्प्युटर तथा मेसिनलाई मानिसको जस्तो सिक्ने, बुझ्ने, समस्या समाधान गर्ने, निर्णय लिने, सिर्जनशीलता र स्वायत्तताको नक्कल गर्न सक्षम बनाउने प्रविधि नै कृत्रिम बुद्धिमत्ता हो । यसमा कम्प्युटर प्रणाली र मेसिन लर्निङ एल्गोरिदम मार्फत मानव बुद्धिमत्ताको नक्कल गर्दै स्वतन्त्र निर्णय लिन सक्ने क्षमता हुन्छ । सर्वप्रथम सन् १९५५ मा 'Artificial Intelligence' शब्दको प्रयोग अमेरीकन कम्प्युटर वैज्ञानिक जोन म्याकार्थीले गरेका थिए (Cole Stryker, २०२४) ।

विश्वका विकसित देशहरूमा एआईको प्रयोग द्रुत गतिमा बढ्दै गइरहेको देखिन्छ। अमेरिका, चीन, युरोपेली देशहरू, लगायत अन्य विकसित देशका प्रहरी संगठनले एआई आधारित प्रविधिहरू सञ्चालनमा ल्याइसकेका छन् । अपेक्षाकृत नतिजा र प्रभावकारी कानुन कार्यान्वयन गर्न नेपाल जस्ता विकासशील देशका लागि पनि यो प्रविधि सान्दर्भिक रहेको छ । आजको डिजिटल युगमा कृत्रिम बुद्धिमत्ताले विश्वभरका विभिन्न क्षेत्रहरूमा क्रान्तिकारी परिवर्तन ल्याइरहेको सन्दर्भमा स्वास्थ्य, बिमा, व्यापार र यातायात जस्ता क्षेत्रहरूमा एआईको प्रभाव परेजस्तै प्रहरी कार्यमा पनि यसको प्रयोग बढ्दै गइरहेको छ । प्रहरी सेवामा एआईको मद्दतले अपराध घट्नु भन्दा पहिले अनुमान गर्न, अपराधमा संलग्न व्यक्ति र आपराधिक घटना भएको स्थानहरू पहिचान गर्न तथा तथ्याङ्क विश्लेषण गरेर सुरक्षात्मक उपायहरू अवलम्बन गर्न सहयोग पुग्दछ । यसका अतिरिक्त प्रहरी कार्यमा गतिशीलता र प्रभावकारिता बढाउन एआईको प्रयोग विश्वव्यापी रूपमा भइरहेको पाइन्छ । तर प्रहरी कार्यमा कानुन बमोजिम नागरिकको स्वतन्त्रता, गोपनीयता र मानव अधिकारलाई केन्द्रविन्दुमा राखिने हुँदा एआईको प्रयोगले नैतिक, कानुनी र सामाजिक प्रश्न उठ्न सक्ने देखिन्छ (व्यज, २०१८) ।

**प्रहरी कार्यमा एआईको प्रयोग (अन्तर्राष्ट्रिय सन्दर्भ) :**

हाल एआई सहितको विभिन्न प्रणालीहरू प्रहरी कार्यमा प्रयोगमा रहेको छ। एआई प्रयोगको एउटा उदाहरण अनुहार पहिचान गर्ने प्रणाली (Facial Recognition System) हो । यस प्रविधिले सिसिटिभि फुटेज, तस्बिर र भिडियोहरूबाट व्यक्तिहरूको पहिचान गर्न सक्छ । फरार रहेका अभियुक्तहरूको खोजी, हराएका व्यक्ति, वा शंकित व्यक्ति पत्ता लगाउन तथा सार्वजनिक सुरक्षा निगरानी गर्न यो प्रविधि प्रभावकारी देखिएको छ । विश्वका धेरै सहरहरूमा सार्वजनिक स्थानमा एआई प्रणाली जडित क्यामेराहरूले तत् समयमा अनुहार पहिचान गरी कानुन कार्यान्वयन गर्ने निकायलाई सूचना पठाई अपराध रोकथाम र नियन्त्रणमा प्रभावकारी सावित भएकोले नेपालको सन्दर्भमा पनि महत्वपूर्ण सार्वजनिक स्थान, यातायात व्यवस्थापन र सीमा क्षेत्रमा यस्ता प्रणालीको प्रयोग उपयोगी हुने देखिन्छ।

प्रहरी कार्यमा एआई प्रयोगको अर्को क्षेत्र पूर्वानुमान गर्ने प्रविधि (Predictive Policing) रहेको देखिन्छ। यो प्रविधिले  अपराध सम्बन्धी पहिलेका तथ्याङ्क, सामाजिक-आर्थिक तथ्याङ्क र अन्य सान्दर्भिक सूचनाको विश्लेषण गरी भविष्यमा अपराध हुन सक्ने सम्भावित स्थान र समयको पूर्वानुमान गरी प्रहरी जनशक्तिको प्रभावकारी परिचालन र अपराध रोकथाममा महत्वपूर्ण भूमिका खेल्छ । सन् २०२० जनवरी १ मा भारतको हिमाचल राज्यमा प्रहरीले CCTV Surveillance Matrix बनाउन १९,००० भन्दा बढी सीसीटीभी क्यामेरा जडान गरेको थियो । प्रहरीको लक्ष्य यो म्याट्रिक्समा कुल ६८,००० सीसीटीभी क्यामेरा जडान गर्ने रहेको जुन प्रत्येक १०० जना नागरिकको अनुपातमा एक क्यामेरा रहने थियो । यही संरचना उक्त राज्यमा Predictive Policing मा आधारित प्रहरी रणनितिको आधार बनेको थियो (Bureau, २०२४) ।  हिमाचल राज्यमा मात्र नभई दिल्ली, तेलंगाना र झारखण्डका प्रहरी संगठनमा पहिले नै पूर्णरूपमा विकास भएका Predictive Policing प्रणाली सञ्चालनमा छन् (Singh, २०१७)। यस्तो प्रणालीले प्रहरीलाई घटना भइसकेपछि मात्र प्रतिक्रिया गर्ने भन्दा पनि सो अगावै जोखिम अनुमान गरी उपयुक्त कदम चाल्ने 'Proactive' शैलीतर्फ प्रहरीको रणनीति तर्जुमा गर्न मद्दत गर्दछ।

यसैगरी प्रहरीले दैनिक रूपमा घटना रिपोर्ट गर्न, जाहेरी दरखास्त तयार पार्न तथा अन्य प्रशासनिक कागजातहरू तयार गर्ने समेत एआईको प्रयोग गरिरहेका छन् । अमेरिकाका प्रहरी विभागहरूमा शरीरमा

लगाइने क्यामेरा (Body–Camera) को अडियोलाई ट्रान्सक्राइब गरेर अपराध प्रतिवेदन बनाउने काममा विशेषगरी Axon को 'Draft One' उपकरण मार्फत एआईको बढ्दो रूपमा प्रयोग भइरहेको छ । यस प्रणाली प्रयोग गरिरहेका विभागले प्रतिवेदन लेख्न लाग्ने प्रशासनिक समय करिब २३ मिनेटबाट घटेर ८ मिनेट भएको जनाएका छन् (Booth, २०२४)। यसैगरी विश्वका धेरै जसो विकसित देशमा नम्बर प्लेट पहिचान गर्ने प्रविधिको (Automatic Number Plate Recognition) प्रयोगले सवारी साधनको नम्बर प्लेट पहिचान गरी चोरीका सवारी साधन, ट्राफिक नियम उल्लङ्घन र शंकास्पद गतिविधिहरू पत्ता लगाउन सहयोग गरेको छ। यो प्रविधि विशेष गरी राजमार्ग सुरक्षा, सीमा निगरानी र सहरी क्षेत्रको सवारी आवागमन व्यवस्थापनमा अत्यन्त उपयोगी सावित भएको देखिन्छ।

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको तथ्याङ्क अनुसार आ.व. २०८१।८२ मा २९१ वटा साइबर अपराध सम्बन्धी कसुर दर्ता भएको छ । यसैगरी आ.व. २०८१।८२ मा नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरो भोटाहिटीमा सामाजिक सञ्जालको दुरूपयोग सम्बन्धी ३२५८६ वटा निवेदन/उजुरी परेको देखिन्छ । साइबर ब्यूरो भोटाहिटी भन्दा बाहेक सामाजिक सञ्जाल मार्फत अपराध पीडित भएको आ.व.२०८१।८२ मा ५१२५ वटा उजुरी परेको देखिन्छ। यसले साइबर अपराधको बढ्दो क्रम रहेको देखाउँछ। साइबर अपराध बढ्दै जाँदा एआई प्रयोगले मालवेर पत्ता लगाउन, ह्याकिङ प्रयास रोक्न र डिजिटल प्रमाणहरू विश्लेषण गर्न महत्वपूर्ण भूमिका खेल्छ। साथै फोरेन्सिक विश्लेषण, डिलिट भएको फाइल पुनःप्राप्ति, इन्क्रिप्टेड डाटाको विश्लेषण र डिजिटल फुटप्रिन्ट ट्र्याकिङमा समेत सहयोग गर्दछ।

एआईले घण्टौंको काम थोरै समयमा सम्पन्न गर्न सक्ने तथा मानवीय त्रुटि र पूर्वाग्रह रहित हुने हुनाले प्रहरी कार्यको उत्पादकत्व उल्लेखनीय रूपमा बढाउँछ। यसका साथै यो प्रणाली चौबिसै घण्टा लगातार सञ्चालित भइरहने हुनाले निरन्तर सुरक्षा निगरानी कायम राख्न सम्भव हुन्छ । Predictive Policing जस्ता प्रविधि प्रयोग गरेमा सीमित प्रहरी जनशक्ति परिचालन गरेर समेत प्रभावकारी कार्य सम्पादन गर्न सकिने अवस्था सिर्जना हुने देखिन्छ।

**एआई सम्बन्धी नेपालको कानुनी परिवेशः**

हाल नेपालमा आर्टिफिसियल इन्टेलिजेन्स सम्बन्धी छुट्टै ऐन नभए तापनि राष्ट्रिय विज्ञान प्रविधि नवप्रवर्तन नीति २०७६, डिजिटल नेपाल फ्रेमवर्क

२०७६, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५, सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयकको मस्यौदा, २०८१ र राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति, २०८१ को मस्यौदा तयार भएको देखिन्छ। यसैगरी सूचना प्रविधि सम्बन्धी विद्युतीय कारोबार ऐन, २०६३, सूचना तथा प्रविधि नीति, २०७२, राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० आदि रहेको देखिन्छ।

**प्रहरी कार्यमा एआईको प्रयोग (नेपालको सन्दर्भ):**

हाल नेपाल प्रहरीमा Nepal Police Mobile App, Criminal Record System (CRS), Online Police Clearance Registration System (OPCRS), Daily Incident Reporting System (DIRS), Traffic Violation Record System (TVRS) सहित ४० भन्दा बढी सफ्टवेयर प्रणालीहरू प्रहरी कार्य, अपराध अनुसन्धान तथा प्रशासनिक क्षेत्रमा प्रयोग भइरहेको छ। प्रयोग भएका यी प्रणालीहरू मध्ये केहीमा मात्र एआईको प्रयोग (AI-Enabled) भएको देखिन्छ । प्रहरी-नागरिक अन्तरक्रिया (Police Citizen Interface) लाई गुनासो रहित बनाउन जनशक्ति व्यवस्थापन गरिए पनि प्रहरीले गम्भीर प्रकृतिका अपराध रोकथाम तथा न्यूनीकरण गर्न प्राथमिकताका साथ स्रोत-साधन परिचालन गर्नुपर्ने बाध्यात्मक अवस्था हुन्छ। त्यसैले सामान्य प्रकृतिको घटना सम्बन्धमा जानकारी लिनु परेमा सेवाग्राहीले सन्तोषजनक प्रतिक्रिया पाउने अवस्था सुनिश्चित गर्न आवश्यक देखिएकोले उजुरी व्यवस्थापन तथा प्रहरी सम्बन्धी जिज्ञासाको समाधानका लागि एआई च्याटबट प्रयोग गर्न सक्ने देखिन्छ। यसैगरी पूर्वानुमानमा आधारित प्रहरी कार्य, भिड नियन्त्रण, सवारी व्यवस्थापन, डिजिटल फोरेन्सिक, साइबर अनुसन्धान लगायतका क्षेत्रमा समेत थप एआई प्रविधि विस्तार गर्न आवश्यक छ।

**चुनौतीहरू:**

प्रहरी कार्यमा एआईको प्रयोगले अपराध नियन्त्रण र समाजमा शान्ति सुरक्षा बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । एआई प्रविधिको विकास र प्रयोगसँगै प्रहरी कार्यमा यसको भूमिका पनि बढ्दै जाँदा मानवीय मूल्य, गोपनीयता, मानव अधिकार, पारदर्शिता, नागरिक अधिकार सम्बन्धमा समेत सचेत रही नागरिक सेवामा प्रयोग गर्न प्रभावकारी कानुन, नीति, नियमन र मापदण्डहरू आवश्यक रहेको छ । समुदाय, प्रहरी र प्रविधि क्षेत्रका सरोकारवालाहरूबीच सहकार्य गरेर मात्र एआईलाई प्रहरी कार्यमा प्रभावकारी र न्यायपूर्ण ढंगले लागु गर्न सकिन्छ । यसरी एआईको सकारात्मक पक्षहरूलाई आत्मसात गरी यसबाट उत्पन्न

गर्न सक्ने जोखिमहरूलाई न्यूनीकरण गर्ने प्रयास नै आजको आवश्यकता रहेको देखिन्छ ।

एआईको सबैभन्दा महत्वपूर्ण आलोचनाको पक्ष भनेको एल्गोरिदमको पूर्वाग्रह रहेको छ । एआई मोडेल तयार गर्न विगतका तथ्याङ्कहरू प्रविष्ट गर्ने क्रममा यदी विश्वसनीय तथ्याङ्क नभएमा वा प्रहरीको अभिलेखबाट प्राप्त तथ्याङ्कमा मात्र प्रशिक्षित एआई मोडेलहरूले पूर्वाग्रहहरू सिक्ने र आगामी दिनमा सोही कुरालाई निरन्तरता दिने अवस्था हुन्छ । उदाहरणका लागि कुनै निश्चित समुदायको मानिसहरू अपराधमा संलग्न भएको देखिएको खण्डमा प्रयोग गरिने एआई मोडलले उक्त समुदायमा पूर्वाग्रह सहित सोही समुदायका व्यक्ति थप अपराधमा संलग्न हुन सक्ने भविष्यवाणी गर्नेछ जसबाट प्रहरी कार्य तथा अपराध नियन्त्रणको क्षेत्रमा अन्यायको श्रृङ्खला निरन्तर हुन सक्ने जोखिम रहन्छ (Kristian Lum, २०१६) । यसैगरी अन्तर्राष्ट्रिय अभ्यासमा विशेष गरी अनुहार पहिचान गर्न प्रयोग भएका केही प्रणालीहरूमा महिला र निश्चित वर्णका मानिसहरूमा एआईले त्रुटियुक्त निष्कर्ष निकाल्ने दर उच्च रहेको देखिएको पाइन्छ । गलत पहिचानबाट व्यक्तिको स्वतन्त्रता हनन, गलत मानिस पक्राउ तथा दोषी करार समेत हुन सक्छ (Patrick Grother, २०१९) ।

अतः नेपाल जस्तो प्रहरी जनशक्ति र जनसङ्ख्याको अनुपात (करिब १:३९१) तुलनात्मक रूपमा कम भएको देशमा एआईले प्रभावकारी कानुन कार्यान्वयन मार्फत शान्ति सुव्यवस्था कायम राख्न, अपराधको पूर्वानुमान गर्न र शंकित तथा फरार प्रतिवादी पक्राउ गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ । एआई उपकरणमार्फत हराएका व्यक्तिहरू फेला पार्न, वेवारिसे शवहरूको पहिचान, प्रहरी कार्यमा पूर्वाग्रह घटाउने, अपराधको प्रारम्भिक कारणहरू पत्ता लगाउन सहयोग पुगे पनि यस सम्बन्धमा नेपालको भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीतिक अवस्था अनुकूल प्रयोग गर्न सकिने एआई मोडेलहरूमा थप अध्ययन तथा अनुसन्धान भने आवश्यक देखिन्छ । यसैगरी प्रभावकारी मानवीय निगरानी, समयानुकूल कानुन तथा प्रविधि, एआई विज्ञ, कानुन कार्यान्वयन गर्ने निकाय र नीति निर्माताबीच समन्वय र सहकार्य गरी पाइलट परियोजना मार्फत चरणबद्ध कार्यान्वयन गर्दा उपयुक्त हुनेछ । एआईले सुरक्षा क्षेत्रमा परिवर्तन ल्याइरहेको सन्दर्भमा प्रहरी कार्यलाई तथ्यमा आधारित, छिटो र प्रभावकारी बनाउन सक्ने क्षमता सहितका उपकरणहरू आगामी दिनमा प्रयोग गर्दा सार्वजनिक सुरक्षालाई सुदृढ बनाउने

तर नागरिक स्वतन्त्रता र गोपनीयतामा कुनै असर नगर्ने अवस्था सुनिश्चित गरी उपयोगी प्रविधिको कार्यान्वयन आवश्यक देखिन्छ।

**सन्दर्भ सामाग्रीहरू**


Barbara Booth..(2024) Police departments across U.S. are starting to use artificial intelligence to write crime reports. CNBC.

Eda Kavlakoglu Cole Stryker. 9 8), . (2024 https://www.ibm.com/think/topics/artificial-intelligence

Elizabeth E. Joh. (2018). Artificial Intelligence and Policing: First Questions.

Karn Pratap Singh.. (2017) Preventing crime before it happens: How data is helping Delhi Police. Hindustan Times.

Mei Ngan, Kayee Hanaoka Patrick Grother. (2019). Face Recognition Vendor Test (FRVT) Part: 3 Demographic Effects.

National Institute of Standards and Technology, U.S. Depratment of Commerce.

Outlook Web Bureau. 17 1), . (2024Outlook: https://www.outlookindia.com/national/india-news-19000cctv-cameras-on-real-time-streaming-at-hp-police-hqs-news-360917

William Isaac Kristian Lum. October 07,. (2016To predict and serve? Royal Statistical Society: https://rss.onlinelibrary.wiley.com/ oi//10.1111j.. 9713. 2016. 00960- 1740x


♦♦♦

**गीत**



✍ **श्यामकृष्ण डंगोल 'प्रतिक्षा'**

बलेको आगो ताप्ने धेरै छन् यहाँ
जलेको मुटु जलिरहेकै हुन्छन् जहाँ।
हुँदैन कोही टिप्ने, फुलेर झर्ने फूल
कहिलेकाहीँ काम लाग्छ उसलाई सम्हाल।

जिन्दगी भनेकै आखिर घाम छाया हो
कहिले दिन कहिले रात प्रकृतिको खेल हो।
अजम्बरी कोही छैन, विधाताले लेखेको
जन्मेपछि मर्नु पर्ने चलन नियतिको।

जतन गर्न सक्दिन भने नआऊ मेरो वरपर
जीवनभरि पीडा दिई नभन कठैबर।
बलेको आगो ताप्ने धेरै छन् यहाँ
जलेको मुटु जलिरहेकै हुन्छन् जहाँ।

# आध्यात्मिक रूपान्तरणः आहार, विहार र व्यवहार



✍ प्र.व.ना.नि. प्रेमराज मिश्र 'अभीष्ट'

**भनिन्छ** -"साना साना उद्देश्य लिएर बाँच्नु पनि अपराध हो।"

केही मानिसहरू भन्ने गर्दछन् "खासमा मानिस खानको लागि बाँच्छ कि बाँच्नको लागि खान्छ ?"

एक समयको कुरा हो।

सूर्यको प्रभातकालीन किरणहरू विशालकाय डाँडाकाँडाहरू फड्को मार्दै कार्यालय परिसरभित्र प्रवेश गर्ने तरखरमा थिए । प्रहरी कार्यालयको ठिक दक्षिण भागमा अवस्थित अर्धकदको सालिक जस्तो देखिने निलगिरि हिमालको विस्फारित मुस्कानले जोमसोम बजार मुस्कुराइरहेको थियो।

हिमाल पारीको जिल्ला मुस्ताङको बारेमा थेरथोर जानकार नहुने को होला र! धार्मिक एवं पर्यटकीय हिसाबले विश्वकै आकर्षणको मुख्य केन्द्र रहेको मुक्तिनाथको सान्निध्यताले मुस्ताङको पवित्र भूमि आह्लादित थियो। पर्खाल नजिकै लटरम्म फलेका पोटिला स्याउहरू र रङ्गीविरङ्गी फूलहरूको वासनाले सुनमा सुगन्ध थपिएको थियो। समीपमा रहेको शालीग्राम उद्यान र आध्यात्मिक अनुकम्पाले मन प्रफुल्फित थियो । मानौं सम्पूर्ण वातावरण नै आध्यात्मक भइरहेको थियो।

पूजारीबा हातमा थाली लिएर टुप्लुक्क आइपुग्नुभयो । साथमा निमित्त कार्यालय प्रमुख प्रहरी निरीक्षकज्यू पनि सँगै हुनुहुन्थ्यो । हामीले पूजारीबाको हातबाट दूर्गाभवानी माताको टीका ग्रहण गऱ्यौं । पूजारीबाले 'भो भो पर्दैन' भन्दै हुनुहुन्थ्यो। तैपनि टीका ग्रहण गरेबापतको सामान्य दस्तुर थालीमा मैले जो खुसुक्क समर्पण गर्दा भएँ। एक काम दुई पन्थ।

हामीबीच सामान्य कुराकानी भयो। त्यसक्रममा आध्यात्मिक अन्तरङ्गले पनि स्थान पायो। कहिलेकाहीँ आध्यात्मिक भलाकुसारी हुनु एक पनि किसिमको आनन्दको अनुभूति गर्ने अवसर प्राप्त हुनु हो।

**सरः** (**हँसिलो मुद्रामा**) "मिश्र ! तिमीले एउटा काम गर्नुपऱ्यो।"

**प्रेमः** (**जिज्ञासापूर्वक**) "कस्तो काम सर ? आज्ञा होस् न, हजुर, म तुरून्त.........।"

**सरः** (**गम्भीरभावमा**) "प्रहरीको आहार

र आचरणमा कसरी सुधार्ने होला ? यस विषयमा कुनै एउटा आध्यात्मिक उपायको खोजी गर्नुपर्‍यो । तपाईं अध्यात्ममा विशेष अभिरूची राख्नुहुन्छ । त्यसैले ......!"

**प्रेमः** (**विनम्र शैलीमा**) - "सर ! यसको लागि प्रहरी सेवालाई अध्यात्मतर्फ रूपान्तरण गर्न जरूरी छ ।"

**सरः** "यसबारे कुनै एउटा लेख लेख्नुहोस् । हामी फेरि कुनै 'अर्को दिन' यसबारे फुर्सदमा गफ गरौंला ।"

**प्रेमः** "हुन्छ सर । म विज्ञ त होइन । म अनभिज्ञ नै छु । तैपनि मेरो एउटा सानो प्रयत्नले कसैको जीवनमा सकारात्मक परिवर्तन हुन्छ भने म अवश्य यसबारे केही लेखौंला ।"

**अफसोस** !

लगत्तै सरको सरूवा भयो । सरले भने अनुसार त्यो 'अर्को दिन' कहिल्यै आएन । त्यो वाचा मनमा मात्र लेखियो, जो आज लेख्दैछु ।

एउटा सामान्य उदाहरणका रूपमा मादक पदार्थको सेवनलाई लिऊ । शास्त्रले पनि केही महापापहरूमध्ये मदिरापानलाई महापाप मानेको छ ।

**यद्यपि कोही किन मादक पदार्थको सेवन गर्न बाध्य हुन्छन् ?**

प्रहरीलाई मादक पदार्थको सेवन गर्ने अनुमति छैन । तथापि केही प्रहरी कर्मचारीहरू नचाहेरै पनि यसको कुलतमा फसेका हुन्छन्/छन् । जब कि रोलकालमा बारम्बार सम्झाइबुझाई गरिएको हुन्छ । कार्यालय प्रमुखज्यूले पनि सचेत गराउनुभएकै हुन्छ । तैपनि यदाकदा यो समस्या बढ्दो छ । जसले गर्दा एकातिर स्पस्टीकरणको चाङ । अर्कोतिर कार्यालय समय र श्रमको समेत बरबाद ।

**गीतामा अर्जुन भगवान कृष्णसँग प्रश्न गर्दछन्ः**

◆ अथ केन प्रयुक्तोयं पापं चरति पूरषः । अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजित ॥३६॥ (हे वृष्णिवंशी ! मानिसले नचाहँदा नचाहँदै पनि बलपूर्वक पापकर्ममा कसैले लगाए जस्तै केबाट प्रेरित भएर पाप गर्दछ ?)–३.३६, **कर्मयोग**, **श्रीमद्भगवद् गीता यथारूप ।**

मादक पदार्थ सेवन गर्नेहरूले प्रायः भन्ने गर्दछन्- "टेन्सन भएर ....!"

अर्को जवाफ आउछ-"घरायसी/ पारिवारिक कारण.................!"

यथार्थमा मादक पदार्थको सेवन न 'टेन्सन' (तनाव) घटाउने अचुक उपाय हो न त यो घरायसी कारण नै । बरू यो वेपर्वाह र अज्ञानताको लक्षण हो । यो आफ्नो कमजोरी ढाकछोप गर्ने बाहना मात्र हो ।

**प्रश्न उठ्दछ–** "के मादक पदार्थको सेवन नै तनाव कम गर्ने अन्तिम उपाय हो ? के यसबाट छुटकारा पाउने कुनै विधि वा उपाय नै छैन ?"

**अवश्य छ,**

मदिरा सेवनको बाटो जहिल्यै एकतर्फी (**वान वे**) हुन्छ, यसमा दुईतर्फी सवारीको कुनै स्थान नै छैन । कुनै पनि किसिमको मदिराले विभिन्न रोगका साथै क्यान्सर सम्म गराउँदछ। यसबाट बच्ने सबै भन्दा सुरक्षित उपाय भनेको मदिरा नपिउनु हो/सेवनको लत त्याग्नु नै हो। तथ्याङ्कले यही बताउँदछ।

**अध्यात्मले के भन्दछ ?**

अध्यात्मले कुनै पनि समस्याको मूल जरो पत्ता लगाउँदछ र त्यसको स्थायी समाधानको उपाय पनि बताउँदछ चाहे त्यो मादक पदार्थको सेवन होस् वा अरू कुनै कुलत। यसको लागि सर्वप्रथम आफूलाई अध्यात्ममा रूपान्तरण गर्न जरूरी छ।

**अध्यात्ममा प्रवेश गरौं** !

**तात्पर्य खण्डमा भनिएको छ–** "जीवात्माको स्वभाव किन विचलित हुन्छ ?-**पृष्ठ नं**.१७२.

अध्यात्ममा यो प्रश्न निकै महत्वपूर्ण मानिएको छ । किनकि जिज्ञासाहरूबाट नै वास्तविक आध्यात्मिक यात्राको प्रारम्भ हुन्छ । **भनिएको छः** "जबसम्म मानिसमा आफ्नो कष्टप्रति जिज्ञासा उत्पन्न हुँदैन अनि जबसम्म उसलाई कष्ट भोग्नुभन्दा मुक्त हुने उपाय खोज्नुमा अभिरूची जाग्दैन तबसम्म उसलाई पूर्णमानवका रूपमा सम्झिनु पनि हुँदैन । जहिले देखि मनमा यस प्रकारको जिज्ञासा जाग्न थाल्दछ त्यसै समयदेखि मानिसमा सहि मानवता सुरू हुन्छ।" **–पृष्ठ नं**. ०६.

**प्रसङ्ग– आहार, विहार र व्यवहारकै** !

वास्तवमा आहार (भोजन) विहार र व्यवहार कसरी एकापसमा सम्बन्धित/अन्योन्याश्रित छन् र यसले मानिसको जीवनमा के के कस्तो प्रभाव पार्दछ ?

हो, हाम्रो मुख्य खुराक नै भोजन हो। सबै खानेकुरा सन्तुलित र स्वस्थ्यकर हुन्छ भन्ने छैन । हामी प्रायः स्वास्थ्यको ख्याल नै नगरी स्वादे जिब्रेको पछि लागिरहेका हुन्छौं।

एउटा निरोगी वा स्वास्थ्य मानव निर्माणका लागि प्रकृतिले विशेष प्रकारका खानेकुराहरू निर्धारण गरेको छ। जस्तैः मानिसको लागि अन्न, सागपात र फलफूल । पशुहरूका लागि घाँसपात । जनावरको लागि मासु। चराचुरीङ्गीहरूको लागि कीटपतङ्ग । गिद्धको लागि सिनु। त्यस्तै जूका, जुम्रा, उपियाँको लागि रक्त...... आदि।

प्रत्येक प्राणीको शरीरको संरचना अनौठो प्रकारको संयोजनले युक्त हुन्छ जसको हामी कल्पना समेत गर्न सक्दैनौं । जब हामी मापदण्ड विपरीतका खानेकुराहरू ग्रहण गर्दछौं त्यो शरीरका निश्चित अङ्गप्रत्यङ्गहरूमा कार्यबोझ/

कार्यभार बढ्नु स्वभाविक नै हो । यसले निश्चित प्रकारको कार्य सम्पादन गर्न तोकिएका अङ्गहरूको सेवा प्रवाह अवरूद्ध हुन पुग्दछ । मांसहार, धुम्रपान, मद्यपान, लागु औषध आदिको सेवनले मानिसको स्नायू प्रणाली र मस्तिकमा असर गर्दछ । अत्याधिक व्यस्तताका कारण अङ्गहरूले एकातिर आफ्नो कार्यक्षमता गुमाउँदै जान्छन् भने अर्कोतिर विभिन्न औषधीहरूको सेवन गरी दबाब सिर्जना गर्नुपर्ने हुन्छ जुन आर्थिक दृष्टिले खर्चिलो हुन जान्छ। कुनै दिन यस्तो समय आउँदछ जुन समय मानिसको समग्र स्वास्थ्य स्थिति पूरै प्रभावित एवं प्रतिकूल हुन्छ। कालन्तरमा मानिस विभिन्न भयानक रोगहरूको सामना गर्नुपर्ने हुन्छ । मृत्युको प्रतीक्षा गर्नु बाहेक कुनै उपाय नै हुँदैन । हाम्रा सबै उपायहरू समाप्त भइसकेका हुन्छन् । अनि औषधी नै नपाइने सहरमा 'मलाई रोग लाग्यो' भनेर पछुताएर के गर्नु !

**अत भन्नै पर्ने हुन्छः** अन्य जेसुकै कुरा लेखिएको भए पनि मानव जीवनको लागि सबैभन्दा महत्वपूर्ण कुरा हो- "**स्वच्छ विचार, स्वस्थ मस्तिक र स्वस्थ शरीर** !"

**प्रश्न उठ्न सक्दछ–** "स्वच्छ विचार, स्वस्थ मस्तिक र स्वस्थ शरीर" को निर्माण हुन्छ कसरी ?

यसको एउटै जवाफ हो- **आहार** (**भोजन**) !

**स्मरणीय छ–** साकाहारी भोजनबाट प्राप्त हुने यथेष्ट सात्विक उर्जा मांसाहारी भोजनबाट प्राप्त नहुन सक्दछ अर्थात् मानव जीवनमा प्राप्त गर्नुपर्ने आध्यात्मिक उचाइ जति साकाहारी मानिसहरूले प्राप्त गर्दछन् त्यति मांसहारकर्ताले प्राप्त नगर्न सक्दछन् । हामी सहजै अनुभव सक्दछौं कि यसले मानिसको जीवनमा के कस्तो प्रभाव पारिरहेको हुन्छ ।

शास्त्रानुसार भोजन प्रकृतिको गुणअनुसार तीन प्रकारको हुन्छ- '**सात्विक, राजस र तामस** ।'

**गीतामा भोजनको प्रकृतिका सम्बन्धमा भनिएको छ :**

♦ आयुः सत्त्वबलारोग्यसुखी प्रीतिविवर्धनाः। रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्त्विकप्रियाः ॥८॥ (जुन् भोजनले आयु बढाउँदछ, जीवनलाई शुद्ध पार्दछ, बल, स्वास्थ्य, सुख तथा तृप्ति प्रदान गर्दछ त्यस्तो भोजन सतोगुणी व्यक्तिहरूलाई मन पर्दछ । यस प्रकारको भोजन रसमय हुन्छ, स्निग्ध हुन्छ, हितकारी र स्वास्थ्यकर हुन्छ र हृदयलाई आनन्द दिने किसिमको हुन्छ ।) –१७.८ (**श्रद्धाका प्रकार**)

♦ टूवम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः। आहारा राजष्येष्टा दुःखशोकामप्रयदाः ॥९॥ (अध्यात्धिक तीतो, अमिलो, नुनिलो, तातो, पिरो, सुख्खा तथा तातोपन उत्पन्न गराउने भोजन रजोगुणी व्यक्तिलाई मन पर्दछ । यस्तो भोजनले दुःख, शोक तथा रोग उत्पन्न गराउँदछ।) –१७.९ (**श्रद्धाका प्रकार**)

♦ यातयां गतरसं पूतिपर्युषितं च यत् ।

उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रिय ॥१०॥ (ग्रहण गर्नुभन्दा तीन घण्टा पहिले पकाइएको, स्वादरहित, बिग्रिएको, सडेको र जूठो तथा अस्पृश्य खानेकुरा तमोगुणी मानिसलाई प्रिय लाग्दछ।)–१७.१० (**श्रद्धाका प्रकार**)

सामान्यतया प्रत्येक देहधारी जीवात्मामा सत्व, रज र तम गरी तीन गुणहरू हावी हुन्छन् । उदाहरणार्थ यसलाई क्रमशः सग्लो चामल, कनिका र भूसको उपमा दिन सकिन्छ । सतोगुण सबैभन्दा अब्बल गुण हो । रजोगुण मध्यम र तमोगुण सबैभन्दा खराब, निकृष्ट र निन्दनीय मानिन्छ । यी गुणहरू एकले अर्कालाई पराजित गरेर आफू प्रमुख बन्नका लागि मानिसको मनमा सधैं द्वन्द्व सृजना गरिरहन्छन् । त्यसैले मानिसको मन सदा चञ्चल, अनियन्त्रित र अस्थिर रहन्छ । व्यक्ति वास्तविक सत्व गुणमा अवस्थित भएपछि मात्र मन शुद्ध, शान्त र स्थिर हुनपुग्दछ, समुद्रको पानी झैं ।

भनिएको छः जो व्यक्ति प्रकृतिका गुणहरूको सम्पर्कमबाट मुक्त भएर निरहंकारी बनेर तथा धैर्यशील र अत्यन्त उत्साही बनेर सफलता र असफलतामा विचलित नभई कर्म गर्दछ भने त्यस्ता व्यक्तिलाई 'सतोगुणी कर्ता' भनिन्छ। त्यस्तै कर्म र कर्मफलप्रति आसक्त हुँदै फल भोग्न चाहने लोभी, सदैव ईर्ष्यालु, अपवित्र र सुख र दुःखमा विचलित हुने कर्तालाई 'राजसीकर्ता' भनिन्छ भने सधैं शास्त्रनियम विरूद्ध काम गर्न तत्पर, भौतिकवादी, एकोहोरो जिद्दी, ठग र अर्काको अपमान गर्न निपूर्ण, सधैं खिन्न भइरहेने, ढिलो काम गर्ने तथा अल्छी स्वभावको कर्तालाई 'तमोगुणीकर्ता' भनिन्छ।

व्यक्तिको ज्ञान, कर्म, भक्ति, श्रद्धा, विश्वास, लगायत उसको सोच, जीवनप्रतिको धारणा, सपना, महत्वकांक्षा, लक्ष्य, उद्देश्य, प्रगति, उन्नति, अवनति आदिको स्तर उसले आर्जन गरेको गुणअनुसार नै मापन एवं निर्धारण हुन्छन्।

जब मानिसको मन विचलित हुन्छ तब संयमता र धैर्यता गुमाउन पुग्दछ। यस्तो अवस्थामा व्यक्तिले सही कुराको अनुमान एवं विश्लेषण गर्न सक्दैन । के गर्ने के नगर्ने, के खाने के नखाने, कहाँ जाने वा नजाने र कस्ता व्यक्तिको सङ्गत गर्ने नगर्ने भन्नेबारे ऊ द्वविधा/भ्रममा पर्दछ । यस्तो बेलामा कसैको गलत साथ, समर्थन र उक्साहटका कारण ऊ अर्काको लहैलहै, देखासिकी र प्रलोभनमा फँस्न पुग्दछ। जब नराम्रा कुराहरूले निरन्तरता पाउँदछ तब सोच्नै पर्ने हुन्छ- "ऊ कुनै न कुनै लत, कुलत, तलतल, दलदलमा फस्दैछ ।" त्यो कालन्तरमा एउटा आदत (बानी) को रूप लिन पुग्दछ। यही आदत नै उसको लागि अभिशाप बन्दछ। अनेकौं दुःख,

शोक र रोगको कारण बन्दछ । यसको अन्तिम परिणाम हो- "**अकाल मृत्यु** !"

**जब कि शास्त्रमा बताईएको छ–** "मनुष्य जीवन अत्यन्त दुर्लभ एवं क्षणभङ्गुर छ।"

रजोगुण र तमोगुणको मिश्रित प्रभावहरूका कारण मानिसको जीवनमा यस्ता अनेकौं संकट र दरारहरू उत्पन्न हुन्छन् । यसले मानिसलाई सुखसँग बाँच्न दिँदैन । स्वर्गजस्तो जीवनलाई नरकतुल्य बनाइदिन्छ । जीवन थप जटीलतातर्फ धकेलिन्छ । जसले गर्दा मानिस कथित तनाव, घरयासी समस्या र बाध्यताको बहानामा धुम्रपान, मद्यपान, मांसहार, जुवातास, परस्त्रीगमन, वेश्यावृत्ति, लागु औषध आदिको दुर्व्यसनमा सजिलै फँस्न पुग्दछन् । अन्त्यमा आत्महत्याको बाटो समेत रोज्न पुग्दछन् । त्यसैले मानिस जतिसक्दो यस्ता कुलतहरूबाट बच्नुपर्दछ। सतोगुणतर्फ उन्मख हुनुपर्दछ।

**भनिएको छ–** "तमोगुणबाट क्रोध उत्पन्न हुन्छ । यिनै गुणहरू नै स्वयं क्रोध तथा यस्तै अन्य रूपमा प्रकट हुन्छन्। यदि रजोगुणलाई तमोगुणमा पतन हुन नदिने हो र काम गर्न र बाँच्नका लागि निर्धारित गरिएका विधिद्वारा यसलाई सतोगुणमा पुऱ्याउने हो भने त्यसबाट उत्पन्न हुने आध्यात्मिक आसक्तिले मानिसलाई क्रोधको स्थितिमा पतन हुनबाट रक्षा गर्दछ।"**–पेज १७३**.

अतः सत्वगुणमा पुऱ्याउनका लागि आहारमा ध्यान दिनु अत्यन्त जरूरी छ। यसले नै व्यक्तिको आगामी भविष्य, प्रगतिशील जीवन र सफलताको आधार भूमि निर्माण गर्दछ । यसमा कुनै शंका छैन ।

**आहार शुद्धीकरणका लागि निम्न उल्लेखित कुराहरू अत्यन्त महत्वपूर्ण छन् जसलाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुनेछः**

◆ "आहारशुद्धौ सत्त्वशुद्धिः सत्त् वशद्धौ ध्रुवास्मृति स्मृतिलम्भे सर्व ग्रन्थीनां विप्रमोक्षः." यज्ञ गर्नाले मानिसको आहार (खानेकुरा) शुद्ध हुन्छ । शुद्ध भोजन गर्नाले मानिसको जीवन नै शुद्ध हुन पुग्दछ । जीवन शुद्ध भएपछि मस्तिकका सूक्ष्म तन्तुहरू शुद्ध हुन्छन् । यसरी जब मानिसको स्मृति शुद्ध हुन्छ अनि ऊ आफ्नो मुक्तिका बारेमा विचार गर्न थाल्दछ। यी सबै कुरा मिलेर मानिसलाई कृष्णभावनातिर उन्मुख गराउँदछन् र यही नै वर्तमान समाजका लागि सबभन्दा आवश्यक कुरा हो।**–पृष्ठ नं**.१४९.

◆ "आहारको उद्देश्य आयु बढाउनु, मस्तिकलाई शुद्ध पार्नु तथा शक्ति पुऱ्याउनु हो । प्राचीन कालमा महापुरुषहरू दुधका परिकार, चिनी, चामल, गहुँ फलफूल तरकारी आदि आयुवर्धक तथा बलबर्धक आहार चयन गर्दथे । यस्ता आहार सतो गुणी व्यक्तिलाई मन पर्दछ । तीतो, पिरो, चर्को, धेरै तातो, रातो खुर्सानी मिसाएको

भोजन रासजी हो र राजसिक भोजनले आमाशयको श्लेष्मा घटाएर रोग उत्पन्न गर्दछ र कष्ट दिन्छ । बासी भोजन स्वतःतामसिक हुन्छ ।-**पृष्ठ नं**. ६४६.

♦ मानिसलाई मासु खानुपर्ने आवश्यकता छदैछैन, किनभने यहाँ प्रशस्त अन्न, साग, फल र दूध उपलब्ध छन् । यस्ता सादा भोज्य पदार्थलाई भगवद्गीताका अनुसार सत्वगुणी भोजन भनिन्छ । मांसाहार तमगुणीका निमित्त हो । तसर्थ जो मासु खान्छन्, रक्सी पिउँछन् तथा धुम्रपान गर्दछन् र कृष्णलाई भोग नलगाइकन भोजन गर्दछन् तिनीहरूले यस्ता दूषित पदार्थ सेवन गरे बापत लाग्ने पापको फल अवश्य पनि भोग्दछन् ।-**पृष्ठ नं**. २७०.

♦ निर्दोष पशुलाई मार्नुपर्ने कुनै आवश्यकता छैन । पशुलाई मार्ने काम त पाशविक मनोवृत्ति भएका मानिसहरूले मात्र गर्दछन् । पशुबध अत्यन्त अमानवीय कृत्य हो । जहाँसम्म प्रोटिनको कुरो छ मटर, दाल, दलिया आदि पदार्थबाट प्रशस्त प्रोटन पाइन्छ ।-**पृष्ठ नं**. ६४६.

♦ तमोगुणी मानिसहरू प्रमत्त हुन्छन्, उन्मत्त हुन्छन् । आफ्ना परिस्थितिहरूद्वारा पीडित भएर तिनीहरू मद्यपानको शरण लिन पुग्दछन् र यसरी तिनीहरू अझ बढी अज्ञानमा डुब्दछन् । तिनीहरूको आगामी जीवन अत्यन्त अन्धकारमय हुनपुग्दछ ।-**पृष्ठ नं**. ५७८.

**निष्कर्षः**

वैदिक शास्त्रहरूले शुद्ध आहार, विहार र आचरणलाई विशेष जोड दिएको देखिन्छ । शुद्ध आहार (शाहकारी भोजन) नै मानव जीवनको आध्यात्मिक यात्राको प्रथम पाइलो हो । आहार शुद्ध भएपछि मस्तिष्कीय तन्तुहरू शुद्ध हुन्छन् । यसबाट शुद्ध मनको व्यूत्पत्ति हुन्छ । मन शुद्ध भएपछि व्यवहार (कर्म) शुद्ध हुन्छ । शुद्ध कर्मबाट कर्मको फल शुद्ध हुन्छ । कर्मफल शुद्ध भएपछि जीवन शुद्ध हुन्छ । जीवन शुद्ध भएपछि आगामी जीवन पनि सुख, शान्ति र आनन्दले आलोकित हुन्छ । यही नै आध्यात्मिक जीवन निर्माणको सोपान हो । यसलाई व्यक्तिगत एवं व्यावसायिक जीवनमा अक्षरसः पालन गर्ने हो भने आध्यात्मिक रूपान्तरण सम्भव छ ।

समग्रमा प्रत्येक व्यक्ति दुई प्रकारको स्वभावबाट निर्देशित हुन्छ । एक झिंगा र अर्को माहुरी । झिंगाले सदा गलत दिशातर्फ लैजान्छ भने माहुरीले सुगन्धित उद्यानतर्फ । यही नै सात्विक आहार, विहार र व्यवहारको प्रतिफल हो । झिंगा बन्ने कि माहुरी ? अन्धकारको बाटो रोज्ने कि उज्यालो ? यो कुरा व्यक्तिको आफ्नै हातको मुठ्ठीमा कैद छ । अतः आफूलाई आध्यात्मिक रूपान्तरणको लागि समर्पित गर्ने कि ! शुभकार्यमा किन ढिला ?

**सन्दर्भ सामाग्रीः**

♦ श्रीमद्भगवद्गीता यथारूप ।

- प्रभुपादजीको आध्यात्मिक जीवन संघर्ष ।
- प्रहरी द्वैमासिक प्रकाशन ।
- विकिपीडिया ।
- विभिन्न विद्युतीय खबर ।
- विभिन्न फुटकर लेख र रचनाहरू ।

◆◆◆

लघुकथा

# न्यायिक फैसला



✍ **बिन्दु अधिकारी ढकाल**

"यो पानी ओइरिएको देखेर मेरो मनमा पहिरो जान मात्र बाँकी छ ।" श्रीमतीले रून्चे स्वरमा भनी । "पानी पर्छ, यो प्रकृतिको नियमित प्रक्रिया हो । हेर अझै पर्छ तर आकाश नै खस्छ जसरी खै म डराएको छैन त ?" श्रीमतीलाई गिज्याउदै श्रीमानले प्रतिप्रश्न गरे । "हेर, अरू कुरो थाहा छैन । दसैं मनाउन हामी गाउँ जानु पर्छ । हाम्रो घर आँगनमा आइसकेको पर्व छोप्न जसरी पनि उतै पुग्नु पर्छ ।" श्रीमानको न्यायिक फैसलाले श्रीमतीको मुटु लुगलुग भयो । खाना, नाना र छाना अभिभावक नै इतिश्री ! छोराछोरीहरू रमाएर आआफ्ना झोला तयार गर्नीतिर लागे । मौसम विज्ञान विभागका अनुसार अझै केही दिन वर्षात् लम्बिने छेको समाचारमा आयो । त्यो सुनेर श्रीमती शर्माको मन थप धमिलियो, अमिलियो ।

काठमाडौँ आउँदै गरेका दुईटा रात्री बस त्रिशूली नदीमा खसे । रोशी खोलामा पानीको तह बढेर बिपी 'हाइवे' बगायो । अरू त अरू काठमाडौं, ललितपुर र भक्तपुरमा मानिसका घरघरै खोलो पस्यो । नदी किनार मिचेर बनाएका घर हिसाब भएन कति मानिस डुबानमा परे र कति मरे । अनि, कति पशुवस्तु बगे ! यति भयानक र दर्दनाक समाचार सुन्दा पनि उनीहरूको गाउँ जाने निर्णय फेरिएन ।

भोलि बिहान सखारै बाटो लाग्नु छ । एउटा जरूरी काम फत्ते गर्न घर बाहिर निस्किएकी श्रीमती शर्मा साँझ हतार हतार घर फर्कंदै थिइन् । छुटफुट सामान पनि किन्नु थियो तर जलमग्न सहरमा काहाँको सटर खुला होला र ? दर्के पानीमा छाताको सहारामा थिइन् उनी । धेरै हिँडिन् । त्यही रफ्तारले सामान पाइने पसलसम्म पुर्यायो । मोलतोल सकेर साहुनीलाई पैसा तिर्न लाग्दा उनको मोबाइल फोन बज्यो ।

"सुन त प्रिय, हाम्रो यात्रा नहुने भयो । मलाई अफिसले बिदा दिन मानेन । छोराछोरीले बोर मान्लान्, नमान भनेर सम्झाउनु ।"

# सुडानको खार्तुम सहर पुग्दा

समय त बगिरहन्छ–कहिले सुल्टो, कहिले उल्टो । समयले ठुलो फड्को मार्छ, अनि त्यसको दोब्बर छलाङ परिवर्तनले मार्छ । मेरा लागि यात्रा केवल यात्रा मात्र थिएन–त्यो एउटा अनुभूति थियो, नयाँ जीवनशैली र संस्कृतिको प्रत्यक्ष अवलोकन थियो । त्यो यात्रा थियो मानवताको परिचय दिने अन्वेषण र अनुसन्धानको जसले मलाई देशको सीमाभन्दा माथि उठेर शान्ति, सहकार्य र मानव अधिकार प्रतिको गहिरो बोध गराएको थियो । हो, साँच्चै त्यो मेरो शान्ति दूत बनेर लम्किएको पाइलाको यात्रा थियो –"सुडानको युनामिड मिसन ।"

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र केही सर्वसाधारण नागरिकहरू एउटै विमानमा सवार भई, करिब ७-८ घण्टाको उडानपछि हामी सुडानको राजधानी खार्तुम सुरक्षित अवतरण गर्‍यौं । विमानस्थलमै संयुक्त राष्ट्रसंघ (UN) का प्रतिनिधिहरूले हामीलाई सुडानिज शैलीमा स्वागत गरे–जसले हाम्रो थकित शरीरमा उत्साह र उमंग थपिदियो । UN का सेता-निला गाडीहरूले हामीलाई सिधैं सम्पर्क कार्यालयसम्म लगे, जहाँ पहिलो दिन विभिन्न फर्म भर्ने कार्यसहित अभिमूखीकरण तालिम सुरु भयो ।



✍ **श्रीहरि के.सी.**

त्यहाँ विभिन्न देशबाट आएका Police Advisor हरू पनि थिए–सबै जना शान्ति दूतको भूमिकामा उत्रिएका प्रशिक्षार्थीहरू । नयाँ भौगोलिक परिवेश, नयाँ संस्कार र चुनौतीहरूले मलाई अनुसन्धान र अनुभूतिको नयाँ संसारमा पुर्‍यायो ।

हामीले केही दिनका लागि UN ले व्यवस्था गरिदिएको सुडानिज होटलमा बस्यौं । ती होटलहरूमा हामीभन्दा पहिले गएका अन्य UNPOL अफिसरहरू पनि बसेका थिए । खानपिन, बसोबास र कार्य प्रणालीमा उनीहरूसँगको भेटघाटले सुरुवातमै आत्मीयता महसुस भयो ।

सुडानको अन्तर्राष्ट्रिय एयरपोर्टमा झर्ने बित्तिकै अनेकौं कौतूहलता र मिश्रित भावना मनभित्र घुम्न थाले । आफ्ना परिवारलाई एक्लै छाडेर आउँदा स्वार्थी महसुस भइरहेको थियो । होमसिकले मन खिन्न थियो, तर यो यात्रा मेरो लागि

बाध्यता पनि थियो, अनुभव बटुल्ने अवसर पनि । त्यो माटोमा झर्दा, साँच्चै भन्नुपर्दा, मलाई खार्तुमको जमिन चुम्न मन लागेको थियो ।

**खार्तुमको गर्मी, संस्कृति र पहिलो झल्को**

खार्तुम सहरमा प्रचण्ड गर्मी थियो । सडकमा पैदल हिँड्ने कमै, सबै जना सवारी साधनमा यात्रा गरिरहेका थिए। हुलमुल थिएन, चहलपहल थिएन, केवल कालो कपडामा सजिएका अटो रिक्सा बाक्लो संख्यामा गुडिरहेका थिए ।

UN को एउटा सानो कार्यालय सहरको बीच भागमा देख्दा मन आनन्दित भयो । आखिर यो त्यही खार्तुम हो, जुन सुडानको सबैभन्दा ठुलो र महत्वपूर्ण सहर हो । अफिसियल समय बाहेक, मैले एक दिन अटो भाडामा लिएर खार्तुम सहर घुम्न निस्किएँ । अटो चालकसँग भएको संवाद उल्लेखनीय रह्यो । उनले बताए अनुसार, देशमा सशस्त्र द्वन्द्व, अपराध र अस्थिरताका कारण बाह्य पर्यटकहरू आउन निकै कम भएका रहेछन् ।

मैले आफू UN शान्ति मिसनमा आएको कुरा बताएपछि उनको व्यवहारमा उत्सुकता र सम्मानको भाव देखियो । उनले खार्तुमलाई व्यापार, सञ्चार र प्रशासनिक केन्द्रको रूपमा चिनाए । जब मैले खार्तुमको नामको अर्थ सोधेँ–उनले भने, "खार्तुम" को वास्तविक अर्थ "हात्तीको दाँत" हो । त्यसैदिन उनले मलाई नाइल (Nile) नदीको किनारमा लगेर छाडिदिए ।

**नाइल नदीको छेउमाः शान्तिको अनुभव**

नाइल नदीको किनारमा पुग्दा, त्यो नदी आफ्नै शान्त लयमा बगिरहेको थियो । रापिलो गर्मीमा पनि नाइल नदीको एकान्त वातावरणले मनमा शीतलता ल्यायो । चिसो कोकको घुट्कासँगै म नदीको बहाव, छाल र लय नियालिरहेको थिएँ ।

एक स्थानीय व्यक्तिले बताए अनुसार, खार्तुममा ब्लू नाइल (इथियो पियाबाट) र सेतो नाइल (भिक्टोरिया तालबाट) मिसिएर मुख्य नाइल नदी बन्ने रहेछ । यो प्राकृतिक र ऐतिहासिक तथ्यले मेरो सोचमा गहिरो छाप छोड्यो ।

**सुडान–भौगोलिक मात्र होइन, भावनात्मक देश**

सुडान केवल एक देश होइन, यो समय, इतिहास र संघर्षको जीवित साक्षी हो । युद्ध, विभाजन र हिंसाको पीडा बोकेको देशले, आशा, अतिथि सत्कार र जीवनप्रतिको गहिरो प्रेम पनि बोकेको छ । सुडान उत्तरपूर्वी अफ्रिकामा अवस्थित छ । उत्तरमा इजिप्ट र लिबिया, उत्तरपूर्वमा लाल सागर, पूर्वमा इरिट्रिया, दक्षिणमा दक्षिण सुडान र पश्चिममा चाड तथा मध्य अफ्रिकी गणतन्त्र पर्दछन् ।

**खार्तुमको सहरी अनुभवः अफ्रा महल र स्थानीय जीवनशैली**

खार्तुममा पाँचतारे होटलभन्दा ठुलो अफ्रा महल थियो । आधुनिक भवनहरू, पिच सडकहरू, पुल-पुलेसा, प्रशासकीय भवनहरू र अन्तर्राष्ट्रिय एयरपोर्ट देख्दा खार्तुमको सहरी विकास स्पष्ट रूपमा देखिन्थ्यो ।

UN होटलमा हरेक बिहानको नास्तामा ठुलो माछा, लामो पाउरोटी र तातो चिया पाइन्थ्यो । स्वाद नेपाली खाना जस्तो थिएन, तर फरक स्वादले पनि नयाँ अनुभव दिलायो । हामीले स्थानीय समुदायको सम्मान गर्दै गाईको मासु नखाने स्पष्ट धारणा राख्यौँ ।

**तालिम, काम र नेपाली स्वादको खोजी**

UN कार्यालयमा अन्य देशका सहभागीहरू जस्तै हामीले पनि अनलाइन बेसिक सेक्युरिटी, एडभान्स सेक्युरिटी, इबोला अवेयरनेस जस्ता तालिमहरू पूरा गर्यौं । केही दिनभित्रै, हामीले कामको तौर तरिका, मानव अधिकार र अन्तर्राष्ट्रिय कूटनीतिक अभ्यासबारे सशक्त ज्ञान बटुल्यौँ ।

नेपाली खानाको तिर्सना लागे पछि, हामी ‘होराइजन इन्डियन होटल’ गयौँ । होटल सञ्चालकले हिन्दीमा हार्दिक स्वागत गरे । स्वादिलो भारतीय भोजन, आत्मीय व्यवहार र छिमेकी देशको त्यो आत्मीयता–मन छुने खालको थियो । उनले हामीलाई भिजिटिङ कार्ड पनि दिए ।

त्यसपछि, अत्यधिक गर्मीका कारण हामी ‘अफ्रा महल’ सपिङ सेन्टरतिर लाग्यौँ । त्यो पूरै एसी र कुलरले ठण्डा बनाइएको, नेपालका भाटभटेनी, युरोप-अमेरिकाको प्राइमार्क वा अमेजनजस्तै सुविधायुक्त स्थल थियो । त्यहाँबाट मैले छालाको जुत्ता र बेल्ट किनेँ । डलर साट्ने काउन्टरहरू पनि थिए । हामीले केएफसी, फ्रेन्च फ्राइज र कोकको स्वाद पनि त्यहीँ लियौँ–विदेशी भूमिमा केही हदसम्म नेपाली स्वादको अनुभव भयो ।

**नयाँ गन्तव्यः अल्फासेर**

अर्को दिन हामी सबै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र अन्य देशका UN अफिसरहरू UN चार्टर प्लेन चढेर अल्फासेर (El–Fasher) पुग्यौँ, जुन मुख्यालय थियो ।

त्यसपछि हाम्रो यात्रा एक नयाँ अध्यायमा प्रवेश गर्‍यो । मैले बुझेँ– जति धेरै यात्रा गरिन्छ, उति धेरै जीवन बुझिन्छ । जीवन बुझ्दै जाँदा, नयाँ कथा र अनुभूति जन्मिन्छन् । जीवन जिउने कलाले, प्रत्येक क्षणलाई उत्सव र चाडपर्व बनाउँछ । ♦

रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट WWW.nepalpolice.gov.np मा समेत सुन्न सकिने छ ।

# "हामी लोकल" मानसिकता-सडक सुरक्षाको अदृष्य शत्रु



✍ प्र.व.ना.नि.बिष्णु थापा

नेपालका सडकहरूमा ट्राफिक प्रहरीले नियमित चेकजाँच गर्दा कानमा गुन्जिने एउटा साझा तर चिन्ताजनक प्रतिउत्तर छ, "हामी लोकल हो, यहीँ जान लागेको, त्यहीँसम्म हो..." । यो वाक्य कुनै सामान्य बहाना मात्र होइन बरु हाम्रो समाजमा गहिरोसँग जरा गाडेको गैर जिम्मेवार, आत्मसन्तुष्ट र नियमविहीन मानसिकताको स्पष्ट प्रतिबिम्ब हो । सडकमा हुने अधिकांश सवारी दुर्घटनाको मूल कारण मानवीय लापरबाही र नियम उल्लङ्घन नै हो, तर हामी अझै पनि 'हामी लोकल' भन्ने आत्मघाती भ्रममा ढुक्क छौं। यो सोचले अधिकार र जिम्मेवारीबीचको सिमानालाई धुमिल बनाएको छ । हेल्मेट नलगाउने, एकै मोटरसाइकलमा तीन जना सवार हुने, सवारी चालक अनुमति पत्र (लाइसेन्स) बिना सवारी हाँक्ने, ट्राफिक नियमलाई क्षणिक औपचारिकता ठान्ने प्रवृत्तिले हाम्रो सडक सुरक्षाको जगलाई नै हल्लाइरहेको छ । अझ दुःखद पक्ष त के भने, स्थानीय तहका जनप्रतिनिधि वा प्रभावशाली व्यक्ति स्वयंले पनि कहिलेकाहीँ यस्तो गैरजिम्मेवार व्यवहार प्रदर्शन गर्छन् । जब नेतृत्व स्तरमै नियम तोड्ने उदाहरण देखिन्छ, तब साधारण नागरिकलाई नियम पालनाको प्रेरणा कहाँबाट मिलोस् ? यस्ता प्रवृत्तिले केवल ट्राफिक नियमको अवज्ञालाई मात्र होइन, बरु सडक सुरक्षा र कानुनी शासनप्रतिको गम्भीर वेवास्तालाई पनि दर्शाउँछ । सानो दूरी वा 'लोकल' क्षेत्रको बहानामा ठुलो जोखिम लिने यो प्रवृत्तिले दुर्घटनाको जोखिम बढाएको छ । यस प्रकारको हानिकारक मानसिकतालाई निरुत्साहित गर्न र सडक सुरक्षाको संस्कृति स्थापित गर्न अभिभावक, समाज र राज्यको संयुक्त प्रयास अपरिहार्य छ ।

अनुशासनको पहिलो पाठशाला परिवार हो । सडक सुरक्षाको चेतना विद्यालय वा प्रहरीबाट मात्र आउँदैन, यसको बीउ घरमै रोपिनुपर्छ। राम्रोसँग पढे लेखे वा भनेको माने बापत मोटरसाइकल वा स्कुटर किनिदिने अभिभावकको प्रवृत्ति एक प्रकारको भावनात्मक प्रलोभन हो, जसले बालबालिकालाई शिक्षाको वास्तविक मूल्य भन्दा भौतिक

वस्तुको क्षणिक आकर्षणतर्फ बढी ध्यान केन्द्रित गर्न सिकाउँछ । यसभन्दा पनि खतरनाक कुरा, उनीहरूले सवारी साधन किनिदिँदा सुरक्षा सावधानी वा सवारी चालक अनुमति पत्रको आवश्यकता बारे सिकाउँदैनन्, जसका कारण सवारी दुर्घटना बढ्दो छ । जब बच्चाले बुबा-आमालाई ट्राफिक संकेत तथा चिन्हमा रोकिएको, सवारी चलाउँदा सधैँ ट्राफिक नियमको पालना गर्ने, हेल्मेट लगाउने र कागजपत्र दुरुस्त राख्ने गरेको देख्छ तब नियमको वास्तविक अर्थ बुझ्छ । अभिभावक स्वयंले "छोटो बाटो हो, के हुन्छ र ?" भन्ने सोच त्यागे मात्र बालबालिकामा जिम्मेवारीको बोध तथा विकास हुन्छ । सानैदेखि अभिभावकले आफ्ना सन्तानलाई सवारी चलाउँदा हेल्मेट अनिवार्य लगाउने, सवारीको स्वरूप परिवर्तन नगर्ने, ट्राफिक नियमको सम्मान, दुई पांग्रे साधनमा दुई जनाभन्दा बढी नचढ्ने, तीव्र गतिमा नचलाउने जस्ता सुरक्षाका आधारभूत नियमहरूलाई पालना गर्ने बानी सिकाउनु पर्छ साथै बच्चाले सवारी चलाउन सिक्नुअघि नै ट्राफिक नियम, सडक चिन्ह तथा सङ्केत र सडक अनुशासनबारे सिकाउनुपर्छ र यसलाई दैनिक जीवनको हिस्सा बनाउनुपर्छ । सामान्य गल्तीले पनि ज्यान जोखिममा पर्न सक्छ भन्ने वास्तविकतालाई बुझाएर सन्तानलाई जिम्मेवार नागरिक बनाउनु अभिभावकको कर्तव्य हो । चालक अनुमतिपत्र नभएकालाई सवारी चलाउन दिनु कानुनतः अपराध हो र यसले सन्तानलाई जोखिममा पार्छ भन्ने कुरामा अभिभावक सजग, सचेत र कठोर अडान हुनुपर्छ ।

त्यसैगरी सडक सुरक्षा केवल व्यक्तिगत जिम्मेवारी होइन, सामाजिक प्रतिबद्धता पनि हो । विद्यालय, धार्मिक संस्था, स्थानीय सरकार र सामाजिक संघसंस्थाले सडक सुरक्षासँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछन् । टोल विकास समितिहरूले हेल्मेट नलगाउने वा तीन जना चढ्ने बानीविरुद्ध सचेतना अभियान चलाए भने व्यवहारिक परिवर्तन सम्भव छ । आम सञ्चार माध्यम र सामाजिक सञ्जालहरूले पनि सकारात्मक सन्देश प्रसारण गरी नागरिक दबाब सिर्जना गर्न सकेमा सवारी दुर्घटनाको बढ्दो ग्राफलाई कमि गर्न सकिन्छ । त्यसको अलवा केही स्थानीय सरकार प्रमुख वा जनप्रतिनिधिहरूलाई पनि नैतिकता र जिम्मेवारीताको बोध गराउनु आवश्यक छ । यदि स्थानीय सरकार प्रमुख वा जनप्रतिनिधि स्वयंले नियमको अवहेलना गर्छन् भने, त्यो केवल व्यक्तिगत गल्ती होइन, संस्थागत असफलता हो । नेतृत्वले आफ्नो व्यवहारबाट नागरिकलाई सन्देश दिनुपर्छ कि सडक नियम सबैका लागि

समान छन् । 'लोकल' वा 'पहुँचवाला' भनेर कुनै पनि व्यक्तिलाई नियम उल्लङ्घनमा छुट दिनु हुँदैन । स्थानीय सरकारका प्रमुख वा प्रभावशाली व्यक्तिहरूले नियम तोडेमा उनीहरूलाई थप कडा कारबाही गरिनुपर्छ, जसले उदाहरण स्थापित गर्न सकोस् ।

ट्राफिक चेकजाँचका क्रममा जब शिक्षक वा शिक्षिकाले "म यही स्कुलसम्म हिँडेको, म स्थानीय शिक्षक हुँ" भन्ने जवाफ दिन्छन्, त्यो केवल नियम उल्लङ्घन मात्र होइन, शिक्षाको नैतिकता नै प्रश्नमा पार्ने व्यवहार हो । शिक्षक ज्ञानका दियो हुन्, तर जब उनीहरू नै अनुशासन तोड्छन्, विद्यार्थीमा गलत सन्देश पुग्छ । विद्यालय स्तरमा ट्राफिक शिक्षाको आवश्यकता यहीँबाट सुरु हुन्छ । शिक्षकले कक्षामा मात्र होइन, सडकमा पनि अनुशासनको जीवित उदाहरण बन्नुपर्छ। विद्यालयको पाठ्यक्रममा सडक सुरक्षा, ट्राफिक संकेत र नागरिक जिम्मेवारीका अध्याय अनिवार्य हुनुपर्छ । त्यसका साथै, स्थानीय तह र ट्राफिक प्रहरीले सहकार्य गरी "ट्राफिक सचेतना कक्षा" सञ्चालन गरे जिम्मेवार नागरिक उत्पादन गर्न सकिन्छ। शिक्षकले 'स्थानीय' वा 'शिक्षक' को बहाना नबनाई इमान्दारिताका साथ नियम पालना गर्नु नै उहाँहरूको पेसागत नैतिकताको उच्चतम मापदण्ड हो। गुरुजीको गल्तीलाई सामान्यीकरण होइन, नैतिक चेतावनीको रूपमा लिँदै, अबको ट्राफिक शिक्षा शिक्षकको चेतनाबाटै सुरु हुनुपर्छ। साथै विद्यालय पाठ्यक्रममा सडक सुरक्षा अध्याय अनिवार्य रूपमा समावेश, स्थानीय तहका सामुदायिक तथा संस्थागत विद्यालयमा 'ट्राफिक शिक्षक कार्यक्रम' सञ्चालन गरिनुपर्छ, तब मात्र हामी सुरक्षित सडक र सभ्य समाजको दिगो र दरिलो जग बसाल्न सक्छौं ।

अतः 'हामी लोकल' भन्ने मानसिकतालाई निरुत्साहन गर्न बहुआयामिक दृष्टिकोण अपनाउनुपर्छ । समान कानुनको कडाईका साथ कार्यान्वयन, जरिवाना र कमलाई समयसापेक्ष र पर्याप्त बनाउने साथै नियम उल्लङ्घनकर्तालाई निश्चित अवधिका लागि अनिवार्य ट्राफिक सचेतना कक्षा वा सडक स्वयंसेवकका रूपमा परिचालन गर्ने जस्ता रचनात्मक दण्ड सजाय र दुर्घटनाले 'स्थानीय' वा 'बाहिरका' भन्दैन भन्ने मूल सन्देश सहितका जनचेतनामूलक कार्यक्रमहरू विद्यालयदेखि समुदायस्तरसम्म सञ्चालन गर्नुपर्छ। सडक नियमको पालना केवल प्रहरीले मागेको औपचारिकता होइन, जीवन रक्षासँग जोडिएको संवैधानिक दायित्व हो । "हामी लोकल" भन्ने सोचले हाम्रो नागरिक चेतना कमजोर बनाउँछ । यस प्रकारको हानिकारक मानसिकतालाई निरुत्साहित गर्न र सडक सुरक्षाको संस्कृति स्थापित गर्न अभिभावक, समाज र राज्यको संयुक्त प्रयास अपरिहार्य छ। अब आवश्यक

छ, नियम पालनलाई आत्मसम्मानको विषय बनाउने, अनुशासनलाई संस्कारको रूपमा स्वीकार्ने र सवारी चलाउने हरेक क्षणमा आफ्नो मात्र होइन, अरूको पनि जीवन सुरक्षित राख्ने प्रतिबद्धता जगाउने, सडक सुरक्षित बनाउने शक्ति राज्यसँग मात्र होइन, हामी प्रत्येक नागरिकसँग पनि छ। जबसम्म हरेक नागरिकले सडक नियमलाई आफ्नो व्यक्तिगत सुरक्षा र सामाजिक जिम्मेवारीको रूपमा लिँदैनौ, तबसम्म सडक सुरक्षाको चुनौती कायमै रहन्छ। सामूहिक प्रतिबद्धता र जिम्मेवारीको भावनाले मात्र "हामी लोकल" मानसिकतालाई "हामी जिम्मेवार" मानसिकतामा रूपान्तरण गर्न सकिन्छ। ♦

लघुकथा

# धमिलो पानी



✍ **गंगा खड्का**

"निशा ! बुहारी....!" पल्लो कोठाबाट सासूको मायालु आवाज आयो। "ह्या ... ! यतिबेलासम्म नसुतेर झर्को लगाउन पनि कति सकेको होला ? यता फर्क्यो निशा, उता फर्क्यो निशा ! म त आजित भइसकेँ....!" निशा फतफताउँदै एयरफोन दुबै कानमा कोचेर पलङमा पल्टी।

"आफ्नो हातखुट्टा रहेपछि भोलि हामी पनि यस्तै त हो नि। आमालाई केही चाहिएर बोलाउनुभयो होला, एकपटक गएर सोधे भएन ?" मुकेशले रिसाउँदै कानमा कोचेको एयरफोन झिकिदिए।

"हो हो, अर्घेलो त मै हुँ नि। आफ्नी आमाको माया लागे आफैँ गएर सोधे भइहाल्छ नि।" निशाले ओठे जवाफ लगाउन छोडिन। मुकेश सुतिसकेको ठाउँबाट उठे र आमाकहाँ गए। निशा ओछ्यानमा उपरखुट्टी लगाउँदै मोबाइल हेर्न थाली।

एकैछिनमा मुकेश कोठाभित्र पसे। निशाले हाउभाउ कटाक्षका साथ भनी, "आयौ होइन त आमाको सेवा गरेर ? अनि यतिबेलासम्म नसुतेर बोलाएको चाहिँ किन रहेछ नि ?"

मुकेशले निन्याउरो अनुहार लगाउँदै हातमा रहेको पैसा देखाएर भने, "किन बोलाउनु नि, दिउँसो काकाले तिरेर जानुभएको पाँच लाख तिमीलाई रानीहार बनाउनको लागि दिन लाग्नुभएको रहेछ। के गर्नु समय, परिस्थिति र विवशताले धमिलो बनेको पानी पिउन नमिले नि आगलागीलाई निभाउन काम लाग्छ भन्ने कुरा तिमी कहिल्यै बुझ्दिनौ।"

अनुभूति

# सुखदुःखको साथी गीत



✍ **सीताकुमारी न्यौपाने 'धिताल'**

बर्खामा रोपाइँ गर्दा होस् वा मंसिरमा बाली भित्र्याउँदा, गाईबस्तुका लागि घाँसपराल गर्दा होस् वा रोएका साना नानीबाबुलाई फुल्याउन, नेपाली समाजमा गीतसंगीत अनिवार्य जस्तै छ । धार्मिक अनुष्ठानमा गाइने भजन होस् वा विवाहमा गाइने सिलोक वा मायाप्रेमाका गीतले गाउनेलाई मात्र होइन सुन्नेले पनि मन भुलाइरहेका हुन्छन्, मनोरञ्जन लिइरहेका हुन्छन् । कसैले गाएको विछोडका गीतले पनि अरुलाई समेत भावुक बनाउँछ । तीजदेखि दसैँ र तिहारसम्मका चाडबाडमा पनि गीतसंगीतले रौनक थप्छ । नेपाली समाजको नसा-नसामा गीतसंगीत भिजेको छ ।

सिन्धुपाल्चोक ठोकर्पाको ग्रामीण परिवेश, । म आमासँग लागेर सात वर्षको उमेरदेखि नै मेलापात जाने भइसकेकी थिएँ । अरुले कसरी काम गर्छन् भनेर हेर्थें । धान-कोदो रोपेको सिक्थेँ । असार-साउनमा धान-कोदो रोपाइँ गर्दा असारे भाका गुञ्जिन्थे । तीजमा महिलाले पीडा पोखेका भाका चौतारी-देउराली रन्किन्थे । तिहारभर देउसीभैलोको रौनक हुन्थ्यो । विभिन्न अनुष्ठानमा भजनकीर्तन, गोठाला जाँदा गाउने गीत र घाँसेगीत छुट्टै महत्व थियो । सानैदेखि यस्तो परिवेशमा हुर्किएकी मैले सबैका आवाज (गीत) लाई टपक्क टिपेकी थिएँ ।

घर व्यवहारमा दुःख पाएका बुहारीका कारुणिक आवाज हुन् वा भजन, सबैजसो गीत कण्ठ पारेकी थिएँ । अरुले गाएका साना टुक्कालाई जोडेर परिवेश अनुसार गीत बनाउन सिपालु भइसकेकी थिएँ । आमालाई काममा सघाउँदा देखि विद्यालय आवतजावत गर्दाका मेरा साथी बनेका थिए, यिनै गीत । घरमा काम गर्दा कुन वेला कुन गाउने भन्ने थिएन । जुनवेलै पनि गुन्गुनाउँथे । भाका हाल्थैं ।

सानै छँदा एकपटकको कुरा । काममा व्यस्त रहँदा गीत गाइरहेकी थिएँ-

दियौ बुबा नौडाँडा पर,<br>
मै मरे नि आउँदैन खबर ।<br>
दियौ बुबा नौ डाँडा गनेर,<br>
नजिक दिए आइरहन्छे भनेर ।<br>
हातमा घडी बानेको देखेर,

दिए बाले बाटैमा छेकेर ।
हातमा घडी बानौला भन्दैमा,
बित्यो जुनी घाँस दाउरा गर्दैमा ।
आकाशमा जुन होइन तारालाई,
नबोलाउन म कर्महारालाई ।
रुनु पऱ्यो जिन्दगीभरिलाई,
जन्म नदेऊ भगवान् छोरीलाई ।
छोरा पाए डाँडाको बतास,
छोरी पाए दुःखी घर कता छ ।
हातमा ठेलो कोदालो खन्दा,
रुन्छ मन निस्केर जा भन्दा ।

आफूले एकोहोरो गाइरहँदा नजिकै रहेकी आमा त क्वाँक्वाँ रुन पो थाल्नु भएछ । आत्तिएँ, के भयो आमालाई ? उहाँ त मेरो गीत सुनेर र आफ्नो कहर सम्भेर पो रुन थाल्नु भएको रहेछ । खासमा उहाँको माइती टाढा थियो तीजमा लिन आउन पनि सम्भव थिएन । त्यसैले घरको कहर सम्भिनुहुन्थ्यो, माइतीलाई सम्भिनुहुन्थ्यो । भक्कानिनु हुन्थ्यो । उहाँका आँखाबाट आँसु बग्थे । यो कुरा राम्ररी बुझेपछि आमाको नजिक त्यस्ता गीत गाइनँ । आमालाई विनासित्ति रुवाउनु थिएन ।

हाम्रा आमाहरूको पालासम्म छोरीको सानै उमेर (अझ हजुरआमाका पालामा त रजस्वला नहुँदै ७-८ वर्षमै उमेरमा) मा विवाह गरिदिने चलन थियो । छोरीलाई पढाउनु हुँदैन भन्ने मान्यता थियो । उनीहरू शिक्षाबाट विमुख थिए । विवाह गरेर गएका कमै मात्र बुहारीले घरमा राम्रो व्यवहार पाउँथे । सासुससुरा मात्र होइन कतिका त श्रीमान् नै अगतिला पर्थे । सासूससुरले दिने मानसिक तनाव आफ्नै ठाउँमा छ, काम नगर्ने, मादक पदार्थ खाएर दिनभर हल्लिने र राति आएर भकुर्ने श्रीमान् भएकाहरूको अवस्था दयनीय हुन्थ्यो । बिहान नहुँदै देखि मध्यरातसम्म घरको काममा जोतिँदा पनि तिनले तातो दुई गाँस खान भेट्दैनथे । कसैको मिठो दुई वचन पाउँदैनथे । कतिले त जति प्रयास गर्दा पनि घरमा अडिन समेत पाउँदैनथे । चलनचल्तीको भाषामा 'घर गरेर खान' सक्दैनथे ।

'पाले पुण्य र मारे पाप' (छोरीलाई ज्वाइँका हातमा सुम्पिदा यस्तो भन्ने गरिन्थ्यो) भनेर लगेकाले पाप गरेपछि कसको के लाग्छ र ! ती चेली घरमा टिक्न अनेक प्रयास त गर्थे तर, केही सिप नलागे पछि जाने एक मात्र विकल्प त माइती नै हो । माइतीमा पनि भाउजु-नन्दको व्यवहार कहाँ गतिलो हुनु । पीडा कहाँ पोख्ने, कसलाई सुनाउने ? भनिन्छ, गीतसंगीत समाजको प्रतिविम्ब हो । समाजका मानिसले जे भोगेका छन्, गीतमा त्यही प्रकट हुने हो । घाँसदाउरा गर्दा, गाईबस्तु चराउन जाँदा उनीहरू पीडा गीत पोख्थे । हामी त्यसलाई तन्काएर लामो पार्थ्यौं-
आलु र तामा खान्न भन्छिन्,

आमा गाउँ डुलेर ल्याएको मोइ ।
घरमा पनि शितल वचन छैन,
को भनेर बसौँ खोइ ?
घरमा बस्न दिइनन् सासूले,
लाको गाजल पखाल्यो आँसुले ।
घर जान मन मेरो डराउँछ,
छुच्ची सासू काम कसले अह्राउँछ ।
दाजु भन्छन् जाउ बैनी घर,
भाउजु भन्छिन् तिम्रो यहाँ के छ र !

घरमा त्यति कहर नभोगे पनि पति काठमाडौँ वा विदेश गएका महिलाको पीडा अर्कै हुन्थ्यो । घरपरिवारमा संघर्ष गरेर समाजमा अस्तित्व जोगाएर बस्न गाह्रो थियो । उनीहरूका पीडालाई हामी यसरी गीत बनाउँथ्यौँ-

मेरो माया विदेशमा हुँदा,
सुख्खा डाँडो रसायो म रुँदा ।
मेरो माया आउँछन् रे भनेर,
भिरका बाटो सम्मै छ खनेर ।
कता गयौ हितैको परानी,
मन डढेर भइसक्यो खरानी ।
मेरो माया कहाँ पुग्यो भनी,
रुख चढी हेर्दैछु म पनि,
तिमी गए म किन बसौँला,
उँदो जाने नदीमै पसुँला ।

हाम्रा पालामा त छोराछोरी बराबर हुन्, दुवैलाई समान व्यवहार गर्नुपर्छ, दुवैलाई पढ्न पठाउनुपर्छ, नत्र छोरीले दुःख पाउँछन् भन्ने सोच विकास भइसकेको थियो । त्यसैले हामीले घरको काम गरेर पढ्न पायौँ । तर कतिपय समुदायमा छोरीलाई पढ्न पठाइदैनथ्यो । कतिपयले चाहेर पनि घरको दुःख (विपन्नता) ले छोरी विद्यालय पठाइदैनथे । कतिपयको सोच नै 'अर्काको घर जानेलाई किन पढाउनु' भन्ने हुन्थ्यो । समाजको त्यस्तो अवस्था देखेर मैले यस्तो गीत बनाएकी थिए,

हे आमा पढाइदेऊ छोरीलाई,
लाग्छ गुन जिन्दगीभरिलाई ।
छोराछोरी तिम्रै हुन्,
छोरीलाई नि छोरै हुन् भन्ने भन्ठाने ।
हे आमा म पनि पढ्छु,
धेरै हैन एसएलसी पास गर्छु ।
दाजुभाइले कलम सिउरिँदा,
रुन्छ यो मन घाँस काट्दा निहुरिँदा ।
दाजु भन्छन्, म बहिनी पढाउँछु,
भाउजु भन्छिन्, किताबै डढाउँछु ।
घरको हेलाँ माइतीको अपमान्,
चट्टै चुँडी लैजाउन भगवान् ।
बाको अंश छोरा र बुहारीलाई,
मलाई दुःख जीन्दगीभरिलाई ।
दुईचार पैसा लेऊ बुबाले साटेर,
दाइले पढे, मैले घाँस काटेर ।
बाको अंश म खाने थिइन नि,
किन मलाई रिस गरिराख्या नि ।
छोरा पढाऊ, छोरी नि पढाऊ,
खर्च लाग्छ भनेर नडराऊ ।
मेरा बाको ३ वटी छोरी,

तीमध्ये अभागी मै मोरी ।

भदौमा ऋषिपञ्चमीका दिन हामी गाउँका साथी, आमा २५-३० जना भएर छ्यापुरे नदीमा नुहाउन जान्थ्यौँ । यो नदी हाम्रो गाउँदेखि आधा घण्टाको दूरीमा थियो । नदीमा जाने क्रममा र नुहाएर फर्किँदा हामी यस्ता गीत गाएर वातावरण रन्काउँथ्यौँ-

पञ्चमीको भोलिपल्ट छोरी घर पठाए,
अँधेरी खोलाले लग्यो बरीलै,
बाबाले देख्नुभो, मुर्छा परी रुनुभो,
ससुराले देख्नुभो, गहना फुनुभो,
बाबाले भन्नुभयो, कान्छी छोरी पियारी,
ससुराले भन्नुभयो, गहना बिगारी,
बुहारीलाई लगे कठै जोर शंख बजाउँदै,
ससुरालाई ठिक्क भयो गहना थन्क्याउँदै,
६ महिनाको बालकलाई खाटमा लगे खेलाउन,
बुहारीलाई लगे कठै घाटमा सेलाउन,
सासूलाई भयो होला खटियामाथि बसेझैँ,
ससूरालाई भयो होला रोगले छाडेझैँ,
जेठाज्यूलाई भयो होला रोगले छाडेझैँ,
जेठानीलाई भयो होला अंश बाँडेझैँ,
देवरलाई भयो होला खसी काटी खाएझैँ,
देउरानीलाई भयो होला माइतै बसेझैँ ।

तिहारमा गाइने मौलिक देउसीभैलोको रौनक छुट्टै हुन्छ । कार्तिक कृष्ण औँसीका साँझ घरघरमा लक्ष्मीपूजा हुँदै गर्दा हामी उस्तै उमेरका साथी मिलेर भैली खेल्थ्यौँ-

हरियो गोबरले लिपेको, लक्ष्मीपूजा गरेको,
हे औँसी बारो गाईतिहारो भैलो ।
हामी त्यसै आएनौँ, बलि महाराजले पठाका,
हे औँसी बारो गाईतिहारो भैलो ।
जसले दिन्छ मानो उसको सुनको छानो,
हे औँसी बारो गाईतिहारो भैलो ।
कात्तिकमा दिनुहोस् दान,
थुपारेर राखेर के काम...इत्यादि ।

भनभन भाइ हो, देउसी रे भन... भन्दै भोलिपल्ट देउसी टोली आउँथे । भैलो महिलाले र देउसी पुरुषले मात्र खेल्ने मान्यता छ । परम्परागत देउसीभैलोका भाकासँगै भजन, बालन र अरु झ्याउरे भाकाले गाउँ नै रन्किन्थ्यो ।

सार-साउनमा रोपाइँलाई गतिशील बनाउन असारे भाका गुञ्जाइन्थ्यो । असारे गीतमा घरव्यवहारका दुःखदेखि मायाप्रेमका प्रसङ्ग पनि आउँछन्-

पानी है पऱ्यो रिमी र झिमी खोलाले गऱ्यो है दुम,
बर्खाको चिनो पठाइदेऊ है बाबा माछी है काँडे घुम ।
माथि हैबाट चरी है झऱ्यो पहेली पखेटी,
ए आमा भन्दै म भित्र पर्सें सानीआमाले लखेटी ।
बाह्रैमा हाते पटुकी मेरो धोएर सुकाइदेऊ,
झन् पर जान्छु झन् माया लाग्छ मोहनी फुकाइदेऊ ।

बिहे (विवाह) अहिलेजस्तो दिउँसो हुँदैनथ्यो । विवाहको कर्म रातभर चल्थ्यो । कर्ताहरू जग्गेको काममा व्यस्त हुन्थे । रातको

विवाहमा जन्ती र लोकन्ती के गरेर बिताउने ? पाका उमेरकाहरू सिलोक हाल्थे। अरु हेरेर रमाउँथे। यता बेहुली लिन गएका बेहुलाका घरमा महिला मात्र हुन्थे । घर नभएका पुरुषका कपडा लगाएर कोही पुरुषको अभिनय गर्थे।

घरैमुनि भोगटे पेलेको,
कान्छो भाइको रत्यौली खेलेको।
हाम्रो दाइले ल्याएको सुनचुरा,
भाउज्यू तिमीलाई पुगेन कुन कुरा ?
दुलही तिमीले नझार आँसु,
आमाभन्दा दयालु छिन् सासू,
नरोऊ-नरोऊ दुलही नानी,
मार्न हैन पाल्नलाई लैजानी।

गाउँमा वेलावेला हुने धार्मिक अनुष्ठानमा पनि गीतको रौनक हुन्थ्यो। पूजा सकेपछि बेलुकी अबेरसम्म भजनकीर्तिन र नाचगान गर्ने चलन थियो । हामी यस्ता भजनले त्यहाँ रहेका सानादेखि पाका उमेरका सम्मलाई नाच्ने बनाउँथ्यौं-

कृष्ण काले कृष्ण काले कृष्ण काले रे,
हातमा वंशी बजाइ-बजाइ नाच्न थाले रे।
कृष्णजीको मुरली आधा डढेको,
त्यही पनि कृष्णजीलाई मन परेको।
नरोऊ नरोऊ देवकी रुनु पर्दैन,
आठौँ गर्भ पैदा नभई कंस मर्दैन।
यमुनाको निलो दह कृष्ण नुहाउने,
माथमा मुकुट कानमा कुण्डल कति सुहाउने।
यमुनाको निलो दह खानु हुँदैन,
कंस मामा पापी छन् जान हुँदैन।

त्यतिवेला घरमा रेडियो त थियो तर बसेर सुन्ने फुर्सद कहाँ पाउनु । घाँसदाउरा र घरभित्रका अरु कामबाट फुर्सद भएका वेला पढ्न पनि छाड्नुभएन । अहिलेजस्तो मन परेका गीत छानीछानी दोहोर्‍याएर सुन्न पाइँदैनथ्यो । रेडियो नेपालले जे बजाउँछ, त्यही सुन्ने हो । रेडियोमा बज्ने देशभरका लोकगीतका फरकफरक भाका चाख मानेर सुन्थैं । रेडियोमा बज्ने 'रोदी' कार्यक्रम एकदमै मन पर्थ्यो। शुक्रबार राति ९ बजे आउने त्यो कार्यक्रम सञ्चालक पाण्डव सुनुवारले चलाउँथे । त्यहाँ बज्ने धर्मराज थापा, झलकमान गन्धर्व, कुमार बस्नेत, ज्ञानु राणा, राम थापा र कविता आलेका गीत खुबै मन पर्थ्यो। नारायणगोपाल, तारादेवी, भक्तराज आचार्य, अरुणा लामा, फत्तेमान, मीरा राणा र कुन्ती मोक्तान आदिले गाएका आधुनिक गीत पनि मन पर्थ्यो । अहिले त मन परेका गीत जतिखेर पनि यूट्यूबमा सुन्न र हेर्न पाइन्छ। मलाई सबै प्रकारका गीत मन पर्छ। कतै गीत बजिरहँदा मग्न भएर सुनिरहेको हुन्छु। तर गाउँले जीवनमा भिजेका मौलिक किसिमका गीतसंगीतले बढी आकर्षित गर्छ।

खुसी प्रकट गर्दा वाद्ययन्त्र र नाचगानसहित गीत गाइन्छ । गीतकै

माध्यमबाट उत्सव मनाइन्छ । दुःखमा पनि गीतको सहारा लिँदा मलमको काम गर्छ । यी कुरा अनुभूत गरेकी छु । अहिले पनि भान्साको होस् वा बाहिरको काम गर्दा एक्लै गुनगुनाउन, वा बाबुहरूलाई पढाउने क्रममै होस्, गुनगुनाउन भाका हाल्न मन पर्छ । गीत गुनगुनाउँदै वा भाका हाल्दै काम गर्दाको आनन्द नै अर्कै ! सुख होस् वा दुःख बाल्यकालमा सुनेका र आफैँले बुनेका यिनै गीत हरपल मेरा साथी बनेका छन् ॥ ♦

लघुकथा

# शिवको दर्शन



✍ **ललिता 'दोषी'**

युवकले बालकको हात समात्दै भने–"हैन बाबू ! तिमी दुई-तीन पल्ट लाइनबाट लुसुक्क-लुसुक्क छिर्दै शिवको दर्शन गर्दै आएको देखेँ । तिमी शिवजीलाई धेरै मान्छौ, हो ?" बालकले उत्तर दिए–"शिवजीलाई त मान्छु नि ! तर हेर्नुहोस् न जति पल्ट हेर्न जान्छु, सबैले चढाएको प्रसादहरू सोलीमा राखेको देख्छु बा ! फेरि त्यति धेरै प्रसादहरू खाने शिवजीको ठुलो पेट पनि देखिनँ । बरु बाहिर माग्न बसेकाहरूको कसैका खुट्टा छैनन्, कसैका हात छैनन्, कसैले आँखा देख्दैनन् । उनीहरूलाई पैसा, प्रसाद दिए हुन्न ? गौशालाकी हजुरआमाले पनि 'गरिबको सेवा गरे ईश्वर खुसी हुन्छन्', भन्नुहुन्थ्यो ।"

वृद्ध चर्किए– "कलिका भुराहरू केके बोल्छन् केके भनेर साध्य नै छैन । खुरुक्क यहाँबाट निक्किहाल् पापी !" यति भन्दै बालकलाई धकेले ।

युवकले बालकलाई समातेर भने–"तिमीले गर्दा नै आज मेरो बुद्धिको घैँटामा घाम लाग्यो । ल पैसा, प्रसाद लिऊ । यो प्रसाद र पैसाको शिवजीलाई भन्दा माग्नेहरूलाई खाँचो छ ।" अरूले पनि 'कुरा सही हो' भन्दै प्रसाद र पैसाले बालकले बोकेको झोला भरिदिए । बच्चा फुरुङ्ग हुँदै हिँडे ।

"आठ बर्से छट्टुले सबैलाई चुना लगायो । यसको वास्तविक रूप तपाईंहरूलाई देखाएरै छोड्छु ।" भन्दै वृद्ध बालकको पछिपछि लागे । अगाडि पुगेर बालकले सकीनसकी बोकेको झोला बिसाए । दामासाहीमा माग्नेहरूलाई पैसा र प्रसाद बाँड्न थाले ।

त्यो दृश्य देखेर वृद्धलाई ठुलो झड्का लाग्यो । उनी ढुनमुनिँदै लडे । ठुलाहरू वृद्धलाई 'ठुलै रोग लागेको होला, सर्छ' भन्दै पन्छिए । त्यही बालकले वृद्धलाई उठाउँदै भने–"पैसाहरू बाँडुन्जेल पर्खिनुहोस् है । म हजुरलाई घरसम्म पुऱ्याइदिन्छु ।"

# विकासमा वित्तीय शिक्षाको महत्व



✍ सुदर्शन अधिकारी

आर्थिक कारोबार गर्नका लागि चाहिने शिक्षालाई वित्तीय शिक्षा भनिन्छ । अझ व्यापक अर्थमा भन्ने हो भने आफूसँग भएको धनसम्पत्ति र आम्दानीलाई सही तरिकाले प्रयोग गर्न सिकाउने, सही स्थानमा लगानीका लागि उपायहरू खोज्न सिकाउने शिक्षा नै वित्तीय शिक्षा हो । आम्दानीको निश्चित रकम बचत गर्ने, आम्दानीलाई बैंक खातामा सुरक्षित गर्ने, आफूसँग भएको सम्पत्तिको उचित व्यवस्थापन गर्न सिकाउने शिक्षालाई वित्तीय शिक्षा भनिन्छ ।

वित्तीय प्रणालीको बारेमा ज्ञान नहुँदा धेरैमानिसहरूले आर्थिक नोक्सानी बेहोर्नु पर्ने अवस्थाको सिर्जना हुन्छ । पूँजी निर्माणका लागि गर्नुपर्ने प्रयत्न, पूँजीको सुरक्षा र सही स्थानमा उपयोग गर्न सिकाउँदै धन पैसाको महत्व बुझ्दै मितव्ययिता अपनाएर कानुनी रूपमा नाफामूलक आर्थिक कारोबार गर्ने ज्ञान नै वित्तीय साक्षरता भनेर बुझिन्छ ।

वित्तीय शिक्षाको अभावमा आम्दानी र व्यवसाय जोखिममा पर्ने, नाफा कमाउन कठिन हुन्छ र भएको पूँजीको उचित परिचालन गर्न सकिँदैन । वित्तीय साक्षरता भित्र आम्दानी गर्ने, आम्दानी अनुसार खर्च गर्ने, बजेट व्यवस्थापन गर्ने, बचत गर्ने, ऋण लिने दिने, बिमा गर्ने लगायतका विषयहरू पर्छन् । हामीले वित्तीय शिक्षाका बारेमा विद्यालय तहदेखि नै जानकारी र शिक्षा दिन सकेमा यसले आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । यसबाट लगानी सुरक्षित तथा बचत अनि आम्दानीका विभिन्न स्रोतहरू खोज्न सहज वातावरण सिर्जना हुन्छ । समयमा नै धन र पैसाको महत्व बुझेर धनको अभावमा आई पर्न सक्ने समस्याबाट मुक्त हुन सकिन्छ ।

वित्तीय शिक्षा अन्तर्गत वित्तीय प्रणाली पनि आउँछ । यसको अर्थ आर्थिक लेनदेन कार्य गर्ने निर्देशनहरूको व्यवस्था पर्छ । अर्थतन्त्रलाई गतिशील बनाउन संकलित पूँजीलाई आवश्यक क्षेत्रहरूमा परिचालन गर्नका लागि वित्तीय संस्था, वित्तीय उपकरण र वित्तीय मध्यस्थताको सामूहिक स्वरूप नै वित्तीय प्रणाली हो । नेपालमा वित्तीय प्रणाली अन्तर्गत केन्द्रीय बैंक, वाणिज्य बैंक, विकास बैंक, वित्तीय कम्पनी, लघुवित्तहरू

र वित्तीय कारोबार गर्ने सहकारीहरू पर्छन् । यस्तै आर्थिक कारोबार गर्ने कम्पनी वा संस्थाहरूलाई वित्तीय संस्था भनिन्छ। हाल नेपालमा राष्ट्र बैंकको वि.स. २०७९ को प्रतिवेदन अनुसार चार वर्गका बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् ।

वित्तीय शिक्षा अन्तर्गत सफा नोट पनि पर्छ । हामीले नोटलाई जतनकासाथ प्रयोग गर्नुपर्छ। नोटको जतन गर्दा यसको आयु पनि बढ्छ। यसले राज्यले नयाँ नोट छाप्ने रकमको समेत बचत हुन्छ । त्यसैले नोटमा केरमेट गर्ने, अनावश्यक कुराहरू लेख्ने, पूजाआजा गर्दा अविर, केशरी तथा अन्य रङ्गहरूको प्रयोग गर्ने कार्य कहिल्यै पनि गर्नु हुँदैन । साथै नोटलाई दोबारेर राख्ने, फोहरमैला लगाउने जस्ता कार्य एक सचेत नारिकले गर्नु हुँदैन । नोटलाई जतनकासाथ राख्नका लागि पर्समा राम्ररी राख्ने बानीको विकास गर्नुपर्छ।

यस्ता कार्यले असल नागरिकको पहिचान समेत दिने भएकोले यसलाई हामीले ध्यान दिनुपर्छ । नोटमा देशको र ाष्ट्रिय चिन्ह र विभिन्न पहिचान समावेश गरिएको हुन्छ । तसर्थ नोटको जतन गर्नु एउटा असल नागरिकको कर्तव्य पनि हो भन्ने वास्तविकता हामी सबैले मनन् गर्नुपर्छ । विदेशी नागरिकहरूमा सफा नोटका बारेमा ज्यादा सजगता रहेको हामी देख्न सक्छौं ।

वित्तीय शिक्षा अन्तर्गत बैंक खाता पनि रहेको हुन्छ। वित्तीय कारोबार गर्नका लागि सर्वसाधारण व्यक्ति वा संस्थाको नाममा खाता खोलिन्छ। यसरी व्यक्ति वा संस्थाको नाममा रहेको विवरण नै बैंक खाता हो । बैंक खाता खोलेपछि ग्राहकले रूपैयाँ जम्मा गर्दा भौचर पाउँछन्। आफूले राखेको रकम झिक्न चेकबुक र कारोबार विवरण हेर्न बैंक स्टेटमेन्ट उपलब्ध हुन्छ। बैंक तथा वित्तीय संस्थाहरूले तीन प्रकारका खाता खोल्न सक्छन्। चल्ती बचत र मुद्दती गरी तीन प्रकारका बैंक खाताहरू मार्फत ग्राहकहरूले कारोबार गर्न सक्छन् । चल्ती खातामा रकम राख्दा एक दिनमा जति पटक पनि रकम झिक्न र राख्न मिल्छ । चल्ती खातामा ब्याज भने ग्राहकहरूले प्राप्त गर्न सक्दैंनन् । बचत खातामा रकम जति पटक पनि जम्मा गर्न सकिन्छ तर निश्चित सीमा भित्र रहेर मात्र रकम झिक्न पाइन्छ।

यस्तो सीमा भने सम्बन्धित बैंकले नै तोक्ने गर्छ। यस्तो खातामा बैंकले ब्याज प्रदान गर्छ । यस्तो बैंक खाता स-साना बचतकर्ताहरूका लागि ज्यादा उपयोगी हुन्छ। मुद्दती खातामा ग्राहकहरूले निश्चित समयावधि तोकेर खाता खोली रकम जम्मा गर्ने व्यवस्था गरिएको हुनछ। यस्तो खाता तीन महिना, छ महिना, एक वर्ष, दुई वर्ष वा अन्य यस्तै समय तोकेर रकम राखिन्छ। यस्तो रकम तोकिएको समय भन्दा अगाडि

झिक्न पाइँदैन । यस्तो खातामा ब्याज पनि अन्यको भन्दा बढी नै दिइने गरिन्छ। वित्तीय साक्षरता अन्तर्गत एटिएम पनि पर्छ। कुनै पनि विद्युतीय कार्ड मार्फत रकम झिक्ने व्यवस्था यसमा मिलाइएको हुन्छ। कुनै पनि बैंक तथा वित्तीय संस्थामा खाता खोलेपछि कार्ड प्रदान गरिन्छ। यस कार्डबाट मेसिनको सहायताले रकम झिक्न वा मौज्दातबारे जानकारी लिन सकिन्छ। यसमा खातामा भएको रकम मात्र झिक्न पाइन्छ। यसमा बैंकले गोप्य पिन नम्बरको सहयोगबाट आफ्नो खातामा भएको रकम झिक्न सकिन्छ। यसैगरी क्रेडिट कार्डलाई पनि वित्तीय शिक्षाको एक भागको रूपमा लिइन्छ।

बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना विश्वासीला ग्राहकहरूलाई खातामा आवश्यक रकम मौज्दात नभए पनि वस्तु तथा सेवा खरिद गर्न सकुन भनेर बैंकले विद्युतीय कार्ड उपलब्ध गराउँछ। यसैलाई नै क्रेडिट कार्ड भनिन्छ । सेवाग्राहीले आफूसँग रकम भएको बेला बैंकलाई कर्जा भुक्तानी गर्छन् । यसको प्रयोग पनि डेबिड कार्ड जस्तै हो तर रकम खर्च गर्ने निश्चित सीमा तोकिएको हुन्छ। डेबिड कार्ड प्रयोगकर्ताले यस सुविधा लिएवापत निश्चित रकम निजको बचतबाट घट्ने व्यवस्था गरिन्छ। यस्तै एसएमएस बैंकिङ सेवालाई पनि वित्तीय साक्षरताको तत्व मानिन्छ।

मोबाइलबाट सन्देश आदान प्रदान गरेर पनि वित्तीय कारोबार गर्न सकिन्छ। मौज्दात थाहा पाउने, अरूको खातामा रकमान्तर गर्ने, तोकिएको बिलहरूको भुक्तानी गर्ने जस्ता कार्य यस सेवाबाट प्राप्त गर्न सकिन्छ । वित्तीय शिक्षाले आफूसँग भएको धन पैसालाई बैंक तथा वित्तीय संस्थामा बचत तथा सेयर वा अन्य कारोबार उत्पादनमूलक क्षेत्रमा लगानी गरी पूँजी वृद्धि गर्न सहयोग गर्छ । वित्तीय शिक्षाले मानिसहरूलाई नियमित रूपमा बचत गर्न पनि सिकाउँछ।

त्यति मात्र नभएर व्यक्तिलाई आय आर्जन गर्न, आम्दानीलाई बचाउन, स्थानमा खर्च गर्न, ऋण लिएर लगानी गर्ने जस्ता वित्तीय कारोबारका लागि व्यक्तिलाई सक्षम पनि बनाउँछ । यसैगरी ऋण लिँदा हुने फाइदा र ऋणको दुरूपयोग गर्दा हुने बेफाइदाको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ।

वित्तीय शिक्षाले निष्क्रिय पूँजीलाई सक्रिय बनाई आर्थिक सम्पन्नताको मार्गमा जान सकिन्छ । साथै धन पैसाको महत्व बुझेर त्यसको सही सदुपयोगबाट आर्थिक तथा सामाजिक सुरक्षा गर्न सहयोग गर्छ। वित्तीय शिक्षाले बैंक खाता खोल्ने, एटिएम चलाउने, मोबाइल सेवा लिने र बैंकिक

एप्लिकेशन मार्फत विद्युतीय कारोबार गर्ने आदि सिप सिकाउँछ। आफ्ना आर्थिक क्रियाकलापलाई सरल र सहज बनाउने ज्ञान प्राप्त हुन्छ । यति मात्र नभएर दलाल वा ठगहरूबाट कसरी जोगिन सकिन्छ ? वित्तीय जोखिमलाई कसरी कम गर्न सकिन्छ ? आफ्नो आम्दानी र खर्चलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने बारेमा ज्ञान प्राप्त हुन्छ। वित्तीय शिक्षाले व्यक्तिमा उद्यमशीलताको भावना विकास भई नयाँ उत्पादनहरू गर्दै आर्थिक रूपमा सवल र सक्षम बन्न सकिन्छ।

हामीले विद्युतीय उपकरणहरूको प्रयोग मार्फत कारोबार गर्दा नगद बोकेर हिँड्नु पर्दैन । जसका कारण चोरी हुने, लुटिने वा ज्यानको जोखिम समेत कम हुन्छ। यसको प्रयोगले सहज रूपमा छिटो र कम प्राप्त गर्न सकिन्छ। समयको पनि बचत गर्न सकिन्छ । साथै श्रम तथा यातायात खर्चको समेत बचत गर्न सकिन्छ । रकम कति बचत रहेछ भन्ने सहजै थाहा हुन्छ। अनावश्यक झन्झटको सामना पनि गर्नु पर्दैन। आजको व्यस्ताले ग्रसित समाजमा बैंकिक सेवाबाट विभिन्न प्रकारका लाभ लिन सकिन्छ। आर्थिक विकासका लागि हरेक व्यक्तिले वित्तीय शिक्षा लिनुपर्छ । प्रविधिको प्रयोगबाट आफूसँग रहेको र कमको सही रूपमा उपयोग गरी फाइदा लिन सकिन्छ।

समय अनुसारका प्रविधिको प्रयोग गर्न पनि वित्तीय शिक्षाले सहयोग गर्छ । मोबाइलको प्रयोगबाट विभिन्न जानकारी लिन सकिन्छ। तर हामीले विद्युतीय सेवा लिन सचेतता भने अपनाउनुपर्छ। पासवर्ड गोप्य रूपमा राख्नुपर्छ। खाता नम्बरहरूको प्रयोग गर्दा सतर्कता अपनाउनुपर्छ। समाज परिवर्तनशील भएकोले विभिन्न प्रकारका नवीन प्रविधिको विकास भएका छन् । तिनीहरूको सही तरिकाले उपयोग गर्न पनि हरेकले वित्तीय शिक्षा लिनुपर्छ। पछिल्लो समय मानवमा मानवता हराउँदै गएको छ त्यसैले प्रविधिको प्रयोग गरी आर्थिक कारोबार गर्नुपर्छ।

आज सहयोग, सद्भाव मित्रताको अभाव भएर गएको अवस्था छ । एक असल समाजका लागि यो सकारात्मक विषय होइन। आर्थिक रूपमा सवल र सक्षम बन्नका लागि वित्तीय शिक्षा लिएर सही तरिकाले उपयुक्त स्थानमा वा क्षेत्रमा मात्र लगानी गर्न सक्नुपर्छ। आजको समय भनेको वित्तीय शिक्षा र प्रविधिको उपयोग गर्न सक्नेहरूको नै भएकोले यसमा हामी गम्भीर हुनु जरूरी छ। वित्तीय शिक्षा बिना आर्थिक विकासको कल्पना समेत गर्न सकिन्न । आम्दानी वृद्धि गर्न, समय अनुसार अगाडि बढ्न पनि वित्तीय शिक्षा अपरिहार्य बनेको छ।

♦♦♦

निबन्ध

# सोचाइ बदल्नु छ



✍ **देवकी के.सी.**

किन यसरी बदलिदै छ हाम्रो समाज ? कुनै एक जमाना थियो, जुन घरका भकारी टन्न हुन्थे । गोठ गाईभैसी र बाख्राले भरिभराउ हुन्थे । जसका घरमा कुखुरा हाँसका बथान हुन्थे । जसका घरमा टन्न जहान हुन्थे । जसका घरका कराईमा दुध पाक्थ्यो । ठेकी भरी मोही, दही, दुध र घिऊका खोला बग्थे । जसका घरमा पुरूष गाउँमै बसेर खेतिपाती गर्थे । त्यो घरमा छोरीको बिहे गरि दिनका लागि अभिभावक मरिहत्ते गर्थे । आफ्ना छोरीको बिहे गरिदिनका लागि सहरका होइन गाउँका केटा खोजी गर्थे । सहरका धुँवा धुँलाले रोगी हुन्छन् । गाउँको जस्तो स्वस्थ वातावरण सहरमा हुन्न । सहरका मान्छेहरू रोगी हुन्छन् भन्ने मान्यता राख्थे त्यसैले छोरीको बिहे गर्दा पनि सहरको नहेरी गाउँका केटा खोज्थे । जसका घरमा अन्नपातको कमी छ । जसका गोठमा वस्तुभाउको कमी छ । यस्तो घरमा छोरीको बिहे गरिदिए छोरीले खान नपाई भोकभोकै मर्छे भन्ने अभिभावकको सोचाइ रहन्थ्यो ।

तर आज हाम्रो समाज यसरी बदलियो वा बदलाइयो वा विश्वव्यापिकरण, आधुनिकता र सञ्चार क्षेत्रको बढ्दो प्रभावले भनौ आज हिजोको त्यो परिस्थितिको ठिक विपरीत भएको छ । आज कसैले आफ्नो छोरीको बिहे गर्नलाई केटो खोज्न परे गाउँमा होइन सहरमा बसेको केटोनै हेर्छन् । चाहे त्यो सहरमा एउटा कोठा भाडामा लिएर बसेको किन नहोस् । यदि गाउँमै छोरीको बिहे गर्न परे खेतबारी नभएका भए पनि खेतबारी बाँझो राख्ने, रित्ता गोठ भएका, सकेसम्म दुईचार जनाको मात्र परिवार भएका केटो हेर्छन् । अझ पहिलेनै केटो विदेश गएको छ वा छैन भनेर सोध्छन् । बरू खाडी मुलुकनै किन नहोस् विदेश गएको केटोसित आफ्नो छोरीको बिहे गरिदिन अभिभावक मरिहत्ते गर्छन् ।

एकजना मेरा नजिकको नाता पर्ने आफन्त थियो । ऊ गाउँमै केही गर्छु विदेश जान्न भन्ने सोचाइ राख्थ्यो । त्यसैले उसले गाउँमा ऋणधन गरेर भैसी फार्म खोल्यो । पच्चीस तीसवटा जति भैसी थियो उसको फार्ममा । पाँच सातजना काम गर्ने कामदार

पनि राखेको थियो उसले । गाउँमा भैसी पालेर उसले राम्रै आम्दानी गरेको थियो गाऊमा पक्की घर बनाउनुको साथै जमिन पनि निकै जोड्न सफल भएको थियो । उसको उमेर पैँतिस लागिसक्दा पनि उसको बिहे भएको थिएन ।

परिवारजन आफन्त सबै उसको बिहेको लागि जहाँ जहाँ केटी खोज्न पुग्थे पहिलेनै केटाको पेसा सोधिन्थ्यो । केटो गाउँमानै भैँसी पालेर बसेको छ भनेपछि केटीको परिवारले लौ खत्तम भन्दै नाक खुम्च्याउँथे । गाउँमानै भैसी पाल्ने केटो भने पछि छ्या छ्या भन्दै नालीजस्तो सम्झेर नाक खुम्च्याउन थाल्थे । गाउँमा भैँसी पाल्ने पेसा गरेकै कारण उसको लागि बिहे गर्ने केटी पाउनै मुस्किल परेको थियो । विचरा त्यही कारणले कति राम्रो भैँसी पालन पेसा छाडेर ऊ सहर पसेको थियो कुनै नयाँ कामको खोजीमा ।

विदेशमा गएर बरू त्यही मान्छेले चर्पी सफा गरेको किन नहोस् । अर्काको जुँठो भाँडा मलेको किन नहोस् । भेडा गोठालो किन नहोस् उसको लागि आफ्नो छोरीको बिहे गरिदिन गाह्रो मान्दैनन् अभिभावकहरू । तर आफ्नै देशमा बसेर अझ गाउँमै बसेर खेतीपाती गरेको केटो छ, पशुपालन गरेको केटो छ भने सकेसम्म आफ्नो छोरीको बिहे त्यस्तो केटोसित गर्न नपरे हुन्थ्यो भन्ने चाहना राख्छन् अभिभावकहरू ।

यस्तै हाम्रो समाजमा बढ्दै गएको सोचाइले गर्दा आज देशमा विदेशिनेहरूको संख्या ह्वात्तै बढेको छ । एउटा बच्चा जन्मदै अभिभावकले पनि उसलाई विदेश पठाउने सपना बुनिसकेको हुन्छन् । गाउँघरमा मेलापर्म गर्ने खेताला पाउन छाडिसकेको छ । गाउँका खेतबारी बाँझा हुन थालेका छन् । भएका जमिन पनि बेच्न थालेका छन् । सहरका जग्गा प्लटिंग गर्ने ठेकदारहरू गाउँसम्म आइपुग्न भ्याएका छन् । गाउँमा धान राख्ने भकारी हराउँदै गएको छ । सहरबजारबाट बोराका चामल गाउँका भान्छासम्म आइपुग्न थालेका छन् । गाईभैसी, बाख्रा, कुखुरा, हाँसका कुरा त कता हो कता आज गाउँघरतिर पूरै गोठ रित्तो र खण्डहर हुन थालेका छन् । गाउँका बाटोघाटो, खाली चउर जताततै मौलाएका हरिया घाँसले गाउँमा वस्तुभाउलाई खोजिरहेझै लाग्छ । दही, दुध, घिऊ, मोही सबै सहरबाट पाहुना बनेर गाउँ भित्रिन थालेको छ । ठेकी र मदानीको नाउँ नयाँ पुस्ताले बिर्सिन थालिसकेका छन् । एकल परिवार प्रतिको मोह बढ्दै जाँदा परिवार टुक्रिन थालेको छ । आफ्नो इज्जत जोगाउनकै लागि भए पनि गाउँमा आज प्रत्येक घरबाट विदेशिनु पर्ने बाध्यता आएको छ ।

आज प्रत्यक गाउँ पसेर हेर्ने हो भने गाउँले पहिलेको जस्तो रौनकता

गुमाउँदै गएको छ । अधिकांश गाउँका घर गोठमा ताला ठोकेर मानिसहरू सहर पसेका छन् । गाउँघर भूतबंगला जस्तो हुन थालेको छ भने सहरले मानिसको चाप थेग्न मुस्किल परेको छ । परिवार टुक्रिएर अलगिदैँ गएका छन् । गाउँको मौलिकपन, संस्कृति, परम्परा रहनसहन हराउँदै जान थालेको छ । कतिपय ठाउँमा त गाउँमा मलामी समेत नपाइने अवस्था आइसकेको छ ।

वर्तमान समयको ठुलो कुरा भनेको अब सबैले आफ्नो सोचाइ बदल्नु पर्ने अवस्था आएको छ । सबैले आफ्नो दिमागमा चढेको विदेश मोहको भूतलाई हटाएर नयाँ चिन्तन र सोचाइका साथ अघि बढ्नुपर्छ । केवल विदेशमा भर पर्ने र युवापुस्तालाई स्वदेशमा केही गर्ने बाटोमा तगारो हालिरहने हो भने हाम्रो देशको भविष्य अन्धकारतिर धकेलिने निश्चितनै छ । हुन त यो सबै खाले परिस्थिति आज आउनुमा सबैले आधुनिकतावादको प्रभाव भन्ने गर्लान् । तर आधुनिकतावादलाई मात्र पनि दोष दिनुहुन्न । आधुनिकतावादको चरम आनन्दमा रमाउने भन्दैमा मान्छेले आफ्नो धरातल र परिवेशलाई भुल्नु हुन्न ।

आधुनिकतावादको स्वादले जालो लगाइदिएका मस्तिष्कहरूले अब फेरि आफ्नो सोचाइ बदलेर समाज बदल्ने अवस्थाको खाँचो खड्किएको महसुस हुन थालेको छ वर्तमान परिस्थितिमा । नत्र भने आधुनिकतावादको सुखभोगमा लिप्त भइरहने हो भने कुनै दिन हामी र हाम्रो समाज फेरि दास समाजमा रूपान्तरण हुने निश्चित छ । ♦♦♦

कविता

## बैंस र पैसा



✍ **इन्दिरा चापागाई**

उसले हात दिई मैले पनि हात दिएँ
सायद थोरै बाध्यता तर धेरै महत्वकांक्षा
सुखसुविधा र सम्पन्नताको नसा थियो ऊसँग
आधुनिकता र कलियुगको दशा थियो मसँग
सामाजिक सञ्जालको दुरुपयोग र
कुसंस्कारको दबाब थियो हामी दुवैसँग
मैले नगदनारायणको खात दिएँ
उसले मात र उन्माद दिई
मलाई सिङ्गो रात दिई
मैले उसको जवानी पिएँ र आफू रित्तिएँ
ऊ म मा पोखिई र आम्दानी पिई
मैले भरपूर पैसा दिएँ
उसले एकराते बैंस दिई
समयले सोध्यो उसलाई
के तिम्रो बैंस आजीवन बेच्न पुग्छ?
र मलाई पनि सोध्यो उही समयले
किन्न त सकौला तर
के तिमी आजीवन कसैको बैंस पिइरहन सक्छौ?

संस्मरण

# ती दिनका देउसीभैलो



✍ **रामप्रसाद धिताल**

स्वाभाविक छ, हामी सनातन धर्म मान्ने नेपालीलाई बडादसैँपछि तिहार (दीपावली) को प्रतीक्षा हुन्छ। एक पक्षबाट हेर्दा उत्साह र उमंगको चाड। अर्कोतिरबाट हेर्दा भर्खर दसैँ मनाएर थङ्थिलो (आर्थिक रूपमा) बनेको अवस्थामा फेरि खर्च जुटाउने चिन्ता। बडादसैँ सकिएर विद्यालय जाँदै गर्दा १२ वर्षको जेठो छोरा तिहारको व्यग्र प्रतीक्षामा छ। उसको प्रतीक्षा तिहारका अन्य पक्षमा नभएर देउसीभैलो खेल्ने विषयमा हो। 'यसपालि देउसी खेल्न कोसँग जाने होला ? राति कति बजेसम्म खेल्ने होला ? त्यो वेला मौसम कस्तो होला', इत्यादि कुरामा ऊ चिन्तित छ। ऊ मात्र होइन चार वर्ष कान्छो छोरा पनि हौसिएको छ। छोराहरूको उत्साहसँगै म आफ्नो बाल्यकालको तिहारतर्फ फर्किन्छु। करिब तीन दशकअघि देउसीभैलो खेलेका सन्दर्भ मस्तिष्कमा ताजा भएर आइरहेका छन्।

सायद ७ कक्षा पढ्दै गर्दा पहिलो पटक देउसी खेल्न गएको। त्यस्तै १३ वर्षको आसपास हुँदो हुँ। अहिले मध्यपुर ठिमी-२ सानोठिमीमा देउसी खेल्नका लागि गाउँमा विभिन्न टोली बनिरहेका थिए। 'ल है हामीसँग जानुपर्छ' फरक-फरक प्रस्ताव आउँथे। 'जो पायो त्यहीसँग जानुहुँदैन है। पैसा हिनामिना गर्छन्।

अनि अरुको घरमा गएर बिगार गरिदिन्छन्', बुबाआमाले सल्लाह दिनुहुन्थ्यो, 'त्यसैले सज्जन केटाकेटी मिलेर जानू। बरु एकजना राम्रो साथी लिएर दाजुभाइ जानु नि !' बुबाआमाको चिन्ता पनि अस्वाभाविक थिएन। उहाँहरूको सल्लाहसँगै बन्यो तीनजनाको टोली, माइलो भाइ र दिनेश नाममा अर्का एक साथी सहितको। कान्छो भाइ त सानै थियो।

दिनेश दाहाल थिए, दौंतरी। हाम्रो घरको दुई तीन मिनेटको दूरीमा बस्थे उनी। मसँग मात्र नभई पाँच वर्ष कान्छो मेरो माइलो भाइसँग पनि उत्तिकै मिल्ने। हामी दुईको बिचका उमेरका थिए उनी। जेठो बाठो भएकाले भट्याउने जिम्मा मैले नै लिनुपर्ने थियो। त्यसका लागि तयारी पनि राम्रै गर्नुपर्‍यो। त्यो वेला रेडियो नेपालले

मौलिक देउसीभैलो प्रशस्त बजाउँथ्यो । गोपाल योञ्जन, तारादेवी, झलकमान गन्धर्व, चन्द्रकला शाह, प्रेमराजा महत र बमबहादुर कार्की लगायत मिठो स्वरमा देउसी भैलो गाउँथे । नजिकै बसेर सुन्थेँ । टिप्थेँ । बुबाको सल्लाहअनुरूप सम्पादन पनि गर्थेँ । किनभने ठाउँ विशेषमा गाइने लबज यहाँको परिवेशमा उपयुक्त हुँदैनथ्यो । त्यसपछि दुईपाने कागजमा राम्रोसँग सारे पछि भट्याउने सामग्री तयार भयो । ढुक्क भयो ।

प्रतीक्षाको घडी समाप्त भयो । काग-कुकुरतिहार मनाइएसँगै विद्यालय पनि तीन दिनका लागि बिदा भयो । कार्तिक कृष्ण औँसीको बिहान बुबाआमालाई घर सफा गर्न माला गाँस्न, ढोकामा सिउरिन चटारो थियो । हामी केटाकेटीलाई भने भरे खेल्ने भैलोकै चिन्ता थियो । साँझ घरघरमा बत्ती बलेपछि थाहा भयो, अब लक्ष्मीपूजा हुन थाल्यो, अब हिँडे हुन्छ । कात्तिक महिना साँझपख चिसो हुने भइहाल्यो । 'राम्ररी लुगा नलगाई कुद्लान् । रातिसम्म भोकै होलान्' भन्ने बुबाआमाको चिन्ता । तर हामीलाई न नानाको न खानाको वास्ता । एकछिन ढिलो भयो भने धेरै घरमा खेल्न नपाइएला र पैसा धेरै जम्मा नहोला भन्ने एक मात्र ध्येय थियो ।

आमाको करबलले लक्ष्मीपूजाका लागि भनेर पकाएको रोटी खाएर, बाक्ला कपडा लगाएर अनि फेटा गुथेर निस्कियौँ । झोलामा देउसी भन्न भनेर लेखिएको कागज, सानो टर्चलाइट थियो । 'राति अबेरसम्म नखेल्नू, चाँडै आउनू है', बुबाआमाको आदेशमा स्वीकृति जनाउँदै निस्कियौँ ।

कुनै एक घरमा पुगेर उत्साहसहित भट्याउन थालियो । भट्याउने कुरा सदाबहार थियो । अहिलेका केटाकेटीले जस्तै-

**ए भन भन भाइ हो,**
**ए राम्ररी भन,**
**ए स्वर मिलाइकन,**
**ए रातो माटो,**
**ए चिप्लो बाटो,**
**ए लड्दै पड्दै**
**ए आएका हामी**

मैले भट्याउँदै गएँ । दुई भाई जोडले भैली रे भने ।

हामी साना, त्यसमा पनि तीनजनाले मात्र खेलेको देखेर त्यो घरका मानिस आँगनमा बसेर सुने । प्रसंशा गरे । कतै कतै जिस्काउँथे, 'खै त रातोमाटोमा लड्दै पड्दै आएको जस्तो देखिएन त... ।' प्रशंसाले हौसियौँ र घरपतिलाई फकाउन थाल्यौँ ।

**यो घर कत्रो,**
**ए सिंहदरबार जत्रो,**
**ए यो आँगन कत्रो टुँडिखेल जत्रो इत्यादि ।**

**दक्षिणा**

सम्झना भएजति नहेरी भनें। लामो समय लाग्ने भएपछि खल्तीमा रहेको कागज हेरेर भट्याएँ। यो क्रम राति ११ बजेसम्म चलिरह्यो। अन्तिम-अन्तिममा एक घरको दोस्रो तल्लामा देउसी खेल्न पुगेका थियौं। मधुरो बत्ती बलेकाले कागज आँखानजिकै पुऱ्याएर भट्याउँदै थिए। एक महिलाले 'खै खै हेरुँ' भनेर तानिन्। कागज च्यातिएर एक टुक्रा मेरो हातमा अर्को उनकोमा। दक्षिणासँगै माफी माग्दै बिदा दिइन्। के भनुँ ! त्यही टुक्रा लिएर अरु घर हिँड्यौं।

अर्को वर्षदेखि कागजको आवश्यकता परेन। नहेरी भट्याउन सक्ने भएँ। अहिलेजस्तो समयको सीमितता थिएन। रातभरि खेल्थे हामी पनि राति १ बजेसम्म खेल्यौं फर्कियौं।

दसैंअगाडि साटेका नयाँ नोट तिहारमा देउसीभैलो खेल्नेले पनि हात पार्थे। २०, ५०, १०० का कुरा छाडौं नाङ्लाभरि ५-१० नोट फिँजाएर ल्याउँदा पनि निकै खुसी हुन्थ्यौं। हामी सानाको भागमा पर्थे एक दुईका नोट तत्कालीन राजा वीरेन्द्रको मुहारअंकित एक वा दुईका नोट गनेर दिँदा पनि छुट्टै किसिमको आनन्द आउँथ्यो। भोलिपल्ट देउसी खेल्न गयौं। भट्याउने र देउसी रे भनेर सघाउने क्रम चल्यो।

अर्को वर्ष देउसी खेल्नकै लागि दिनेश तयार परेर अपरान्ह ३ बजेतिर घरमा आइपुगे। उनी आएको देखेर हामी पनि हतार गर्थ्यौं। लक्ष्मीपूजाको तयारी गरिरहेकी आमा रिसाउनु हुन्थ्यो 'बेलै नभई दिउँसोदेखि नै यिनीहरूलाई के गर्ने होला घरको काम सघाउनु छैन। उल्टो उनीहरूकै चाकडी गर्नुपर्ने।' हुन पनि हो, आफ्नो काम गर्नु कि उनीहरूको खानेकुरा लुगाको बन्दोबस्त गरिदिनु ?

तीन वर्ष हामी तीन जना मिलेर गयौं। त्यसपछि उनीहरूको परिवार बसाइँ सरेर अन्तै गयो। कहाँ गए, केही थाहा पाइएन। पछिपछि छिमेकीले 'फलानो ठाउँमा बसेका छन् रे' भन्ने खबर सुनाउँथे तर अचम्म उनी कहिल्यै हामीलाई भेट्न आएनन्। कहाँ होलान्, के गर्दै होलान् ? केही खबर छैन। झण्डै तीन दशक हुँदा पनि उनको अनुहार बिर्सेको छैन।

दिनेश गएपछि हाम्रो टोली भंग भयो। सानो भाइलाई अझै लग्ने अवस्था थिएन। दुई भाइ मात्र त के हिँड्नु। ५, ७ जनाको टोलीमा मिसिएर जान थालियो। अरु पनि भट्याउँथे। कति ठाउँमा निकै बेर खेलेपछि थाहा हुन्थ्यो ताल्चा पो झुण्ड्याएको हुन्थ्यो। कतै कुकुर छाडिदिन्थे। कतै झिलीमिली बत्ती बालेर भित्र रमाइलो गरिरहेका हुन्थे तर खेल्न थालेपछि भन्थे, 'हाम्रोमा हुँदैन है।

जुठो परेको छ ।' यो त पहिलेको मात्र कथा होइन, अहिले पनि छोराहरूले सुनाउँछन्, ' फलानो ठाउँमा गएको यस्तो गरे । उस्तो गरे' पूर्वस्मृतिमा फर्किइन्छ । सुनाउँछु, 'यस्तो त हाम्रो पालामा पनि हुन्थ्यो ।'

'हामी त्यसै आएनौँ बलिराजाले पठाका, हे औँसीबारो गाईतिहारो भैलो', भैलो गाउँदा आउने एउटा सन्दर्भ । देउसी भट्याउनेले पनि आफूहरू त्यसै नआएको बलि राजाले पठाएको बताउँछन् ।

**ए हामी त्यसै**
**ए आएका हैनौँ**
**ए बलि राजाले**
**ए पठाएको ।**

हामी पनि यही पंक्ति भट्याउँथ्यौँ । तर थाहा थिएन, यी बलि राजाको हुन् ? पछि बुझ्दै जाँदा थाहा भयो, यी त पुराण (सनातन धर्मावलम्बीको ग्रन्थ) मा आउने बलि राजा पो रहेछन् । दानमा नाम कमाएका अनि वामन अवताररूपी नारायणले तीन पाउ जमिन माग्दा सर्वस्व गुमाएर मर्त्यलोक पुगेका उनै बलि राजाको नाममा हामी घरआँगन पुगेर सिदादक्षिणा माग्ने रहेछौँ । अर्कोतिर इतिहासअनुसार १५औँ शताब्दीका जुम्ली राजा बलिका नाममा देउसीभैलो खेल्ने गरेको पनि भनिन्छ । जे होस् यी दुई बलिराजाले पठाएको भन्दै देउसीभैलो खेलिरहेका छौँ ।

सानोमा देउसीभैलो खेल्दाका अनेक रमाइला सन्दर्भ छन् । एक वर्ष अरु पाँचजनासँग मिलेर गएको थिएँ । केही साथीले बिचैमा घर जान्छौँ भने । बाध्यताले एउटा घरको पेटीमा बसेर पैसा बाँड्न बसेका थियौँ । गन्दागन्दै परबाट कसैले बारुद पड्काएर फ्याँकिदिए । संयोगले हामीभन्दा पर गएर पड्कियो । हामी पैसा सोहोरेर भाग्यौँ ।

केटाकेटी वेलाको उट्पटाङ, अहिले सम्भिँदा हाँसो लाग्छ । पटाका पड्काउनेमा मलाई खासै रुचि थिएन । अहिले पनि केटाकेटीलाई पटाका नपड्काउनू है भन्छु । देउसी खेल्ने क्रममा हिँड्दै गर्दा अरुले बालेर फ्याँकेको तर, नपड्किएको पटाका (मल्टा बारुद भन्छन्) भुइँबाट टिपेँ । उठाएर दुई औँलामा च्यापेर चुरोट खाएको अभिनय गरेँ । त्यो बारुद सुस्त गतिमा सल्किरहेको रहेछ । पत्तो पाइनँ । केहीबेरमा अचानक मुखमा रहँदै पड्कियो । लाग्यो 'अब ओठ केही बाँकी रहने छैन ।' केहीबेर निकै दुख्यो । तर पछि गएर हेर्दा सुन्निएको थियो । अब घरमा के भन्ने हो भन्ने चिन्ता । भाइले भनिदियो । यो ठुलो सिकाइ भयो ।

अर्को सन्दर्भ सम्भिन्छु, कक्षा ९ मा पढ्थेँ । मिल्ने साथी थिए, कृष्ण । उनको हातको 'सिको फाइभ' घडीले लोभ्याएको थियो । एकछिन लगाउँछु भनेर मागेँ । शुक्रबारको दिन थियो । दिन खोज्दा

भेटिएनन् । भोलिपल्टदेखि तिहारको विदा थियो । उनी पनि माग्न आएनन् । अब तिहारपछि दिने होला नि भनेर घर आएँ । अरुको सामान त्यसरी घरमा ल्याएकोमा चिन्ता पनि थियो । गाली खानुपर्थ्यो । तर दुईतीन दिन धीत मर्नेगरी घडी लगाउन पाउने भएको थिएँ । घरमा आएर आमालाई भनेँ । 'त्यसो भए जतनसाथ राख्नू, लगाएर नहिँड्नू', आमाले निर्देशन दिनुभयो ।

मन के मान्थ्यो । घडी लगाएरै देउसी खेल्न हिँडे । केटाकेटीको बुद्धि । सिको फाइभको शान देखाउनु थियो । दुर्भाग्य भनौँ, देउसी खेल्ने क्रममा घडी पानीमा खस्यो । हतार-हतार झिकेर पुछेँ । देउसी खेलेर आइयो । सुतियो । भोलिपल्ट उठेर हेर्दा घडी त बन्द थियो । परेन फसाद ! भाइटीका लगाइयो । मन भतभती पोलिरहेको थियो । घरमा सुनाउन सकेको थिइन । भोलिपल्ट नै विद्यालय खुल्ने थियो । 'मार्ने भयो साथीले के गर्ने होला', सोच्दै त्यो रात कटाएँ ।

विद्यालय जाने दिन बिहानै करिब २० मिनेटको दूरीमा रहेको पुरानो ठिमीमा बनाउने ठाउँमा लगेर देखाएँ । पसलेले भरे मात्र बन्ने सुनाए । उपाय थिएन । देउसीभैलो खेलेर दुई दिन जम्मा गरेको पैसाले पनि नपुग्ने थियो । घर फर्किएँ खाना खाएर विद्यालय गएँ । भेट हुने वित्तिकै कृष्णलाई भने, 'आज बिर्सिएँ, भोलि ल्याइदिन्छु है ।' उसले सहमति जनायो । ढुक्क भएँ । बेलुकी छुट्टी भएपछि सोझै घडी पसल गएँ । पैसा तिरेर लिएर आए । घडी पहिले झैं चलिरहेको थियो । पैसा खर्च भए पनि साथीको सामान जस्ताको तस्तै बुझाउन पाइने भइयो खुसी थिएँ । भोलिपल्ट भेट्ने वित्तिकै उसलाई दिएँ ।

घडी लगाउने रहर त राम्रैसँग पूरा भएको थियो । अर्को दिन उसको हातमा देखेँ, घडीको सिसामा भित्रपट्टि पानीका थोप्ला टल्किरहेको छ । एक किसिमको ग्लानि भयो । उसले घडीमा पानी पस्दैन भनेको थियो । मैलै खसालेपछि पानी हो वा बनाउने वेलामा गडबडी भएर पानी पस्ने भएको हो, थाहा पाइएन । उसले केही भन्दा पनि भनेन । न मैले सोध्न सकेँ । अचेल पनि जब तिहार आउँछ । गाउँसरहरमा देउसीभैलो गुञ्जिन्छ । मलाई चाहिँ त्यो सिको फाइभ घडी र त्यसवेलाको घटनाले झस्काउँछ ।

ती दिनमा हामी रमाइलोका लागि देउसीभैलो खेल्थ्यौँ । केटाकेटीलाई चिल्ला कटकट गर्ने नोटको आश त भइहाल्यो । पाँच वर्षजति हिँडेपछि देउसी खेल्ने रहर पुग्यो । देशमा सशस्त्र द्वन्द्व शुरु भइसकेको थियो । प्रशासनले पनि राति अबेरसम्म नखेल्नू भनेर आदेश जारी गर्थ्यो । घरमा बसेर अरुले खेलेको हेर्न थालियो ।

दक्षिणाभेटी दिन थालियो। देशका कतिपय ठाउँमा देउसीभैलोका क्रममा बालन भजन तथा अन्न भाका पनि गाउने/खेल्ने चलन छ।

करिब तीनदशकअघि बुबाआमाले हामीप्रति गर्ने चिन्ताझैँ अहिले हामीले छोराहरूप्रति गर्नुपर्ने अवस्था आएको छ। अहिलेका छोराहरूको पारा त हाम्रै जस्तै नै हो । घरमा अभिभावकका चटारो र आफ्नै स्वास्थ्यप्रति पनि के चासो उनीहरूलाई । चिन्ता छ त केवल देउसीभैलो खेल्ने विषयको । दिउँसो नै तयार पर्नु, खानेकुरा नखाई र न्यानो लुगा नलगाई कुद्नु सानो हुँदाको विशेषता नै भइहाल्यो। कहाँ जालान्, राति कतिखेर आउने हुन् इत्यादि हामी अभिभावकलाई चिन्ता हुने।

अचेल त विशेषगरी देउसी भैलोमा विकृति धेरै बढेको छ । ती पहिलेका मौलिकता पाइँदैन । यसका कारण नेपाली लोकसंस्कृतिको महत्वपूर्ण पक्ष देउसीभैलो नै हराउने त होइन भन्ने चिन्ता पनि छ । देउसीभैलो र मौलिक गीतसंगीतको साटो अरु गीतसंगीतमा नाचगान गर्ने, अनावश्यकरूपमा बार्गेनिङ गरेर घरपतिलाई दुःख दिने, मादक पदार्थ खाएर होहल्ला गर्ने क्रम बढेको छ। त्यस्तै प्रशासनको चेतावनीका बाबजुत पनि चोरबाटोबाट पटाका ल्याएर पड्काएर आतंकित पार्ने काम पनि भइरहेको हुन्छ। नियन्त्रणका लागि प्रहरी प्रशासनले प्रयास पनि गरिरहेको हुन्छ । तर हामी नागरिक आफैँ सचेत नभएसम्म विकृति रोक्न सम्भव हुँदैन । देउसीभैलोजस्ता मौलिक संस्कृति जोगाएर पुस्ता-दरपुस्ता हस्तान्तरण गर्नेतर्फ हामी सबै सचेत बन्नुपर्छ। ♦♦♦

## गजल



**✍ प्र.ज.मस्त पुन मगर**

रङ्गीन साँझ सुनौलो बिहान भइदियोस्।
सोचेको जस्तै हाम्रो संविधान भइदियोस्।

भेटे मैले इतिहासका पानाहरू रक्तिम
देशमा शान्ति पूर्ण बलिदान भइदियोस्।

अन्त्य हुन जरुरी छ भ्रष्टचार र विभेद
सारा नेपालीहरू एक समान भइदियोस्।

यो छिमेकीले गिद्दे नजर लाउन थाल्यो
उसका अस्त्र शस्त्र सुनसान भइदियोस्।

अब मर्न नपरोस् देशका लागि लड्नेहरू
प्रभु उनीहरूको छाती चट्टान भइदियोस्।

# श्रमको सम्मान गर्ने संस्कारको खाँचो



✍ रत्न प्रजापति

**श्रमशक्तिको महत्व**

उत्पादनको प्रमुख साधन श्रमशक्ति भएको हुँदा यसको प्रवर्द्धनमा राज्यको नीति सधैँ प्राथमिकतामा पर्नु आवश्यक छ। श्रमशक्ति भएन र श्रमशक्तिमा दक्षता भएन भने गुणस्तरीय उत्पादनको अपेक्षा गर्न सकिन्न । यद्यपि परम्परागत श्रमशक्तिबाट पनि अर्गानिक उत्पादन सम्भव छ, तर त्यस्तो उत्पादन सीमित हुन्छ र त्यसले आमउपभोक्ताको उपभोगको मागलाई सम्बोधन गर्न असम्भव हुन्छ। त्यसैले बृहत् उत्पादनका लागि श्रमशक्तिसँगसँगै आधुनिक प्रविधिको ज्ञान र त्यसलाई उपयोग गर्ने सिपको पनि आवश्यकता पर्दछ।

उत्पादनको प्रमुख साधन श्रमशक्ति भएका हुँदा श्रमशक्ति प्रोत्साहित नभइकन उत्पादन वृद्धिको अपेक्षा गर्न सकिन्न । श्रमशक्तिमा सङ्कुचन आयो अथवा श्रमको उत्पादकत्वमा ह्रास आयो भने उत्पादनमा पनि ह्रास आउँछ। श्रमशक्ति र श्रमको उत्पादकत्वमा ह्रास आयो भने परिमाणात्मक र गुणात्मक उत्पादन प्रभावित बन्दछ। न्यून उत्पादनले बजारको मागलाई सम्बोधन गर्न असम्भव हुन्छ र बजारमा वस्तुको अभाव हुन्छ। परिणामतः कृत्रिम मूल्य वृद्धिले प्रश्रय पाउँछ र आमउपभोक्ताले त्यसको मूल्य चुकाउनुपर्ने हुन्छ।

**श्रमिकप्रति समाज र राज्यको दृष्टिकोण**

श्रमशक्तिलाई प्रोत्साहित गर्न श्रमको सम्मान गर्ने परिपाटी बसाल्नु आवश्यक हुन्छ । हाम्रो सामाजिक परम्पराले श्रम गर्ने श्रमिकलाई तुच्छ व्यवहार गर्ने अथवा दोस्रो दर्जाको नागरिकको दृष्टिले हेर्ने प्रवृत्तिले गर्दा श्रमिकहरूले आफू सधैँ उपेक्षित र तिरस्कृत भएको महसुस गर्नुपर्ने अवस्था विद्यमान छ। हाम्रो देशका श्रमिकहरू सामाजिक र आर्थिक दृष्टिकोणले निकै पीडित र शोषित छन्। सामाजिक दृष्टिकोणमा श्रमले सम्मान नपाउनु र आर्थिक दृष्टिकोणले श्रमले उचित मूल्यसमेत नपाउनुले श्रमिकहरू उपेक्षित, पीडित र शोषित रहेको देखाउँछ।

देशको अर्थतन्त्रमा सबैभन्दा महत्वपूर्ण योगदान श्रमिककै छ। देशको अर्थतन्त्रमा कृषि र उद्योगको योगदान

सर्वाधिक छ। कृषि र उद्योगमै श्रमिकहरूको संख्या पनि सर्वाधिक छ । तर समाज र राज्यले पनि तिनै श्रमिकलाई उपेक्षा गर्दै आएको छ। समाज र राज्यले गर्ने उपेक्षाकै कारण श्रमिकहरूले समाजमा अरूको तुलनामा मर्यादित जीवनसमेत व्यतित गर्न पाएका छैनन् । अरूको तुलनामा अत्यन्त न्यून आय अथवा न्यून पारिश्रमिकले गर्दा दैनिक जीवनयापन नै सकसपूर्ण रहँदै आएको छ । सधैँ अभावमा बाँच्नुपर्दा श्रमिकका उत्तराधिकारीले पनि उचित शिक्षादीक्षाको अभावमा अभिभावककै नियति भोग्नुपर्ने अवस्थाको पुनरावृत्ति भइरहेको छ। श्रमिकको सन्तान सधैँ श्रमिक नै बन्नुपर्ने अवस्थाले उनीहरूको जीवनस्तर कहिल्यै माथि उठ्न सकेको छैन । एउटा वर्गबाट कहिल्यै माथि उठ्न नसक्दा उनीहरूले सधैँ वर्गीय विभेदसमेत सहनु परेको छ।

**श्रमको अवमूल्यन, युवापलायन र वर्गीय विभेद**

हाम्रो समाज र राज्यले पनि श्रमिक पनि केही हुन् भन्ने मान्यतालाई स्थापित गर्न सकेको छैन । श्रम र श्रमिकको आवश्यकता र महत्वलाई बुझ्ने चेष्टा समाज र राज्यले पनि नगर्दा श्रमिकहरू क्रमशः पेसा परिवर्तन गर्न अथवा पलायन हुन विवश बन्दैछन् । यसै पनि श्रमलाई आधुनिक प्रविधिले क्रमशः विस्थापन गर्दै गरेको अवस्था छ । कृषि तथा औद्योगिक क्षेत्रमा आधुनिकीकरण र यान्त्रिकीकरणले गर्दा श्रमशक्ति क्रमशः विस्थापित हुँदैछ । यद्यपि कृषिमा भने अझै पनि अधिक संख्यामा श्रमिकहरूको संलग्नता रहँदै आएको छ।

नेपाल कृषिप्रधान मुलुक हो । देशको आधाभन्दा बढी जनसङ्ख्या कृषि श्रमिक छन्। यति ठूलो संख्यामा रहेका कृषि श्रमिक समाजबाट मात्र होइन, राज्यबाट पनि उपेक्षित छन् । आफ्नो उत्पादनले आफूमात्रै होइन, अरू धेरैलाई खुवाउने कृषि श्रमिकलाई हेलाहोचो गर्ने प्रवृत्तिले यो पेसाप्रति नै वितृष्णा बढ्दै गएको छ । आफूले गरिआएको कामकै कारण आफू दिनहुँ अपमानित र तिरस्कृत हुनुपर्छ भने त्यो कामप्रति लगाव हुनै सक्दैन । कामको प्रशंसा र प्रोत्साहन नभए काममा उत्साह हुँदैन। उत्साह नभएको कामको उत्पादकत्व न्यून हुन्छ। अनि न्यून उत्पादकत्वले अपेक्षित उत्पादन दिन सक्दैन । न्यून उत्पादनले श्रमको लागत मूल्य पनि नउठ्ने भएपछि काम छोड्नु वा त्याग्नुको विकल्प बाँकी रहँदैन। काम छोडेर बेरोजगार बन्ने र काम नपाएर बेरोजगार बनेकाहरूको भिडले श्रमबजारमा बेरोजगारहरूको भिड झन् बढेको अहिलेको तीतो यथार्थ हो।

**शारीरिक श्रम, सामाजिक भेदभाव र पलायनको कारण**

शारीरिक श्रममा आधारित

कामलाई अरूभन्दा निकृष्ट काम वा पेसाको रूपमा हेर्ने चलन छ। श्रमिकलाई थोरै ज्यालामा धेरै काम गराउने प्रवृत्ति पनि छ । यसरी श्रमको शोषण गर्ने परिपाटीले गरिबी र अभावबाट पिल्सिएका नागरिकले सधैँ अपमानित र शोषित भएर बाँच्नुपर्ने अवस्था पनि छ। कामलाई सानो र ठूलो मान्ने वर्गीय संस्कारको विकासका कारण सामाजिक विभेदले समेत प्रश्रय पाएको छ । नेपालको संविधान २०७२ को धारा २४ मा पेसाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव नगरिने उल्लेख गरिएको छ। तर पेसाकै कारण धेरै गरिब नेपाली नागरिकले सामाजिकरूपमा भेदभाव सहनु परेको छ भने आर्थिकरूपमा शोषितसमेत हुनुपरेको छ। यसरी कानुनले निषेध गरेको सामाजिक विभेदलाई समेत समाजले नै प्रश्रय दिँदा युवापलायनले प्रश्रय पाएको छ। त्यसैले अबको शिक्षाले यस्तो निकृष्ट संस्कारलाई तोड्न सक्नुपर्छ । शारीरिक वा बौद्धिक जुनसुकै कार्य गर्ने नागरिकलाई सम्मानको दृष्टिले हेर्ने र सबै प्रकारका श्रमको सम्मान गर्ने संस्कारको विकास भएपछि मात्रै समावेशी आर्थिक तथा सामाजिक विकासले गति लिन सक्छ।

लाखौँ नेपाली युवा रोजगारीका लागि विदेश गएका छन् । तर ती आफ्नो गाउँठाउँमा श्रम गर्ने अवसर नै नभएर अथवा नपाएर विदेसिएका चाहिँ होइनन् । श्रमको सम्मान नभएर र श्रमको उचित मूल्य नपाएर आजित युवा आफ्नै गाउँठाउँमा प्राप्त अवसरलाई लत्याएर त्यही श्रमको सम्मान र श्रमको उचित मूल्यको खोजीमा विदेसिएका हुन्। वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या ६४ लाख ६१ हजार पुगेको अर्थ मन्त्रालयबाट प्रकाशित 'आर्थिक सर्वेक्षण २०८१/८२' मा उल्लेख छ। पछिल्लो समय विदेसिने युवाको संख्या झनै बढेको छ। अध्ययन अथवा रोजगारी जुन उद्देश्यले विदेसिए पनि विदेसिने हरेक नेपाली युवाको अन्तिम उद्देश्य भनेको विदेशमा कमाउने, विदेशमा रमाउने र सधैँका लागि विदेशमै बस्ने भएको छ।

अध्यागमन विभागको तथ्याङ्कअनुसार सन् २०२४ मा कुल १६ लाख ७४ हजार २२५ नेपाली नागरिक विभिन्न उद्देश्यले विदेश गएको देखिन्छ । जसमध्ये रोजगारीका लागि विदेश जानेको संख्या ८ लाख ५६ हजार ४२२ रहेको छ भने अध्ययनका लागि विदेसिनेको संख्या १ लाख १९ हजार ४०९ रहेको छ।[१] सबैभन्दा चिन्ताको विषयचाहिँ देशका ठुलो

१. Nepali Departure Report-Purpose Wise (Summary Report), अध्यागमन विभाग

संख्यामा योग्य, दक्ष र प्रतिभाशाली नेपाली युवाले सधैँका लागि देश छाड्नु रहेको छ।

विभागको तथ्याङ्कअनुसार सन् २०२४ मा ६६ हजार ८३५ यस्ता युवाले सधैँका लागि देश छाडेका छन् । अघिल्लो वर्ष अर्थात् सन् २०२३ मा पनि १६ लाख ३ हजार ८३६ नेपाली नागरिक विभिन्न प्रयोजनले विदेसिएका थिए । जसमध्ये रोजगारीमा जानेको संख्या ८ लाख ८ हजार ४१५ थियो भने अध्ययनका लागि जानेको संख्या १ लाख ८ हजार ५४२ थियो । यसै गरी सधैँका लागि देश छोडर विदेशमा स्थायी बसोबासका लागि जानेहरूको संख्या ७० हजार ९१५ थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्याङ्कले आर्थिक वर्ष २०७८/७९, २०७९/८० र २०८०/८१ मा विदेशमा अध्ययनका लागि अनुमतिपत्र लिने विद्यार्थीको संख्या क्रमशः १ लाख १४ हजार ४२९, १ लाख १० हजार २१७ र १ लाख १२ हजार ५९३ रहेको देखाएको छ।[२]

राज्यले युवाको मनमा आशा, भरोसा र विश्वास जगाउन नसक्दा त्यही आशा, भरोसा र विश्वाससँगै सुरक्षित भविष्यको खोजीमा विदेसिएका हुन् । राज्यले यो यथार्थलाई मनन गर्न नसकेको देखिन्छ । सकेको भए लाखौं नेपाली युवा श्रमको सम्मान र मूल्य खोज्दै विदेसिने थिएनन् । नेपालमा श्रमको उचित मूल्याङ्कन त भएन भएन, उचित सम्मानसमेत नहुँदा श्रमिकहरू आफ्नो कामप्रति गम्भीर, उत्साही र उत्तरदायी हुन सकेका छैनन् । यसको प्रत्यक्ष असर श्रम उत्पादकत्वमा परिरहेको छ।

मालिकको सन्तान मालिक बनिरहने र श्रमिकको सन्तान सधैँ श्रमिक नै बनिरहने अवस्थालाई तोड्न नसकिएसम्म वर्गीय विभेदविरुद्धको अभियान सफल हुन सक्दैन र समावेशी विकासको अवधारणाले पनि मूर्तरूप लिन सक्दैन । वर्गीय विभेद र समावेशी विकासबीच अन्तरसम्बन्ध रहेको हुन्छ । श्रमिकको सन्तान पनि आफ्नो मिहिनेतले समयान्तरमा मालिक बन्न सक्ने वातावरण सिर्जना भए मात्रै श्रम उत्पादकत्व बढ्छ र वर्गीय विभेदको पनि अन्त्य सम्भव हुन्छ।

**राज्यको भूमिका र श्रमिकको जीवनस्तर**

अहिले राज्यको उपेक्षाले कृषि श्रमिकहरू स्वयंले खाद्यान्न अभाव भोग्नुपरेको छ । उत्पादनको उचित मूल्य र बजारीकरणको अभावले कृषि श्रमिकहरूले आफ्नो लागतमूल्य पनि पाउन नसकेर गरिबी र अभावमा बाँच्नु परेको छ । अर्कोतिर औद्योगिक क्षेत्रमा कार्यरत

२. Nepali Departure Report - Purpose Wise (Summary Report), अध्यागमन विभाग

श्रमिकहरू पनि अत्यन्त न्यूनतम पारिश्रमिकले गर्दा अभावैअभावमा बाँच्न विवश छन् । न्यूनतम पारिश्रमिकमा तोकिएको समयसम्म काम गर्ने श्रमिकले सहज र मर्यादित जीवन जिउने वातावरण अझै बन्न सकेको छैन । सरकारले २०८२ साउन १ गतेदेखि लागु हुने गरी श्रमिकको मासिक पारिश्रमिक १९ हजार ५५० रूपैयाँ तोकेको छ ।[३] सरकारी तथ्याङ्कमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति दर ४.०६ प्रतिशत[४] रहेको भए पनि बजारमा वास्तविक महँगीदर अत्यन्तै उच्च रहेको अवस्थामा यो पारिश्रमिकले श्रमिकको परिवारको जीवनयापन सहज र मर्यादित हुने कल्पना पनि गर्न सकिन्न । अभावले थिचिएका श्रमिकवर्गलाई सामाजिक दृष्टिकोण र व्यवहारले झनै उठ्नै नसक्ने गरी थिचेको छ ।

**श्रमको सम्मान र समावेशी विकासको आवश्यकता**

श्रमिकलाई सबैले हेप्ने, दबाउने र शोषण गर्ने प्रवृत्तिले श्रमिकवर्गको उत्थान हुनै नसक्ने अवस्था विद्यमान छ । श्रमिक केही होइनन् । यिनीहरूको काम मात्रै श्रम गर्नु हो भन्ने सोच र मानसिकताले गर्दा श्रमिकले सम्मान पाउने र श्रमिकको जीवनमा सकारात्मक परिवर्तन आउने वातावरण अझै बन्न सकेको छैन । शिक्षा, ज्ञान र सिपको अभावमा अन्य विकल्प खोज्न वा रोज्न नसक्दा र श्रमिकको सन्तान श्रमिक नै बन्नुपर्ने बाध्यताले गर्दा श्रमिकहरू सधैँ उपेक्षित, पीडित र शोषित हुन बाध्य छन् । श्रम र श्रमिकलाई सम्मान गरी श्रमलाई उत्पादनसँग जोडेर हेर्ने र उत्पादन वृद्धिका लागि श्रमको कदर गर्दै श्रमिकलाई प्रोत्साहित गर्ने वातावरण निर्माण भए उत्पादन वृद्धिको सम्भावना बढ्छ । राज्यले श्रमको प्रभावकारी उपयोगको नीति अँगाल्दै श्रमिकलाई सम्मान र समर्थन गर्ने हो भने आर्थिक र सामाजिक विकासले तीव्रता पाउनेछ ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रद्वारा २०८१ साल पुस १६ गते मङ्गलबार काठमाडौंमा आयोजित छैठौँ श्रम संसदको उद्घाटन सत्रलाई सम्बोधन गर्ने क्रममा सम्माननीय राष्ट्रपति स्वयंले श्रमको सम्मान गरी श्रम र श्रमिक केही हुन् भन्ने मान्यतालाई विशेष जोड दिएर मुलुकले चाहेको आर्थिक र भौतिक विकासको गति अघि बढाउनु आजको आवश्यकता भएको बताउनु भएबाट पनि श्रम र श्रमिकको कदर र सम्मान हुनुपर्ने आवश्यकता पुष्टि भएको छ । प्राकृतिक स्रोतसाधन र पुँजीको परिचालनमा मुख्य भूमिका श्रमिककै हुने

३. २०८२ साउन १ गतेको प्रेस विज्ञप्ति, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

४. देशको वर्तमान आथिक तथा वित्तीइ स्थिति २०८१/८२, नेपाल राष्ट्र बैङ्क

हुँदा राष्ट्रिय अर्थतन्त्रमा श्रमिकवर्गको योगदान अत्यन्तै उल्लेखनीय रहेको पाइन्छ । सम्माननीय राष्ट्रपतिले भनेजस्तै निमुखालाई न्याय, विपन्नलाई आय र श्रमको सम्मान गर्ने संस्कारको विकास गर्नसके यही संस्कार देश विकासको आधार बन्नेमा सन्देह रहन्न ।

अनौपचारिक क्षेत्रमा कार्यरत अधिकांश श्रमिकवर्ग कुनै न कुनै रूपमा उपेक्षित, पीडित र शोषित छन् । यही उपेक्षा, पीडा र शोषणका कारण श्रमभन्दा बुद्धिविलास उत्कृष्ट कर्म हो भन्ने भाष्यको निर्माण भइरहेको छ । कामभन्दा ठुल्ठुला गफ हाँक्नेलाई ठुलो ठान्ने र मिहिनेतले भन्दा गलत कर्मले कमाउनेलाई ठुलो मान्ने सामाजिक परम्पराले श्रम गर्ने श्रमिकहरू सधैँ उपेक्षित, अपमानित, पीडित र शोषित पनि हुँदै आएका छन् । काममा उँचनिचको भेदभाव नभए पनि सामाजिक र आर्थिक दृष्टिकोणले त्यस्तो भेदभाव कायमै रहेकाले श्रमबाहेक अरू जुनसुकै कर्म उत्तम हो भन्ने मान्यताले प्रश्रय पाइरहेको छ । देशमा बेरोजगारीको दर बढ्नु र बेरोजगारहरूको संख्या कहाली लाग्दो बन्दै जानुलाई यही मान्यताको परिणाम हो भन्न सकिन्छ ।

श्रमलाई सम्मान गर्ने संस्कारको अभावले श्रम गर्नेहरू निरुत्साहित हुँदा देशमा कृषिवस्तुको उत्पादनमा ह्रास आई आयातले प्रश्रय पाएको छ । फलस्वरूप वैदेशिक व्यापार असन्तुलित भई देशको अर्थतन्त्र नै जोखिमतर्फ धकेलिएको अवस्था छ । आर्थिक वर्ष २०८१/८२ मुलुकको कुल व्यापारघाटा रु. १५ खर्ब २७ अर्ब ९ करोड रहेको छ ।[५] आन्तरिक उत्पादन निकै कमजोर हुँदा रेमिट्यान्सले टेको दिइरहेको अर्थतन्त्रमा वैदेशिक व्यापारघाटाले गर्दा अर्थतन्त्र निरन्तर सङ्कटोन्मुख छ । श्रम र श्रमिकलाई सम्मान गरी आन्तरिक उत्पादन वृद्धिमा टेवा पुऱ्याउन सके मात्रै यस्तो सङ्कटलाई न्यूनीकरण गर्न सकिन्छ ।

श्रमको सम्मान गर्ने संस्कारको विकास गर्ने हेतु 'श्रमको सम्मान राष्ट्रको अभियानसम्बन्धी रणनीति २०७८' जारी गरिएको छ । यसबाहेक नेपालको संविधान २०७२ को धारा ५१ (झ) मा श्रम तथा रोजगार नीतिको व्यवस्था गरेको छ । जसअनुसार सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने लगायत नीति अवलम्बन गरिएका छन् ।

५. वैदेशिक व्यापारको तथ्याङ्क २०८१/८२, भन्सार विभाग

यसैगरी संविधानको धारा १७ मा श्रमप्रति अवहेलना गर्न नहुने, धारा १८ मा समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने उल्लेख गरिएको छ। यसैगरी श्रम ऐन, श्रम नीति र नियमावली पनि बनेका छन्, जसले सुरक्षित र मर्यादित श्रमको वकालत गरेका छन् । श्रमको सम्मान र श्रमिकको हित सुरक्षित गर्दै उनीहरूको योगदानलाई कदर र सम्मान गर्ने परम्पराले आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउनेछ। ♦♦♦

कविता

# सीमापार



✍ **मिथिलेश आदित्य**

ऊ–जो सीमापार उभिएको छ,
न केवल शत्रुहरूको सामु,
बरु आफ्नै भित्रका सम्झनासँग,
पीडासँग,
र अधूरा निद्राका सन्नाटासँग पनि ।
ऊ–जसले हतियार समाउनु अघि
आमाको ममता अँगालेको हो,
र सिकेको हो –
हतियार समाउँदा आँसु होइन,
संकल्प आँखामा भर्नु ।
जसलाई थाहा छैन–
भोलिपल्ट बिहान
हिउँको ओटबाट गोली फुट्ने हो कि
घामको किरण झर्ने हो,
तर ऊ हरेक रात
घामका गीत चुपचाप गुनगुनाउँछ ।
ऊ–जसको जेबमा
प्रेमका चिठीहरू चुपचाप निदाइरहेछन्,
र तनमा बारुदको गन्ध ओढिएको छ ।
हरेक आदेशमा "हाँ, साहब !" भन्ने स्वर
उसको मनमा चुपचाप
एउटा 'बिदा' बुनिरहेको हुन्छ–
बिदा, जसको मिति हुँदैन,
तर अर्थ हुन्छ –"बाँचेर फर्कनु" ।
जब ऊ घर फर्किन्छ,
उसका आँखामा एक युद्ध बसिरहन्छ –
कहिले हतियारले लडिएको,
कहिले आत्माले ।
उसका जुत्तामा हिउँ जमेको हुन्छ,
तर मुटु अझै तातो हुन्छ–देशका लागि ।
यो–त्यो नामविहीन छाया हो,
जसको निद्रा पनि
चन्द्रमाले चौकीदारी गर्ने गर्छ ।
सलाम ती वीरहरूलाई !
जो रातभर जाग्छन्
ताकि देश शान्तसँग सुत्न सकोस्,
जो आफ्नै घरबाट टाढा रही
हरेक घरलाई सुरक्षित राख्छन् ।

लोककथा

# उस्तै उस्तै



✍ **यशु श्रेष्ठ**

एउटा जङ्गलमा आठ हाते बाघ बस्थ्यो । ऊ धेरै जसो गोठालाहरू आउने बाटो ढुकेर बस्ने गर्दथ्यो । जब गोठालाहरूले बाख्रा लिएर आउँथे । ऊ लुकीलुकी बाख्राको पछिपछि जान्थ्यो । गोठालाहरूको आँखा छलेर बाख्रालाई च्याप्पै समाई आहारा बनाउँथ्यो । यसरी नै उसले पेट भरिरहेको थियो ।

सधैं एउटा एउटा बाख्रा हराएकाले, गोठालाहरू भने साह्रै चिन्तित थिए । 'कसले लैजान्छ होला बाख्रा ? कसरी हराउँछ होला खसी ?' उनीहरूले धेरै चियो गरे । तर अहँ, कहिले पनि थाहा पाउन सकेनन् । 'हामीले नै राम्रोसँग गोठाला नलागेर हो । अब चारैतिर फिजिएर गोठाला लागौँ । चलाख होऔँ । अनि हेरौँ, कसरी हराउँदो रहेछ बाख्रा !' उनीहरूले यस्तो निधो गरे । खुब चलाखीका साथ गोठाला लाग्न थाले ।

गोठालाहरू चलाख भएपछि बाघलाई आपत् पऱ्यो । जताबाट बाख्रालाई समाउन गए पनि, त्यहींनेर गोठाला हुने । गोठालाका आँखा छलेर उसले बाख्रालाई समाउनै सकेन ।

'अब म रातीराती बाख्राको खोरमै जान्छु । रात परेपछि त कसले देख्छ र ? खोरबाटै बाख्रा मारेर जङ्गलमा ल्याउँछु र खान्छु ।' बाघले यस्तो विचार गऱ्यो । दिनभर बाघ जङ्गलमै बस्यो । रात परेपछि त्यही बाख्राहरूको पछिपछि लागेर खोरनेर आयो । त्यहींको झाडीमा लुकी बस्यो । जब रात पऱ्यो, ऊ बाख्राको खोर भित्र पस्यो ।

त्यही रात चोरहरू पनि खसी चोर्न आए । 'अलि मोटो, ठुलो खसी चोर्न पर्छ है !' उनीहरूले सल्लाह गरे । अध्याँरोमा छामछाम छुमछुम गर्दै मोटो खसी छान्दै गए । उनीहरूले बाघलाई भेटे । 'आहा, यो चाहिँ ठुलो र मोटो रहेछ । ल, दाम्लो लगा लगा !' एउटा चोरले भन्यो । अर्को चोरले बाघलाई दाम्लोले बाँध्यो ।

'लौ न, गोठालाहरू त कति चलाख भएछन् । राती पनि बाख्रालाई नछोड्ने भए । मैले बाख्रा चोर्ने भएँ भनेर, मलाई नै दाम्लोले बाँधे । लौ न, कसरी उम्कने यहाँबाट ?' बाघ यस्तो सोच्दै डरले

थरथर भयो ।

चोरहरूले बाघलाई डोऱ्याउँदै आफ्नो घरतिर लगे । एउटा चोरले बाघलाई तान्दै थियो । अर्को चोरले 'अलि छिटो हिँड्' भन्दै पछाडिबाट ठेल्दै, लठीले हिर्काउँदै थियो । 'लौ, मलाई मार्ने भए !' बाघ डरले लुगलुग काँप्दै थियो ।

बाघलाई डोऱ्याउँदै घर लैजाने क्रममा रिमरिम उज्यालो भयो । पछाडिबाट धपाउनेले त बाघलाई प्रष्टै चिनिहाल्यो । 'आबुई, यो त बाघ पो रहेछ । लौ, अब बाघले मार्छ !' ऊ त्यहीँबाट कुलेलाम ठोक्यो ।

'किन हिँड्दैनस् ए खसी ! थाकिस् के क्या हो ।' अगाडिबाट तान्नेले पछाडिबाट धपाउनेलाई भन्यो, 'अलि पिटेर धपा न । बिहान हुन लागिसक्यो । छिटै घरभित्र हाल्नुपर्छ खसीलाई ।' पछाडिबाट धपाउने त अघि नै भागिसकेको थियो । 'हैन, किन बोल्दैन यो पछाडिको मान्छे ?' उसले पछाडि फर्किएर हेऱ्यो । पछाडि त अजङ्गको बाघ पो देख्यो । बाघ देखेर झन्डै बेहोस नै भयो । च्वाट्टै दाम्लो छोडेर ऊ भाग्यो ।

'बल्ल छुटकारा पाएँ । नभए त यो मान्छेले मारिहाल्थ्यो नि मलाई !' मान्छेको डरले बाघ पनि कुलेलाम ठोक्यो । बाघको डरले मान्छे कुलेलाम ठोक्यो, मान्छेको डरले बाघ कुलेलाम ठोक्यो । दुवै चोरले खोरको खसीबाख्रा लैजान पाएनन् । दुवै चोर, एकअर्कालाई देखेर डराए ।

अहिले पनि बाघ देखेर मान्छे डराउँछ, मान्छे देखेर बाघ डराउँछ । कतै यही कारण त होइन ? ♦♦♦

कविता

## हामी नेपाल प्रहरी



✍ **प्र.ना.नि. डिल्ली प्रसाद तिमल्सीना**

गाह्रो साह्रो पर्दा सबको मनमनमा विलम्ब नगरी
जनजनको घरदैलोमा पुग्ने हामी नेपाल प्रहरी
गाँसवास छाडिकन परिवारको वास्ता नगरी
रातदिन साँझ बिहान अघि बढ्छ नेपाल प्रहरी ।

जनताको समस्यालाई आफ्नै ठानी दौडिरहन्छ
शान्त समाज निर्माण गर्न मरुभूमिमा पौडिरहन्छ
दुरदराज गाउँदेखि सुन्दर सुन्दर विशाल नगरी
मोलमोलाई विना अघि बढ्छ नेपाल प्रहरी ।

हुरि बतास आँधिबेहरीको रत्तिभर पर्वाह नगरी
निष्पक्ष र समन्याय सिद्धान्तको अनुसरण गरि
जनता राष्ट्र समाजलाई राखि सर्वोपरि
अन्धकारलाई चिरी उज्यालो ल्याउछ प्रहरी ।

लम्किरहन्छ चम्किरहन्छ बढिरहन्छ आँधिसरि
हातमा हात मिलाई साथमा साथको लहर मिलाई
गन्तव्य र उद्देश्यलाई आफ्नो मूल मन्त्र सकारी
भिरपहरा विषम स्थितिमा निरन्तर नेपाल प्रहरी ।

संस्मरण

# जर्जटाउनः मलेसियाको सांस्कृतिक सहर



✍ **ईश्वर पोखरेल**

१९ अक्टोबर, २०२३ का दिन लगभग पाँच बजे हामी परिवारका चारै जना (कौशु, सम्यक, सार्थक र म आफै) मलेसियाको मलेक्काबाट मलेसियाकै पेनाङ्को जर्जटाउनमा आइपुगेका छौं । जर्जटाउन आउनका लागि पेनाङको बस टर्मिनलबाट फेरी (नौका) चढ्नु पर्ने रहेछ । आज बिहान सात बजेको आसपासमा मलेक्काबाट प्रारम्भ भएको हो–हाम्रो बस यात्रा। पेनाङको फेरी (नौका) टर्मिनलमा हामी बसबाट उत्रिदा झण्डै चार बजेको थियो। टर्मिनलबाट हरेक दश-दश मिनेटमा जर्जटाउनका लागि छुट्दो रहेछ– फेरी । यात्राका क्रममा क्वालालाम्पुरमा गरेको डिनरपछि बाटामा हामीले केही खाएका थिएनौं र बसबाट उत्रिदा हामी भोकाए जस्तै भएका थियौं। पहिले भोक मेट्ने कि काउन्टरबाट टिकट लिएर फेरीमा सिट ओगट्ने भन्ने विषय हाम्रासामु प्रश्न बनेर उभिएको थियो । हामीले दोस्रो विकल्प रोज्यौं । सार्थक दौडियो–फेरी काउन्टरतिर । र, केही समयपछि लिएर आयो– चारवटा टिकट।

मैले सानो उमेरमा फेरी (नौका) चढ्न पाएको थिएँ। त्यसको धुमैलो स्मृति छ– मेरो मानसपटलमा। बाँकी परिवारका तीनजना पहिलो पटक चढ्दैछन्– फेरी । परदेशमा हुन लागेको यो यात्रा अनुभवले हामी सबै रमाएका पनि छौं; डराएका पनि छौं। फेरीमा सिटमा बसेपछि आपत्कालमा अपनाउनु पर्ने सावधानी र त्यस्तो अवस्थामा उपयोगमा आउन सक्ने सामग्रीका बारेमा सामान्य जानकारी प्रसारण भयो । बस टर्मिनलबाट जर्जटाउनको फेरी टर्मिनलसम्म आइपुग्न लाग्ने समयावधि सामान्यतया २० मिनेट रहेछ।

युनेस्कोले जर्जटाउनलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेको रहेछ– ७ जुलाई २००८ मा। पेनाङ राज्य सरकार युनेस्कोको जर्जटाउनलाई विश्व सम्पदा सूचीमा राख्ने यस निर्णयलाई उत्सवका रूपमा लिएछ र सेप्टेम्बर २००९ मा पेनाङ राज्य सरकारले जर्जटाउनलाई भौतिक रूपमा फरक, अद्धितीय र छुट्टै विशेषतायुक्त पहिचान दिनका लागि 'मार्किङ जर्जटाउन' नामको अभियान प्रारम्भ गरेको रहेछ।

'मार्किङ जर्जटाउन' परियोजनाले जर्जटाउनलाई विशिष्ट तुल्याउन विविध कार्यक्रमहरू तर्जुमा गरेछ। तिनै कार्यक्रममध्ये एउटा रहेछ– 'स्ट्रिट आर्ट'। 'स्ट्रिट आर्ट'का लागि देशका विभिन्न क्षेत्रबाट कार्टुन स्टिल कलाका कलाकारहरूलाई जर्जटाउनमा आमन्त्रण गरिएछ र जर्जटाउनका सडकका भित्ताहरू जर्जटाउनको दैनिक जीवन र कथा श्रृङ्खलाका चित्रश्रृङ्खलाबाट झकिझकाउ पारिएछ । जर्जटाउनको सडकका भित्तामा दैनिक जीवन झल्काउने छ्यासछ्यास्ती 'स्ट्रिट आर्ट'मा हामी जर्जटाउनको फेरी टर्मिनलबाट बाहिर निस्के देखि नै रमाउन पाएका थियौं; यी 'स्ट्रिट आर्ट' पेनाङ सरकारको त्यस अभियानको उपलब्धि रहेछन् ।

स्ट्रिट आर्टका चित्रहरू सरल र बोधगम्य । तर कथा-श्रृङ्खलामा उनिएका। काठमाडौंका सडकमा पनि 'स्ट्रिट आर्ट' नदेखिने होइन; तर जर्जटाउनका 'स्ट्रिट आर्ट'मा विशिष्ट शैली देखा पर्ने । यहाँका 'स्ट्रिट आर्ट'मा प्राकृतिक र अलौकिक सौन्दर्य होइन; जनसामान्यका मानवीय क्रियाकलापलाई टिप्ने प्रयास भएको रहेछ; मानवीय क्रियाकलापमा अन्तर्निहित सौन्दर्यलाई प्राथमिकताका साथ चित्रण गरिएको रहेछ । 'स्ट्रिट आर्ट' हेर्दा स्टिल कलाका कलाकारले जर्जटाउनकै सडक वरपरका दृश्य हेरेर, तिनैलाई थपक्क टिपेर आफ्नो कलामार्फत् सडकका भित्तामा अङ्कित गरिदिए जस्तो लाग्ने। यी 'स्ट्रिट आर्ट'मा दिनदिनै सडकमा देखिने दृश्यहरू अङ्कित गरिदिएको भान हुने । यहाँका 'स्ट्रिट आर्ट'मा पाइने एउटा रमाइलो पक्ष यो भयो । र, अर्को रमाइलो पक्ष के भने, कतिपय 'स्ट्रिट आर्ट'मा पर्यटकलाई पनि त्यसको अङ्ग बन्न मिल्ने किसिमले आर्टमा भौतिक स्पेस दिइएको अनुभव हुने ।

जस्तै, भलिबल जस्तै खेल खेलेको दृश्यमा आफू पनि त्यही हाउभाउमा रहेर, झ्यालबाट हात लम्काएको दृश्यमा आफूले पनि हात लम्काएर र पिङ् रहेको दृश्यमा आफू पनि पिङ्मा बसे झैं गरेर दर्शकले सहगागिता जनाउन सक्ने रहेछ । यी 'स्ट्रिट आर्ट'मा केही यस्ता आर्ट पनि छन्; जहाँ दर्शकको सहभागितालाई सहज र अर्थपूर्ण बनाउन केही भौतिक वस्तुहरू नै राखिएका पनि छन् । जस्तै 'स्ट्रिट फुड' तयार गरेर बेच्न लागे जस्तो एक दृश्यको नजिकमा दर्शक/पर्यटक बसोस् भनेर एउटा ब्रेन्च नै राखिएको रहेछ । त्यस ब्रेन्चको प्रयोजन नै दर्शकलाई त्यसमाथि बसेर आफूलाई 'स्ट्रिट आर्ट'को अङ्गका रूपमा प्रस्तुत गर्न सकोस् भन्ने देखिने । त्यस्तै मोटरसाइकिल हाक्न लागे जस्तो अङ्कित 'स्ट्रिट आर्ट'मा दर्शक बस्न पुग्ने स्पेस छ।

पर्यटक/दर्शकलाई 'स्ट्रिट आर्ट'मा आफ्नो सहभागिता देखाउन जुन 'स्पेस' यहाँ दिएको देखियो; हामीलाई धेरै रमाइलो लाग्यो । जर्जटाउनका सडकको वारिपारिका 'स्ट्रिट आर्ट'का कलाकारको यस्तो मज्जाको कल्पनाशीलता देखेर हामी मुग्ध भयौं ।

'स्ट्रिट आर्ट'मा रमाउने क्रममा हामीलाई जर्जटाउन ढिलो आएको अनुभव पनि भयो । जर्जटाउनमा सेप्टेम्बर २००९ मा 'मार्किङ जर्जटाउन' अभियान प्रारम्भ भएको रहेछ । यी 'स्ट्रिट आर्ट' त्यही अभियानको एक महत्वपूर्ण हिस्सा रहेछन् । समयको यो लामो अन्तरालमा 'स्ट्रिट आर्ट'मध्ये कतिपय अब पुराना देखिन थालेका छन्; केही पर्खाल भत्किएर क्षतिग्रस्त भएका छन्; कतिपय 'स्ट्रिट आर्ट' मेटिए जस्तै देखिएका छन् । यी 'स्ट्रिट आर्ट'लाई हामीले चहकिलो स्वरूपमा अनुभव गर्न पाएनौं; यिनको चमकधमक हामीले हेर्न पाएनौं । हामीले 'स्ट्रिट आर्ट' पुराना र क्षतिग्रस्त भएपछि मात्र हेर्न पायौं ।

खुसी छौं; ढिलै भए पनि हामी यी 'स्ट्रिट आर्ट'बीच रमाउन पायौं ।

जर्जटाउनमा हाम्रो बसोबास हुने होमस्टे हो– 'नाइन्टीनाइन हेरिटेज हाउस' । यो होमस्टे वास्तुकला र सांस्कृतिक दृष्टिले महत्वपूर्ण क्षेत्रकै सन्निकटमा रहेछ । बौद्ध गुम्बा र वास्तुकलाका नमुना हेर्न टाढा गइरहनै नपर्ने । साँझमा अझ झकिझकाउ हुने रहेछ– जर्जटाउन । सपिङ मलमा खचाखच मानिसहरू, 'स्टिट फुड'मा झुम्मिएका युवायुवती; हस्तकलाका सामान बेच्न निस्किएका व्यापारी र तिनलाई पछ्याउने हुलकाहुल पर्यटक ।

जर्जटाउन आइपुगेको साँझ यहाँको रमझममा हामीले बस यात्राको थकान बिर्सियौं । साँझ राम्रैसँग छिप्पिएपछि मात्र हामी होमस्टेमा फर्कियौं ।

♦♦♦

**गजल**



✍ **विवेक दुलाल क्षेत्री 'दमक'**

आँखामा आए केही तस्विर धेरै पछि
तिमी बन्यौ मेरो मन्दिर धेरै पछि

कोही थिएन लायकको भनेर त्यहाँ
वातावरण देखियो पूरै स्थिर धेरै पछि

जब कसैको मुस्कान रोज प्रकट हुन्छ
कौमार्य भो अचानक अधिर धेरै पछि

आगो जतिकै रापिलो छ गरिबी गाथा
तब जिन्दगी हुन्छ जन्जिर धेरै पछि

सस्तोमा नतौल मेरो साथलाई प्यारी !
हाम्रो प्रेम नबनोस् मुसाफिर धेरै पछि ।

# सामाजिक सञ्जालले बदलिँदो पुस्ता



✍ रबिन्द्र कलौनी

जब म बिहान उठ्छु मेरो आँखाले मोबाइल फोन खोज्न थाल्छ । अनि मोबाइल हातमा परेपछि फेसबुक, मेसेन्जर, Instagram हुँदै टिकटकमा चिहाउँदै स्क्रोलिङ गर्दै जान्छु। अनि लाइक कमेन्टमा मुसुक्क मुस्कुराउदै नित्य कर्म गर्न जाँदा मोबाइल सँगै बोक्छु । यो सबैको दैनिकी हो किनकि हामी आजका पुस्ता हौं । आजका पुस्ताको बिहानी अघिल्लो पुस्ता जस्तो चराको चिरबिर वा सूर्योदयको किरणसँग नभई मोबाइल फोनको स्क्रिनको झिलिमिलि र नोटिफिकेसनको टिङटिङबाट सुरू हुन्छ।

बिहानको पहिलो घामको किरण झ्यालबाट पस्नु अघिनै युवाको दृष्टि आकाशतिर होइन, फोनको सानो स्क्रिनतिर ठोकिन्छ । निद्राले अझै पनि आँखालाई भारी बनाइरहेको बेला औलाको स्पर्श मोबाइलको स्क्रिनसँग हुन्छ, पहिलो संवाद नोटिफिकेशनसँग हुन्छ । जस्तो जस्तो बाहुन उस्तै उस्तै....भनेझै जताजता सामाजिक सञ्जालले हामीलाई डोऱ्याउछ हामी भेडाबाख्राझैं बाटो पछ्याउँदै जान्छौ र एउटा ठुलो खाडलमा माथि नै उक्लन नसक्ने गरि पुरिन्छौ । चाहे सहरका हुन या गाउँका, बालबालिका हुन वा वयस्क वा वृद्ध, महिला हुन वा पुरूष, जागिरे हुन वा फुर्सदिला हरेक मानिसहरूको हातमा मोबाइलका साथै इन्टरनेटको पहुँच र सामाजिक सञ्जालको प्रयोगले मानिसमा व्यस्तता बढाएको देखिन्छ । प्रविधि र सामाजिक सञ्जालले ल्याएको आमूल परिवर्तन हेर्दा त पक्कै पनि लाग्छ कि यो सब यथार्थ हो वा हामी कुनै सपनाको संसारमा बाँचेका छौ।

कम्प्युटर वा मोबाइलमा इन्टरनेट प्रविधि मार्फत आफूले प्राप्त गरेका वा सिर्जना गरेका विचार, फोटो, भिडियो आदानप्रदान गर्ने अनलाइन च्यानलहरूको सामूहिक रूप हो सामाजिक सञ्जाल । यो मानिसको अभिन्न अंगको रूपमा रहेको छ । २१औं शताब्दिको प्रविधिको युगलाई डिजिटल युग पनि भनिन्छ । विश्वको जनसंख्याको झण्डै ४० प्रतिशत जनसंख्या विभिन्न सामाजिक सञ्जालका प्रयोगकर्ताका रूपमा रहेका

छन् । सूचना प्रविधिको तिव्र विकाससँगै सामाजिक सञ्जाल हाम्रो दैनिकीको हिस्सा बनेको छ । फेसबुक, युट्युब, इन्स्टाग्राम, टिकटक, एक्स लगायतका माध्यमले विशेषगरी नयाँ पुस्ताको सोच, दृष्टिकोण र व्यवहारमा गहिरो रूपमा प्रभाव परेको छ । परम्परागत सामाजिक मूल्य र जीवनशैलीमा ठुलो भिन्नता ल्याउने यी माध्यमहरूले पुस्ताहरूबिचको सोच, सम्बन्ध र संस्कृतिलाई पनि पुनः परिभाषित गरिरहेका छन् । सामाजिक सञ्जालका माध्यमबाट संसारको कुनै पनि कुनामा हुने घटना, ज्ञान र नयाँ प्रविधिसम्म सहजै पहुँच पाउन सकिन्छ । यसले सोचलाई फराकिलो बनाउने, अन्तर्राष्ट्रिय दृष्टिकोण विकास गर्ने र समयमै घटनाको जानकारी लिन मद्दत गरेको छ ।

नेपालमा अधिकांश युवा विदेशमा रहेका छन् , यी विभिन्न सामाजिक सञ्जालले विदेशी भूमिमा रहेका युवा र घरपरिवारको सम्बन्ध र आत्मियतालाई जिवन्त राख्नुका साथै सन्चो विसन्चो र भलाकुसारी साटफेर भइरहेको छ । स्वदेश तथा विदेशमा रहेका परिवार, आफन्त र साथीभाइसँग सहजै सम्पर्क राख्न सकिने भएकाले सम्बन्धहरूलाई जिवन्त र प्रगाढ बनाएको छ । सामाजिक सञ्जाल र आधुनिक प्रविधि प्रति अनभिज्ञ रहेका दुर्गम क्षेत्रमा बसोबास गर्ने अभिभावक समेतले रातोले कल काट्ने र हरियोले फोन उठाउने सम्मको जानकारी छोराछोरीबाट पाएर आफन्तसँग जोडिएका छन् । सामाजिक सञ्जालको विकास नभएको भए यो सम्भव थिएन, पक्कै पनि सेतो कागजमा कोरिएका शब्दले यो जिवन्त भावना विरलै उत्पन्न गर्न सक्छ । जुन अडियो र भिडियो कलबाट जिवन्त भएको छ ।

आजका पुस्ताले आफ्नो कला, साहित्य, संगित, तस्बिर वा भिडियो साझा गरेर विश्वव्यापी रूपमा परिचित हुने अवसर पाएका छन् । धेरै युवाले यिनै माध्यमबाट रोजगारी पाउनुका साथै व्यवसाय सञ्चालन गर्ने अवसर पाएका छन् । साथै सामाजिक सञ्जालको प्रभावले वातावरण संरक्षण, लैङ्गिक समानता, अधिकार प्रति सचेत बनाउने र विभिन्न अभियान सञ्चालन गर्नमा टेवा पुगेको छ । सामाजिक सञ्जालको सहि जानकारी र सदुपयोगबाट १२ वर्षको व्यक्ति पनि करोडपति बन्न सक्छ । यो ज्ञान आर्जन, समाचार साटासाट र मनोरञ्जनको भरपर्दो साधन बन्दै गइरहेको छ । सामाजिक सञ्जाल आधुनिक पुस्ताको जीवनशैली, सोच र व्यवहारलाई रूपान्तरण गर्ने प्रमुख कारक बनेको छ भने यसले शिक्षित, सचेत, विश्वव्यापी र सिर्जनशिल पुस्ता निर्माण गर्न सहयोग पुर्याएको छ । सामाजिक सञ्जालले युवाहरूलाई विश्वभरका मानिसहरूसँग जोडिने अवसर

दिन्छ । सूचना र ज्ञानको आदानप्रदान सजिलो भएको छ । युवाहरू सामाजिक र राजनितिक गतिविधिहरूमा सक्रिय सहभागी हुन सक्छन् जसले उनलाई शसक्त बनाउँछ र यसका अतिरिक्त सामाजिक सञ्जालले नयाँ प्रतिभा र विचारको जन्म र प्रवर्धन गर्न मद्दत गर्छ ।

आजभोलि मोबाइल तथा इन्टरनेट अभिभावकहरूका लागि अध्ययन मात्र नभई बालबालिका फकाउने एउटा माध्यम बन्न पुगेको छ । आजभोलि अभिभावकले आफ्नो छोराछोरीलाई समय दिन नसक्ने, तर मोबाइल फोन र अन्य विद्युतीय सामग्री किनिदिने गरेका छन् । नानीहरूले ती सामग्रीहरू कसरी उपयोग गरिरहेका छन् भनेर चासो नराख्ने कारणले गर्दा बालबालिकाहरूमा मोबाइलको लत बसेर उनीहरूको शारीरिक तथा मानसिक वृद्धि विकासमा असर पार्नुका साथै उनीहरूको सिर्जनशिलतामा ह्रास, क्रियाशिलतामा कमी, छिटो कुलतमा फस्न सक्ने सम्भावना, रिसको नियन्त्रणमा कमी, एक्लोपनमा रमाउनु, समाजमा घुलमिल हुन नसक्नु, अध्ययन गर्न मन नलाग्नु जस्ता समस्या देखा परेका छन् । यति मात्र नभएर आमाको माया र मिठो बोलिले खाना खाने निदाउने बालबालिका अहिलेको समयमा मोबाइल फोनको विभिन्न कार्यक्रमहरू बिना नखाने, नसुत्ने भएका छन् । आजभन्दा २० वर्ष अगाडि एउटी आमा गर्व गर्थिन् जब एउटा बालकले आमा भन्थ्यो । आज आएर आमा गर्व गर्छिन् र सबैलाई भन्छिन्, मेरा साना केटाकेटी स्मार्ट फोन चलाउँछन्, गेम खेल्छन् र युट्युब हेर्छन् । धेरैजसो बालबालिका तथा युवाले आफ्नो अमूल्य समय बढि जसो सामाजिक सञ्जालमा बिताउँछन् जसले पढाई तथा व्यक्तित्व विकासमा प्रतिकूल असर गर्छ ।

विभिन्न रचनात्मक खेल केटा केटीको अन्य सदस्यसँगको अन्तरक्रिया आज आएर पातलिँदै गएको छ । हाल बालबालिकालाई मोबाइल रिल्स र भिडियो गेमहरू नै प्रिय हुँदै गएको अवस्था छ । युवाहरू घण्टौसम्म सामाजिक सञ्जालमा समय बिताएर आफ्नो अमूल्य समय खेर फालिरहेका छन् । कम्प्युटर तथा इन्टरनेटको विकासले साइबर अपराध बढिरहेको छ, जस अन्तर्गत केही आपराधिक व्यक्तिहरू क्रिप्टो करेन्सी, बेटिङ, ह्याकिङ, फिसिङ, साइबर बुलिङ, भाइरस आक्रमण, साइबर मानहानी, साइबर चोरी, सफ्टवेर पाइरेसि, प्रोनोग्राफी जस्ता गैरकानुनी काममा संलग्न रहेको अवस्था छ । सामाजिक सञ्जाले युवा पुस्तामा वास्तविक व्यक्तित्व भन्दा सामाजिक सञ्जालमा देखिने छविलाई बढी महत्व दिने र सामाजिक सञ्जालमा थुप्रै साथी बनाई लाइक र फ्लोअर्सको संख्यामा आत्मविश्वास र आत्म मूल्याङ्कन गर्ने प्रवृत्ति

बढ्दै गएको छ, जुन असान्दर्भिक रहेको छ । समस्या परेको समयमा कहिले पनि अनलाईनका साथीबाट साथ सहयोग पाउन सकिदैन । यसमा फैलने गलत सूचना, अफवाह वा भ्रामक समाचार छिट्टै भाइरल हुने, युवा पुस्ताले सेयर गर्ने र आफ्नो सोचलाई अस्वस्थ दिशातर्फ मोड्ने सम्भावना हुन्छ। तपाईँलाई थाहा छ प्रकाश भन्दा छिटो गति कसको हुन्छ ? यो हो सामाजिक सञ्जालमा हुने झुटो समाचार जुन चाँडो फैलिन्छ । यस समाजमा समाजिक सञ्जालको प्रयोग गर्ने युवाको यथार्थ बेग्लै छ, बाहिरबाट हेर्दा राम्रो, सुन्दा लोभ लाग्दो विकसित तर मुखौटो हटाएर हेर्दा तितो सत्य र विकराल लाग्दो यथार्थ रहेको छ।

सबै विषयवस्तु रियल हुँदैनन् र साँचो ठानेर आफूसँग तुलना गर्दा यसबाट तनाव सिर्जना हुन पुग्छ र सामाजिक सञ्जालको अत्याधिक प्रयोगले युवाहरूमा back pain, neck pain, eye stress, headache तथा अनिन्द्रा जस्ता विकराल समस्या निम्त्याउँछ। सामाजिक सञ्जालमा अपरिचित मान्छेसँग जोडिन्छन्, सबैसँग विश्वास गरेर आफ्नो निजी कुरा सेयर गर्छन् । यसले उनीहरूमा व्यक्तिगत सुरक्षा खतरा बढैर जान्छ।

आजको पुस्ताकी युवती छिटो विद्यालयबाट फर्किन्छे र सोझो केटो म भन्ने फ्रेन्ड रिक्वइस्ट एसेप्ट गर्छे। त्यसपछि अनलाइनमा अन्तरक्रिया गर्दै जान्छे। एकदिन घरमा आमाबुबा नहुँदा एक्लो महसुस गरि फिलिङ एलोन भन्दै आफ्नो लोकेसन सेयर गरेर स्टासस राख्छे । एकछिनमा ढोकामा घण्टी बज्छ, आमा बुबा आए होलान् भनेर ढोका खोल्दा त्यही मेसेज गर्ने केटा र उसको साथीको समूहबाट बलात्कृत हुन पुग्छे । यो घटना त एउटा प्रतिनिधि घटना मात्र हो । सामाजिक सञ्जालको सही तरिकाले प्रयोग नगर्दा आजको युवायुवतीहरू यस्ता विभिन्न घटनाका सिकार हुन पुगेका छन् ।

आजको समयमा प्रत्यक्ष भेटघाट कुराकानी र वास्तविक सामाजिक सम्बन्ध भन्दा भर्चुअल सम्बन्ध बढि प्राथमिकतामा पर्न थालेको छ। यसले परिवार साथीभाइ र समाजसँगको सम्बन्ध कमजोर बानाइरहेको छ। युवा पुस्तामा डिजिटल सोचको विकास हुन गई प्रायः सबै काम पढाई, किनमेल र मनोरञ्जन अनलाइनबाट गर्ने बानी बनाएका छन् । तत्काल र चाँडो परिणाम प्रतिको आकर्षणले गर्दा युवा पुस्तामा धैर्य, परिश्रम र दिर्घकालीन लक्ष्य भन्दा छोटो समयमा र कम परिश्रममा सफलता खोज्ने प्रवृत्ति बढेको छ । एकहोरो हुने, जिद्दी हुने, अपरिचित व्यक्तिको सम्पर्कमा पुग्ने, आत्महत्या गर्ने र आपराधिक गतिविधिमा संलग्न हुने प्रवृत्ति बढ्दै गइरहेको छ।

परिवारमा पारिवारिक सरसल्लाह नभई सबै सदस्य मोबाइलमै घोप्टो पर्नाले परिवारिक मूल्यमान्यातालाई ओझेल पार्न थालेको छ । यसले प्रत्येक युवालाई एकलकाँटे, असामाजिक, आत्मकेन्द्रित बनाउन थालेको छ ।

सामाजिक सञ्जाल प्रयोग गर्दा के कुरामा ख्याल गर्ने, कसरी चलाउने, यसले भोलिका दिनमा निम्त्याउन सक्ने जोखिम के हुन भन्ने कुरा बुझ्न अति जरूरी छ । बालबालिकाहरूमा सामाजिक सञ्जाल तथा इन्टरनेटको लत तथा यसको गलत प्रयोगबाट रोक्नका लागि सर्वप्रथम अभिभावक नै सचेत र सजग हुनुपर्छ ।

सामाजिक सञ्जालका फाइदाहरूको सदुपयोग गर्दै चुनौतीको सामना गर्न तटस्थ र सकारात्मक सोचको विकास गर्न महत्वपूर्ण छ । युवा वर्गले समाजमा सकारात्मक परिवर्तन ल्याउन र सामाजिक सञ्जाललाई सहि दिशा दिन सक्षम हुनुपर्छ । यसरी युवा वर्ग र सञ्जाल बिचको सम्बन्धले भविष्यको दिशा निर्धारण गर्नमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

सामाजिक सञ्जाल आधुनिक पुस्ताको जीवनशैली, सोच र व्यवहारलाई रूपान्तरण गर्ने प्रमुख कारक बनेको छ । यसले शिक्षित, सचेत, विश्वव्यापी र सिर्जनशिल पुस्ता निर्माण गर्ने सम्भावना बोकेको छ भने अर्को तर्फ अस्वस्थ प्रतिष्पर्धा समयको दुरूपयोग र मानसिक सन्तुलनको खतरा पनि बढाएको छ । वास्तवमा सामाजिक सञ्जाल बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिड हो । त्यसैले सामाजिक सञ्जाललाई सहि ढङ्गले प्रयोग गर्न सकियो भने नयाँ पुस्ताको सोचलाई सकारात्मक, सिर्जनशिल र जिम्मेवार दिशामा लैजान सकिन्छ ।

त्यसैगरी सामाजिक सञ्जालको नकारात्मक प्रभावले पुस्तामा भ्रम, निराशा र सतही जीवनशैलीतर्फ धकलिने सम्भावना पनि उत्तिकै छ । सामाजिक सञ्जालको नकारात्मक पक्षबाट बच्नको लागि सामाजिक सञ्जालमा सिधैँ पहुँच गर्न सकिने एपहरू डिलिट गर्ने, आवश्यक पर्दा क्रोम तथा ब्राउजरको प्रयोग गरि नोटिफिकेसन अफ गर्ने, साइलेन्टमा राख्ने तथा स्व-अनुशासन कायम गरि बिस्तारै प्रयोग घटाउने कार्य गर्न सकिन्छ ।

फुर्सतको समयमा योग गर्ने, साथीभाइसँग समय बिताउने, खेलकुदमा व्यस्त हुने तथा पुस्तक पढ्ने जस्ता सिर्जनात्मक काममा लाग्नु पर्छ । त्यसैले सामाजिक सञ्जालको प्रयोग र सन्तुलित र जिम्मेवारी पूर्वक गर्नुपर्छ । यसलाई सकारात्मक प्रयोजनका लागि प्रयोग गरियो भने, यो मानव जातिको लागि एक उपयोगी साधन बन्न सक्छ ।

♦♦♦

कथा

# महत्वाकाङ्क्षा



✍ गङ्गा कर्माचार्य पौडेल

एसइइ परीक्षाको नतिजा पत्रिकामा देख्ना साथ बिक्रम खुसी भए। उनले तुरुन्त घरमा फोन गरे "सुशीला तिमीले थाहा पायौ ? पवन एसइइ उत्तीर्ण भयो नि। यसै गरि ऊ अगाडि बढ्दै गएमा एकदिन छोरो डाक्टर बनेर ठुलो मान्छे भएको हेर्ने मेरो सपना पूरा हुनेछ।"

सुशीलाले जवाफमा भनिन् "मलाई पनि असाध्यै खुसी लाग्यो तर के गर्नु ? पढेर मात्र हुँदैन। ठुलो मान्छे बन्न ऊ भित्र विशेष गुण पनि हुनुपर्छ नि। कामको नाममा सिन्को भाँच्दैन। कोठा सफा गर्नु परे जावस् सुतेको ओछ्यान मिलाउँदैन। खाना बनाउनु डाँडा पारीको कुरो चिया पकाउन जान्दैन। यसो सिकाउन खोज्यो तपाईँलेनै पर्दैन भन्नुहुन्छ।"

"भैगो छोड यस्ता थाङ्ने गन्थन" ढ्याक्क फोन राखे बिक्रमले।

"बूढा रिसाए जस्तो छ। खुसीको बेला मैले यस्ता कुरा नगर्नु पर्ने। अघिपछि त छोराको विषयमा गुनासो गरेको मन पर्दैनथ्यो। हैन मैले नि के नराम्रो भनेको छु र। बालबालिकामा पढाइको साथै उमेर अनुसार व्यवहारिक ज्ञान पनि हुनु पर्छ नि। हाम्रो बुबाआमाले छोराछोरीलाई बराबरी पढाउनु भयो। काम पनि बराबर सिकाउनु भयो र त मेरो भाइ जे काम गर्न परे पनि पछि हट्दैन। उसले आफ्नो काम त गर्छ नै बुबाआमाको काममा पनि सहयोग गर्छ। यहाँ त छोरा मान्छेले घरको कामै गर्न हुन्न जस्तो गर्नु हुन्छ।" सुशीलाको मनमा यस्तै कुरा खेल्यो।

बिक्रम खुसी हुँदै हातमा मिठाइको बट्टा बोकेर साँझ घर पुगे। अनि छोरालाई नदेखेर सोधे सुशीला ! पवन खै ?

"साथीहरूलाई भेटेर आउँछु भनेर गएको थियो आइपुगेको छैन।"

"फोन गरेर बोलाउ न" हस भनेर सुशीलाले मोबाइल उठाउनै लाग्दा टुप्लुक्क आईपुग्यो पवन। ऊ अबिर र मालाले रातै भएको थियो। त्यसै माथि बिक्रम र सुशीलाले निधारमा रातो टीका थपिदिँदै पढेर डाक्टर बनी ठुलो मान्छे हुनु भनेर छोरालाई आशिर्वाद दिए।

केही दिनमै काठमाडौँका कलेजहरूमा धमाधम भर्ना खुलेको

विज्ञापनहरू टेलिभिजन, पत्रिकामा छ्याप्छ्याप्ती आउन थाल्यो । एउटा कलेजको विज्ञापन यस्तो थियो "सस्तो कलेजमा भर्ना गरेर आफ्नो छोराछोरीको भविष्यमाथि खेलबाड नगर्नु होस् । हाम्रो कलेज अरूभन्दा अलि महँगो छ । तर यहाँ पढेका विद्यार्थीहरू डाक्टर, इन्जिनियर र पाइलट बन्ने गारेन्टीसाथ भर्ना गरिन्छ । मौकाको फाइदा उठाउनु होस् ।" अरूभन्दा त्यो विज्ञापनले बिक्रमको ध्यान आकर्षित गऱ्यो । उनले यो कलेजमा पढेर छोरा डाक्टर भएको मनमनै कल्पना गरे अनि त्यसैमा भर्ना गर्ने निधो गरे । तापनि एकपटक पत्नीको सल्लाह लिन उचित लाग्यो ।

सुशीलाले भनिन्, पहिलो कुरो विज्ञापनमा भने जस्तो यथार्थमा नहुन पनि सक्छ । अर्को कुरो त्यस्तो महँगो कलेजमा पढाउने हाम्रो हैसियत कहाँ छ र ? तपाईँ एकजनाको कमाइ, त्यो पनि सुब्बा पदको कर्मचारीको तलबले काठमाडौँको महँगीमा डेरा भाडा तिर्नु कि ? घर खर्च गर्नु कि ? कलेजको शुल्क तिर्नु ? मेरी आमाले भन्नुहुन्थ्यो "घाँटी हेरेर हाड निल्न जानेन भने दुःख हुन्छ ।" मिहिनेती विद्यार्थीलाई कलेजले फरक पार्दैन । मेरो साथीको छोरीले सरकारी कलेजमै पढेर सरकारी कोटामै नाम निकालेर अहिले एमविविएस पढ्दै छिन् ।"

"मलाई सरकारी कलेजको पटक्कै भरोसा लाग्दैन । महँगो कलेजमा फि अनुसारको पढाइ राम्रो हुन्छ । पैसाको मुख हेरेर छोराको पढाइ बिगार्न हुँदैन बुझ्यौ । तिमी पैसाको चिन्ता नगर । म कमाइ हाल्छु नि ।" पत्नीलाई आस्वस्त पार्दै भने बिक्रमले ।

बाहिर बजारमा शैक्षिक चहल पहल खुबै बढिरहेको थियो । अभिभावक घरि कुन घरि कुन कलेजमा धाइरहेका थिए । पवनका साथीहरूको अविभावक पनि कलेजको खोजीमा थिए । तर ऊ पढ्ने कलेज सबैभन्दा महँगो भएका कारण कसैले पनि आँट गर्न सकेनन् ।

आफ्ना मिल्ने साथीहरू छुटेकोमा दुःखी भयो पवन । नयाँ कलेज, नयाँ परिवेश, नयाँ विद्यार्थीहरू देखेर सुरुमा अलि कस्तो कस्तो लाग्यो उसलाई । पछि विस्तारै अरू सँग घुलमिल हुँदै थियो । एकदिन कलेजमा विद्यार्थीको एक समूहले पवनलाई घेरा हाल्दै भने "तेरो नाम के हो ? बाउको नाम के हो ? तेरो बाउले के काम गर्छ ? पैसा कति कमाउँछ ? हामी जस्ताले पढ्ने कलेजको फिस तिर्ने हैसियत छ ? हामी कसका छोरा हौं थाहा छ तँलाई ? म भन्सारको हाकिमको छोरा, म नेताको छोरा, म मन्त्रीको छोरा, म सांसदको छोरा, म आभूषण व्यापारीको छोरा ।

उनीहरूको परिचय सुनेर पवन अलि हडबडाउँदै भन्यो "म..म...मेरो नाम

पवन । बुबाको नाम बिक्रम । उहाँ सरकारी कार्यालयमा सुब्बा हुनुहुन्छ ।"

एकजनाले प्याच्च भन्यो "ए ! घुस खाएर टन्न पैसा कमाउँछ होला त्यै भएर... । अर्कोले भन्यो तैले लगाएको लुगा साह्रै चिप छ यार भोलिदेखि यी मेरो जस्तो ब्राण्डेड लगाएर आइजा, अर्कोले भन्यो खै तेरो मोबाइल हेरौँ छ्या.. स्कुलकै रैछ । भोलि आइफोन लिएर आइज" । पवन घोसेमुन्टो लाएर सुनिरह्यो । त्यहीबेला एकजनाले भन्यो "आजलाई डोज पुग्यो छाड्दे यार । हिँड जाउँ ।"

उनीहरू गएपछि पवनले चारैतिर हेर्‍यो कोही देखेन । सबैजना कक्षाकोठा भित्र पसि सकेकोले बाहिर वातावरण शान्त थियो । तर पवनको मनमा भने आँधीबेरी चल्यो । ऊ खीन्न हुँदै लुरुलुरु गएर कक्षामा बस्यो तर पढाइमा ध्यानै गएन । उसले मनमनै भन्यो "स्कुलका साथीहरूले मलाई कति माया गर्थे । उनीहरू साथमा भएको भए यसरी केटाहरूले हेप्न पाउने थिएनन् । आज मलाई आफू नितान्त एक्लो भएको महसुस भएको छ ।"

पवनको हिँडाइमा कत्ति पनि फूर्ति थिएन । चार दिन ज्वरोले थला पारेर उठेको मान्छे जसरी लर्‍याङ्लुरुङ् गर्दै ऊ घर पुग्यो । छोराको त्यो गति देखेर सुशीलाले "के भयो ?" भनेर सोधिन् । टाउको हल्लाएर केही भाछैन भन्ने जवाफ दियो पवनले । उनले निधार छामिन् अलि तातो लाग्यो भिक्स दलिदिइन् । खाजा खाएर आराम गर्न भनिन् । मनमा भने नानाथरि कुरा खेल्न थाले "साथीसँग झगडा पो गर्‍यो कि ? पढाएको बुझेन कि ? सर मिसले गाली पो गर्नु भयो कि" इत्यादी ।

बिक्रम झमक्क साँझ पर्दा घर आइपुगे । उनको हातमा फलफूल, केक, ब्रेड, मम र पिज्जाको प्याकेटले भरिएको झोला थियो । पत्नीको हातमा झोला थमाउँदै उनले सोधे "पवन आएको छैन ?" "आइसकें ड्याडी ।" सुशीलाले जवाफ दिन नपाउँदै ममीको पछाडिबाट पवनले भन्यो । बेलुकाको खाना खाने समय भयो । बाबुछोरा डाइनिङ टेबुलनेरको एकुन्टा कुर्ची तानेर बसे । पवनको मुखतिर हेरेर बिक्रमले सोधे "के छ कलेजको हालखबर ? सब ठिक छ ?"

पवनले रुन्चे मुख लाएर भन्यो "कलेजका साथीहरू सबैले ब्राण्डेड जुत्ता र लुगा लाउँछन् । मेरो सर्ट तानेर" युआर चिप" भन्दै मलाई जिस्क्याउँछन् अनि सबैसँग आइफोन छ । उनीहरूका अगाडि म स्कुलदेखिको थोत्रो मोबाइल झिकेर देखाउन सक्तिन ।"

"मेरो छोरालाई चिप भन्ने उनीहरूको त्यत्रो हिम्मत ? अहिले नै दरबारमार्गमा लगेर नाम चलेका ब्राण्डको दामी लुगा र जुत्ता किनिदिन्छु । त्यसपछि

कसले चिप भन्दो रहेछ हेरौला म पनि" बिक्रम जङ्गीए । उनले तुरुन्त गोजीबाट मोबाइल झिकेर कल गरे । एकैछिनमा एउटा सिलित्त परेको चिल्लो कार आएर गेट अगाडि टक्क रोकियो । छोरालाई अघि लाएर उनी कार भित्र छिरे अनि दरबारमार्ग तिर हानिए ।

उनीहरू गएपछि सुशीलाको मनमा खुल्दुली मच्चियो । "त्यो कारमा आउने मान्छे को होला ? उसलाई यो भन्दा अगाडि मैले कहिल्यै देखेकी थिइन । उहाँका साथीहरू भए त चिनिहाल्थैं । पक्कै पनि दालमा कालो छ । यो बूढाको महत्वाकाङ्क्षाले एकदिन हामी सबैलाई डुबाउने भयो मलाई त्यस्तै लाग्छ ।"

सधैं साधारण पोसाकमा हुने पवन ठाँटिएर आएको देखि कलेजका केटाकेटीहरूले फर्की फर्की हेर्न थाले । उसलाई जिस्क्याउने समूहले पनि प्रशंसा गर्दै भने "अब तँ हामीसँग बस्न लायकको भइस् । एकजनाले भन्यो "तेरो बाउ मनकारी रैछ यार, अब बाइक पनि किनिदिन भन" । अर्कोले भन्यो "हो हो टिन यजमा मोज गर्नु पर्छ बुझिस् ? ला एकसर्को तान, भनेर चुरोटमा अलिकति अर्थोक पनि मिसाएर पवनलाई दियो । सुरुमा खाँकखाँक र खुँकखुँक गरे पनि विस्तारै उसलाई बानी पर्दै गयो ।

कलेजले घरि के घरि के शीर्षकमा बिल पठाउने गर्थ्यो । एकदिन त विद्यार्थीहरूलाई शैक्षिक भ्रमणका लागि सिंगापुर लैजाने, एडभान्स स्वरूप पाँचलाख बुझाउन र बाँकी हिसाब पछि गर्ने भनेर सूचना प्रकाशित गर्‍यो ।

सुशीलाले जिब्रो टोक्दै पतिलाई भनिन् "वाफरे त्यत्रो रकम काहाँ पाउनु ? तपाईंले छोराको अगाडि आफ्नो हैसियत किन लुकाउनु हुन्छ ? भनिदिनुस् साफ साफ कुरा यति धेरै रकम खर्चेर सिंगापुर पठाउन सकिदैन भनेर । उसले कुरा बुझी हाल्छ नि । अचेल मलाई उसको चाला माला नि अलि ठिक लागिरा छैन । कलेजबाट अबेर फर्किन्छ । मुखबाट ह्वास्स चुरोट अनि अरूथोक के केको गन्ध पनि आउँछ । त्रैमासिक परीक्षमा तीन विषय लागेछ । मेरो कुरा तपाईं पत्याउनु हुन्न । एउटा कानले सुन्यो अर्को कानले उडाउनुहुन्छ । मैले भनेको उसले टेर्दैन । तपाईंले नै सहि मार्ग निर्देशन गर्नुस् । अनि सुन्नुस् तपाईंले पनि अरूका अगाडि शिर निहुराउनु पर्ने केही काम नगर्नु है मैले भन्द्याछ । समयमै सचेत नभए पछि पछुताउनु पर्ला ।"

"कति कचकच गर्न सक्छ्यौ तिमी ? सन्तानको नाममा त्यै एउटा छोरो छ । ऊ दुःखी भएको म हेर्न सक्तिन । उसको खुसीनै मेरो खुसी हो । उसको खुसी र पढाईको लागि म जे गर्न पनि तयार छु । सबैजना गएको ठाउँमा मेरो छोरालाई मात्र

किन नपठाउने ? रकमको व्यवस्था म गरिहाल्छु नि । तिमी किन चिन्ता गर्छ्यौ ?"

हिजो आज बिक्रमको बारेमा अफिसका कर्मचारीहरूबिच कानेखुसी चल्न थालेको छ । कसैले भन्छन्" बिक्रमले खुब पैसा खर्च गरिराछ। खर्चको मामिलामा ऊ हामी भन्दा निकै अघि बढि सक्यो । हैन आम्दानी पो कसरी गर्छ ? अर्कोले भन्यो" त्यो मान्छे नै महत्वाकाङ्क्षी लाग्छ मलाई।"

एकदिन क्यान्टीनमा खाजा खान जम्मा भएको बेला एकजनाले प्वाक्क भनिहाल्यो। हैन बिक्रमजी ! तपाईंलाई देख्दा इर्ष्या लागेर आउँछ। एउटै पदका हामी, तपाई ठाँटले हिँड्नुहुन्छ। सबैभन्दा महँगो कले जमा छोरा भर्ना गर्नुभा छ । आफ्नो चाहिँ सधैं घरखर्च पुऱ्याउन नि धौधौ पर्छ।"

"जहाँ ईच्छा त्यहाँ उपाय" मुसुमुसु हाँस्दै जवाफ दिए बिक्रमले । पहिलो पटक बोइङ् जहाजमा चढ्दा पवन निकै उत्साहित भयो। ऊ एरपोर्टबाट होटलमा पुग्नासाथ फुरूङ्ग् पर्दै घरमा फोन गरेर भन्यो "ड्याडी ! ममी ! वाओ ! इट्स भेरी ब्युटीफूल, अमेजिङ्ग"

छोरा खुसी भएको थाहा पाएर बिक्रमको मनमा एकै पटक चारओटा चन्द्रमा उदाएको महसुस भयो । उनले "इन्ज्वाइ ए लट माइ सन"भन्न भ्याएका मात्र थिए । ढोकाबाट ट्वाक् ट्वाक् आवाज आयो । सुशीलाले झटपट ढोका खोलिन्। दुइजना प्रहरीहरू ह्वात्तै भित्र पसे। बिक्रमको हातमा पक्राउ पुर्जी थमाउँदै भने "हामी तपाईंलाई लिन आएका । हिँड्नुस् सुब्बा सहेब।" ◆◆◆

## मुक्तक



✍ **कल्पना मरासिनी**

चढ्दै गर्दा म सफलताको सिंढी तिमी जल्दै गर्नू
निहुरिएर उनैको सामु सधैंभरि हात मल्दै गर्नू
कि आफै जान्नु कि भनेको मान्नु सुनेकै त हो नि,
स्वेच्छाले जता बढ्छन् पाइला, दिशा बदल्दै गर्नू।

सिरसिर हावामा नाच्छन् ती पातहरू हरपल
एकसुरमा बगिरहेछ पानी, आवाज कलकल
प्रकृति सुन्दैन कसैको, मस्त छ आफ्नै तालमा
न कुनै हल्ला, न देखासिखी, न कुनै छलफल।

हृदयको द्वार यो सजाई गयौ
सम्झेर बाटो हेर्ने बनाई गयौ
दैव या जादुगर को थियौ तिमी,
रहस्यको पर्दा नउठाई गयौ ।

छरपष्ट भइदियो विगत लुकाउन सकिएन
समयका ती सबै जरुरत लुकाउन सकिएन
चिम्लिएर आँखा भरमग्दुर प्रयास गर्दा पनि
सहेकै हो दुखाई तर खत लुकाउन सकिएन।

निबन्ध

# हाम्रो घरः 'ट्रान्जिट प्वाइन्ट' !



✍ इन्द्रकुमार श्रेष्ठ

हामी गाउँले मान्छे । शास्त्रमाथि हाम्रो अगाध विश्वास छ । 'अतिथि देवो भवः'– पाहुना देवता हुन् । यो मन्त्र जपेर हुर्किएका हामीले गाउँमा पाहुनाको आगमनलाई सधैँ शुभसाइत मान्थ्यौँ । घरमा नयाँ मान्छेको पाइला पर्नु भनेको आशीर्वाद र उत्सवको सङ्केत हुन्थ्यो । तर समय बदलियो, ठाउँ बदलियो र त्यो प्राचीन मन्त्रको अर्थ पनि उपत्यकाको यो साँघुरो डेरामा आइपुगेर खिया लाग्यो कि जस्तो लाग्छ । आज म एउटा असह्य आधुनिक द्वन्द्वको बीचमा उभिएको छुः एउटा काँधमा हाम्रो पूर्वीय संस्कारको भारी छ, जसले पाहुनालाई हृदयदेखि स्वागत गर्न भन्छ; अर्को काँधमा छ पाश्चात्य जीवन शैलीको कठोर वास्तविकता, जसले हरेक सेवा, श्रम र समयको अदृश्य मूल्य जोड्छ । गाउँले समाजको निःस्वार्थ प्रेम यहाँ आउँदा 'उपलब्ध सेवा' मा परिणत भएको छ ।

गाउँबाट सहरमा बसाइँ सर्ने सपना देख्दा हामीलाई लाग्थ्यो- अबका दुःखका दिन सकिए । हाम्रा छोराछोरीले राम्रो शिक्षा पाउनेछन्, जीवनस्तर उकासिनेछ । तर हामीले यो बिर्सेछौँ कि उपत्यकाको यो सानो घर हाम्रो परिवारको मात्र आश्रय होइन रहेछ, यो त गाउँभरिका लागि एउटा अस्थायी 'ट्रान्जिट प्वाइन्ट' पनि रहेछ । यो घर अहिले हाम्रो नियन्त्रणमा छैन, यो त सामूहिक गाउँको 'सामुदायिक विश्राम गृह' जस्तो भएको छ ।

गाउँमा हुँदा पाहुना आउँथे, उनीहरू आत्मीयता र सम्मानका साथ भेट्न आउँथे । सिजनअनुसारको फल, पूजाको प्रसाद लिएर आउँथे । भेटघाटमा हृदयको गहिराइ हुन्थ्यो, जहाँ लेनदेनको हिसाब हुँदैनथ्यो । एक छाक सादा खाना खान्थे, बढीमा एक रात बिताएर फर्किन्थे । तर, यो सहरमा त पाहुनाको आगमन एउटा प्रशासनिक कार्यसूची बनेर आउँछ । कसैलाई विदेश जानु छ, फ्लाइटको एक-दुई दिनअघि सिधैँ हाम्रो ढोकामा । गाउँबाट 'उर्दी' आउँछ, "भतिजालाई एअरपोर्टसम्म पुऱ्याएर बिदा गरिदिनु पऱ्यो ।" विदेशबाट कोही फर्किंदा पनि फोन आउँछ, "हाम्रो छोरालाई लिन एकैछिन एअरपोर्ट गइदिनु पऱ्यो ।" स्वदेश भित्रिनेलाई स्वागत र

बाहिरिनेलाई बिदा– यी एकतर्फी कर्तव्यले मलाई 'घरको मालिक' होइन, 'उपलब्ध सेवक'को अनुभूति दिन्छ । मेरा कति दिनका महत्वपूर्ण कामहरू यसरी छुट्छन्, त्यसको हिसाब किताब कसले राख्ला र ? एअरपोर्टको सेवाले मात्र हाम्रो कर्तव्य पूरा हुँदैन, पाहुना उपत्यका घुम्न आएका छन् भने म घरको मालिक होइन, 'उपत्यका पारिवारिक पर्यटन बोर्ड'को मानार्थ गाइड भएको छु, मेरा घुम्ने दिनहरू पाहुनाको सेवामा बित्छन् । व्यापार गर्ने नातेदारहरू होलसेलबाट सामान किन्न आउँदा उनीहरूका सामानले कोठा भरिन्छ– घर, घर होइन, अस्थायी गोदाम बन्छ । फर्किने बेलामा, सकी-नसकी सामान बोकेर पर चोकसम्म पुऱ्याइदिनु पनि पऱ्यो । कलेजमा पढ्न नाम निकालेकाहरूका लागि कोठा खोज्ने, होस्टल बुझ्ने र तिनको बन्दोबस्त नभएसम्म आफ्नैमा पाहुनो बनाएर राखिदिने काम पनि हाम्रै हो । जागिरको अन्तर्वार्ता दिन आएकालाई आफू बैठक कोठा वा भान्सामा सुतेर भए पनि शान्त वातावरणको आफ्नै कोठा दिनैपर्छ ।

सबैभन्दा मर्मस्पर्शी कुरा त खाने कुराको छ । गाउँमा तरकारी टिप्नु, दुध दुहुनु सामान्य थियो । तर यहाँ सहरमा त पानीसमेत किन्नुपर्ने भएको हुँदा, पाहुनालाई खानापिनाको लागि हुने खर्च मेरो मासिक बजेटको ठुलो हिस्सा बन्छ, जसले शून्य बचतको अवस्था सिर्जना गरेको छ । पाहुनाहरूको खानामा 'रोजी र छाडी'को सिलसिलाले ५५ वर्षे मेरी श्रीमतीलाई गाह्रो भएको होला, सोच्दा मन कुँडिन्छ । हामी शाकाहारी, योग गर्ने जोडी– दाल, भात, जाउलो र हलुका खाना खाने बानी परेका । तर पाहुना आएपछि त 'विभिन्न परिकारसहितको खाना' बनाउनै पऱ्यो । सबैभन्दा ठुलो पीडा मासुको नै छ । हामी मासु नखाने भए पनि, 'सामाजिक लाज'को डरले मासु पकाउन बाध्य हुन्छौँ । कति वर्षमा एक दिन बल्लबल्ल आउने पाहुनालाई मासु खुवाएन भने गाउँमा हल्ला नै फैलिन्छः "त्यसका घरमा एक छाक खाँदा पनि मासु खुवाएन रे ! लोभले गर्दा बूढाबूढीले नै मासु खान छोडेका रे !" यो लाज र इज्जतको प्रश्न बन्न पुग्छ । कोही कोहीले त बाटोमा आउँदाआउँदै फोन गरेर भन्छन्, "मासु नभई म खाना खान्नँ नि !" यस्तो सुन्दा लाग्छ, हामीले सेवा होइन, 'सामाजिक ऋण' तिरिरहेका छौँ । हामी घर होइन, होटल चलाइरहेका छौँ ।

पाहुनाका कारण शारीरिक र आर्थिक बोझ त हुने नै भयो, यीभन्दा बढी त मनमा लाग्ने पीडा असह्य हुन्छ । पाहुनालाई देवता मान्ने हाम्रो संस्कृति भए पनि उनीहरूले हाम्रो घरको शान्ति र स्वच्छतालाई नै अपवित्र पारिदिन्छन् । कतिपय पाहुनाहरू फोहोर

टेकेको जुत्ता लाएरै सिधैँ माथिल्लो तलामा आइदिन्छन् । पसिनाले गन्हाएको शरीरले कोठाभरि फोहोर पार्छ । मोजा लगाएका खुट्टासहित ओछ्यानमा सुत्छन् । गन्हाउने मोजासहितको गोडालाई शिर अड्याउने सिरानी ! युटुबमा ठुलोठुलो स्वरमा गीत बनाएर डिस्टर्ब गर्ने, नेटको पासवर्ड पाएपछि कुर्सी हुँदाहुँदै ओछ्यानमा लमतन्न सुतेर मोबाइल चलाउनुपर्ने ! कस्तो सोमत होला ! तर जे गरे पनि भन्न केही पनि भएन- 'अतिथि देवो भवः' । कसैले चुरोट खाएर घरभित्रको वातावरण नै फोहोर पारिदिने । कोही खैनी खाएर जथाभावी थुकिदिने ! धारा बन्द गर्न बिर्सिदिने । ट्वाइलेट प्रयोग गरेपछि नबगाइदिने । यी सानातिना कुराहरू भन्न पनि 'इज्जत'को डरले लाज लाग्ने, नभनौँ भने घरको हालत बिग्रिने । घर त धेरैको छ रे ! तर बस चढ्न हाम्रैबाट नजिक रे ! हामी ज्ञानी छौँ रे ! ज्ञानी हुनुको मूल्य घरको शान्ति गुमाउनु रहेछ । हामी केही पनि बोल्दैनौँ । कहिलेकाहीँ लाग्छ-हाम्रो यो उपत्यकाको घर, 'घर' होइन– गाउँलेहरूलाई सहरसँग जोड्ने एउटा 'चौबाटोको धर्मशाला' मात्रै हो ।

कहिलेकाहीँ श्रीमतीजीका हात हेर्छु । उनका औँलाको छाला पानीमा भिज्दा भिज्दा चाउरी परिसकेको छ । पहिला पनि गाउँमा धेरै नै दुःख गरेकी हुँदा उनको उमेर अब आराम गर्ने बेला भइसक्यो, तर उनी पाहुनाको सेवासँगै घर र बाहिरको काममा तावाको फुरौला झैँ उफ्रिरहेकी हुन्छिन् ।

मलाई थाहा छ, मेरा यी गुनासाहरू पढ्नेमध्ये धेरैलाई कठोर लाग्न सक्छन् । तर यो मेरो गुनासो आदरणीय पाहुनाप्रति होइन, यो त सहरको जीवनशैलीप्रति हो, जसले पूर्वीय संस्कारलाई पश्चिमा 'उपयोगितावाद'को जाँतोमा पिसेर सबै मानवीय सम्बन्धहरूलाई लेनदेनको हिसाबमा बदलिदिएको छ । पाहुना देवता हुन्, तर देवताहरू यति धेरै सङ्ख्यामा र यति लामो समयसम्म हाम्रो घरमा निवास गर्न आउँदा हामी साधारण मान्छेहरूको 'स्वर्ग' खोसिएको छ । गाउँबाट आएका ती पाहुनाहरूले सहरको कठिनाइ बुझ्दैनन्, र सहरमा बस्न थालेका हामी गाउँको त्यो सहज आशा, विश्वास र निःस्वार्थ प्रेमलाई सम्मान गर्न नसक्ने अवस्थामा पुगिसकेका छौँ । हामी एउटा दोबाटोमा छौँ जहाँ संस्कार र सुविधाबीच ठुलो खाडल छ ।

पाहुना आऊन्, अवश्य आऊन्, तर उनीहरू आफ्नो एक दिनको आवश्यकतालाई हाम्रो कैयौँ दिनको थकाइ र आर्थिक भार नबनाऊन् । हाम्रो घर पाहुनाका कारण पवित्र र स्वर्ग बनोस् तर धर्मशाला होइन । पाहुनाका साथमा रमाएर हामी यो घरमा आत्मसम्मान र शान्तिका साथ बस्न पाऔँ । यत्ति मात्र कामना छ ।

◆◆◆

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०४५ साल अङ्क, ६ को **प्रहरी द्वैमासिक प्रकाशनमा** प्रकाशित **प्र.ह. डिल्लीप्रसाद तिमिल्सिनाद्वारा लिखित 'प्रहरी गश्तीको आवश्यकता र महत्व'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

*-सम्पादक*

गश्ती शब्दलाई अंग्रेजीमा पेट्रोलिंग भनिन्छ । नेपालीमा गश्तीको सामान्य शब्दिक अर्थ परिभ्रमण वा घुमफिर भन्ने बुझिन्छ । आफ्नो कार्यक्षेत्र वा अधिकार क्षेत्र ईलाकाहरूमा घुमफिर गरी त्यहाँको विस्तृत वस्तुस्थिति जानकारी हासिल गर्नु प्रहरीको लागि मात्र होइन कुनै पनि राजनीतिक, सामाजिक वा प्रशासनिक क्षेत्रमा कार्यरत जिम्मेवार व्यक्तिहरू र व्यक्ति विशेष रूपमा समेत घुमफिर गर्नु प्राचीन कालदेखि वर्तमान अवस्थासम्म अद्यावधिक विद्यमान छ । प्रहरी जीवनमा सामान्य कुराको जानकारी राख्नु देखि लिएर ठूला ठूला दैवी दुर्घटना, अपराध नियन्त्रण, घटित अपराधको सफल अन्वेषण र शान्ति सुरक्षा अमन चैन कायम गर्नमा समेत प्रहरी गश्तीको महत्वपूर्ण स्थान छ ।

विभिन्न ईकाइहरूमा विभाजित प्रहरी कर्मचारीहरू आ-आफ्नो कार्यक्षेत्र (ईलाका) भित्र परिभ्रमण (घुमफिर) गर्नु नै प्रहरी गश्ती हो र आ-आफ्नो कार्यक्षेत्र भित्र सुव्यवस्थित एवं योजनावद्ध रूपमा नियमित प्रहरी गश्ती गराउनु पर्दछ । प्रहरी गश्तीलाई आजको विज्ञान र प्रविधिले पनि परम्परागत रूपमा खास केही प्रभावित गर्न सकेको छैन । बरू केही सहायक प्रकृयाहरूको मिश्रणबाट गश्तीको महत्वलाई अझै अगाडि बढाइरहेको महसूस हुन्छ ।

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.सं.२०५२ साल फाल्गुन ८ गते नेपाल प्रहरी प्रधान कार्यालयमा केन्द्रीय महिला सेल रहने गरी र फाल्गुन १६ गते Pilot Project को रूपमा काठमाडौं, ललितपुर, कास्की र मोरङ जिल्लाहरूमा महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र (तत्कालीन महिला सेल) को स्थापना गरिएको थियो ।

➲ वि.स. २०८२ कात्तिक २ गते पूर्वी नवलपरासी, प्रहरी कल्याण कोष पेट्रोल पम्प कावासोतीको उद्घाटन भएको थियो ।

➲ वि.स. २०८२ कात्तिक ११ गते भक्तपुर, प्रहरी प्रभाग नगरकोटको नवनिर्मित भवन उद्घाटन भएको थियो ।

**संकलनः- प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**परिवर्तित नाम ५१(ख) पिपराको जाहेरीले नेपाल सरकार विरुद्ध मोहम्मद अलि मनिहार, (ने.का.प. २०८१ अंक ९ नि.नं. ११३५०, जबरजस्ती करणी)**

कानुनमा अन्य नाताको व्यक्तिका बिचमा करणी गर्नेलाई सजायको व्यवस्थासमेत हाडनाता करणीको महलमा गरेको देखिएको र आफ्नै श्रीमतीले अघिल्लो लोग्नेबाट जन्मिएको छोरीलाई साथमा ल्याई सँगसाथै बसेको र संरक्षकत्वसमेत प्रदान गरेकोमा आफ्नै छोरी नभए तापनि सँगसाथ ल्याएकी आफ्नै श्रीमतीको छोरीलाई करणी गरेको अवस्थामा अन्य नाताका बिचमा करणी गरेको मान्नुपर्ने । यसरी आफ्नै सँगसाथ तथा संरक्षकत्वमा बस्ने आफ्नै श्रीमतीले अघिल्लो लोग्नेतर्फबाट जन्मेका छोरीलाई करणी गर्दा हाडनाता हुँदैन भन्नु कानुनको सही र सान्दर्भिक व्याख्या हुन नसक्ने । सौतेनी आमा छोराबिच करणी भएकोमा कानुनको व्याख्या भएको तर सौतेनी छोरीका हकमा कानुन मौन भएकोमा मुलुकी ऐन, हाडनातामा करणी गर्नेको महलको २(४) नं. मा भएको अन्य नाताभित्र सौतेनी बाबु छोरी परेको अर्थमा बुझ्नुपर्ने ।

**संकलनः– प्र.व.ना.नि. प्रमोद उपाध्याय पण्डित**




**छोरा** : मम्मी तपाईंलाई त्यो प्लेट याद छ ? जुन प्लेटको बारेमा हजुर सधैं टेन्सनमा रहनु हुन्थ्यो कि कहीं प्लेट फुट्ने त हैन भनेर।

**मम्मी** : याद छ छोरा, तर किन र ?

**छोराः** मम्मी, सम्झिनुस् आज देखि तपाईंको टेन्सन समाप्त भयो ।

♦ ♦ ♦

**दिपक आफ्नो साथीसँगः** हे भगवान यो मोबाइलले त मलाई कङ्गाल बनाउने भयो ।

**साथी** : किन र ?

**दिपकः** बारम्बार देखाउछ, बेट्री लो बेट्री लो । अहिले सम्म २५ वटा बेट्री फेरिसके ।

♦ ♦ ♦

**शिक्षक** : (कक्षामा प्रवेश गर्दै) हिजो मैले दिएको पाठ पढेर आयौ ?

**विद्यार्थी** : आयौ सर

**शिक्षक** : राम तिमी भन त बहादुर शाहको पालामा नेपालको सिमाना कहाँ देखि कहाँ सम्म थियो ?

**राम** : किताबको पेज ३ देखि ८ सम्म सर ।

**संकलनः– प्र.ज.अभिन गुरुङ**